
# शुभारम्भ



## गोविन्द भट्ट

अध्यात्मवाद तथा भौतिकवादको तुलना तथा व्याख्या गर्दा युद्धप्रसाद मिश्रले औँल्याउनुभयो, 'हाम्रा पुराना शास्त्र र साहित्यमा पनि द्वन्द्ववाद पाइन्छ। कुनै न कुनै रूपमा त्यससम्बन्धी सिद्धान्त अघिदेखि नै थिए तर तिनमा स्पष्टता थिएन। कार्लमार्क्सले पहिलोपटक त्यसलाई समाजमा प्रस्तुत गरेर सामाजिक परिवर्तनको हतियार बनाए। उनको महान् र अविस्मरणीय देन यही नै हो। समाजमा वर्गहरू भएकाले सबै कुराहरूमा वर्गीय छाप हुन्छ। त्यही अन्तरिक द्वन्द्व र वर्गसङ्घर्षले गर्दा समाज सदा गतिशील रहन्छ। बाकसमा पट्याएर राखेको लुगा बिस-पच्चिस वर्षपछि आफैँ मक्किएर जान्छ। कुनै कुरा शाश्वत छैन। पुरानोको ठाउँ नयाँले लिइरहन्छ।

कवि मिश्र बडो तर्कपूर्ण प्राचीन वेद पुराणका सूत्र र पात्रपात्रीहरूको मिहिन चिरफारद्वारा भौतिकवादी व्याख्या गर्न अनि आफ्ना विचारलाई स्पष्ट, सरल र व्यवहारिक दृष्टान्तहरूबाट सम्झाउन बुझाउन निपुण हुनुहुन्थ्यो भन्ने कुराको मैले एउटा साक्षात्कारमा अनुभूत गरेँथेँ। आफ्नो व्याख्यालाई निरन्तरता दिँदै उहाँले थप्नुभयो, 'हामीभित्र सामन्ती संस्कारको जरो धेरै भित्रसम्म गाडिएको छ त्यसैले हाम्रो बुद्धिले नमान्दा नमान्दै पनि त्यस संस्कारले हामीलाई तानिहाल्छ। यस द्वन्द्वलाई क्रमशः समाधान गर्दै जानुपर्दछ। हाम्रा पुराना शास्त्रअनुसार कुनै सुकर्म गरेमा मृत्युपछि पनि केही समय वा सधैँका लागि पुण्यलोकमा बस्न पाइन्छ भनेको के हो ? त्यसको अर्थ अर्कै छ। जनताका लागि राम्रो कामकुरा गर्नेहरू मरेर गइसकेपछि पनि इतिहासमा ससम्मान बाँचिरहन्छन् भनेको होइन र त्यो ? अणुभन्दा सानो, आकाशभन्दा विशाल भनेर ब्रह्मको व्याख्या गरिन्छ। त्यो त यो भौतिक ब्रह्माण्डकै सूक्ष्म अनि विराट रूपको अभिव्यक्ति हो, अध्यात्मवादीहरूले त्यसलाई ईश्वरको कल्पनामा लगेर मिसाइदिए! विज्ञानले भन्छ, 'एउटा मात्र भौतिक जगत् छ र त्यो सदा द्वन्द्वमय र गतिशील छ। सङ्घर्ष त सृष्टिदेखि नै सुरु भयो र अहिले पनि चलिरहेकै छ। यसरी थोरै समयमा सङ्क्षेपमै भए पनि साहित्य, दर्शन, सौन्दर्यशास्त्र आदि विषयमा मिश्र परिष्कृत विचार सम्प्रेषण गर्नुहुन्थ्यो।

*-गोविन्द भट्ट (युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठानद्वारा प्रकाशित युद्धप्रसाद मिश्र संस्मरण विशेषाङ्क 'युद्ध ३' मा समाविष्ट 'युद्ध, आगो र युद्धको सौन्दर्यशास्त्र' शीर्षकको आलेखबाट साभार)*

❖ सम्पादकीय

# समाजवादको यात्रा कि ढुङ्गेयुगको पुनरावृत्ति !

हिजोको शासनव्यवस्था गलत थियो, जनविरोधी थियो, जनताका हकअधिकार कुण्ठित थिए, समाजमा विभेद र शोषण व्याप्त थियो भनेर नै जनताले प्रजातन्त्रको अपेक्षा गरेका हुन्, प्रजातन्त्रको प्राप्तिका लागि बलिदान गरेका हुन् वा भनौँ राजनीतिक दलहरूलाई सहयोग गरेका हुन्, आन्दोलनमा सहभागी भएका हुन् । प्रजातन्त्रको आगमनसँगै जनतामा चेतनाको स्तर विकसित भयो र हुँदा हुँदा गणतन्त्रको युग भोग्दासम्म जनताका अपेक्षा पनि चुलिए । यो गणतान्त्रिक शासनव्यवस्थामा कुनै पनि प्रकारको विभद कोही कसैले सहनु, भोग्नुपर्दैन भन्ने अपेक्षा राखियो । यद्यपि यो शासनव्यवस्थाले पनि जनताका अपेक्षाप्रति यथोचित ध्यान दिननसकेको भने यथार्थ नै हो ।

जनतालाई केन्द्रमा राखेर शासन सञ्चालन गरिएन वा गर्नसकिएन भने प्रजातन्त्र, लोकतन्त्र वा गणतन्त्र जे भने पनि त्यस्तो शासनव्यवस्थाका प्रति जनतामा वितृष्णा वा निराशा पैदा हुन्छ नै । यो पनि यथार्थ हो । हिजो निरङ्कुशकालमा शासनसत्तामा हुनेले, समाजका शोषक सामन्तले गरिब, निमुखा, महिलालाई विभेद र शोषण कायम राखेको हुँदा त्यो कालरात्रि जनताका लागि प्रिय हुनसकेन, भएन । समाजमा भोगिएको विभेद, शोषण, अन्यायको अन्त्य होस्; निरङ्कुशताको समाप्ति होस् र जनताको शासन स्थापित होस् भन्ने अपेक्षा राखेर नै राजनीतिक दलको भूमिगत सक्रियता र आह्वानलाई पनि स्वीकार गरेर जनताले बलिदानी आन्दोलनमा आफ्नो सहभागिता देखाएका हुन् । नेपाली नारीहरू भनेका अर्काका घर जाने जात हुन्, वासनापूर्तिका साधन हुन्, घरमा काम गर्ने दासी हुन्, सन्तान उत्पादन गर्ने मेसिन हुन् भन्ने अत्यन्त निकृष्ट सोच, विचार, चिन्तन समाजले हुर्काएको र सोहीअनुसारको विभेदजन्य व्यवहार महिलाले भोग्नुपर्ने भएका कारण समाज पितृसत्तात्मक भयो र महिला विभेद तथा शोषणको सिकार भए भन्ने स्वीकार गरेर राजनीतिक दलले विभेदमुक्त, शोषणरहित, न्यायपूर्ण समाज स्थापित गर्छौँ भन्ने आश्वासन दिएका, भरोसा दिलाएका कारण नै नेपाली माटोमा गणतन्त्र स्थापना गर्दासम्म सम्पूर्ण नेपाली महिलाको बलिदानी सहभागिता भएको कुरामा दुई मत नै छैन । अर्थात् हिजोको कालरात्रि वा ढुङ्गेयुग फेरि भोग्नु वा व्यहोर्नु नपरोस् भन्ने अपेक्षा सम्पूर्णमा मिसिएर नै गणतन्त्र स्थापनासम्मको बलिदानीमा नेपाली महिलाले विनासर्त सक्रिय सहभागिता जनाएका थिए होइन र ?

आन्दोलनताका वा आन्दोलनका लागि पुरुष र महिलाको समान सहभागिता खोज्ने राजनीतिक दल वा नेतृत्वले संविधान निर्माणका वेलामा नै राजनीतिक अधिकार दिनका लागि पनि समान अवसर प्रदान गर्ने व्यवस्था राख्नुपर्नेमा ३३% मात्र अवसर दिनेगरी विभेदको तुष कायम राखेको वा अन्तरकुन्तरमा रहेको पितृसत्ताको अवशेषको प्रकटीकरण गरिएको भनेर आलोचना पनि नभएको होइन तर समयक्रममा अवसर वृद्धि गर्दै गर्दै लगिने आश्वासनका माध्यमबाट

मुखले भन्ने गरेको समान अधिकारको नारालाई आफैँले खण्डित गरेको देखिएको हो, नेपाली महिलाले भोगेका वा भोगिरहेका पनि सत्य हो । त्यही ३३% को संवैधानिक व्यवस्था र समानुपातिक प्रतिनिधित्व गराउने कुरामा पनि हिजो आन्दोलनका लागि महिलालाई अगाडि लगाउन तम्सिने हरेक राजनीतिक पार्टीको नेतृत्वले कार्यान्वयनका तहमा लाँदै नलगी नातावाद, क्रिपावाद, आसोपासेवाद, धनवादलाई कार्यान्वयनको प्रमुख आधार बनाएको भन्ने आलोचना जति नै भइरहेका भए पनि नेतृत्वले आफूलाई सच्याउने काम नै नगरेको पनि देखिएकै हो ! कानुनी व्यवस्थाको यही गलत प्रयोगका माध्यमबाट जनतामा निराशा पैदा गराउने, गणतान्त्रिक व्यवस्थाका प्रति वितृष्णा पैदा गराउने र व्यवस्थाविरोधीलाई हौस्याउने काम सरकारी र दलका नेतृत्वका रबैयाले एकैपटक गरेको वा गरिरहेको अनुभूत गरिएको/गरिरहिएको हो ।

लोकतन्त्र, गणतन्त्र भनेको संसारको सबैभन्दा उत्कृष्ट शासनव्यवस्था हो भनिन्छ तर 'चालक सिपालु भएन भने जतिसुकै नयाँ र राम्रो गाडी भए पनि दुर्घटित हुन्छ' भनिएझैँ शासनसत्तामा रहनेहरूको अवसरवादी चरित्र, कुनै पनि निर्णय लिँदा वा गर्दा जनता र देशको हित सोच्ने प्रवृत्ति नदेखिनु, नवधनाड्यवादको विषवृक्ष हुर्काएर कमिसन र भ्रष्टाचारमा कतै न कतैबाट लिप्त हुनु, आफ्नो वा विज्ञको विद्वताको सहारा लिनेभन्दा पनि कोही, कतै, कसैको इसारामा काम गर्ने वा गरिदिने प्रवृत्ति देखिनु पनि जनताको बलिदानीबाट प्राप्त गणतन्त्रका लागि शोभनीय हुँदैनथ्यो, देखिएन ! जनताले भोगेका समस्या के हुन् ? तिनको निराकरण कसरी हुन्छ भन्ने सोच्ने र त्यसैका लागि शीघ्राति शीघ्र नीति, नियम, कानुन बनाउने र तिनको प्रभावकारी कार्यान्वयन गर्ने दिशामा सरकारको ध्यान गएको वा पुगेको देख्दै देखिएन !

हामी पुरानाभन्दा फरक हौँ, हामी कमिसन तथा भ्रष्टाचारमा होइन जनताको हितलाई केन्द्रमा राखेर शासन सञ्चालन गर्ने छौँ भन्ने सुन्दा निकै आकर्षक लाग्ने नारा लगाउँदै नयाँ पार्टीको कलेबरमा लगभग दुर्गन्धित नै विगत भएकाहरू पनि कलुषित शरीरलाई नयाँबर्कोले ढाकेर र अत्तर छरेर केही राष्ट्रिय ठगहरू पनि देखिए जसले देशको मध्यभागलाई केन्द्रविन्दुमा राखेर सोद्देश्यमूलक ढङ्गले सहकारी गठन गरी लाखौँलाख जनताले रगतपसिनाको अंश काटेर सहकारीमा जम्मा गरेको रकम ठगेर करोडौँ रकम भ्वाम पार्ने तर दुहाइ भने तिनै जनताको दिइरहने ढोँगी नयाँजोगीहरूको दुष्कर्म पनि देखियो ! जनताको रगतपसिनामा हाक्काहाक्की धावा बोल्ने, ठग्ने अनि सहकारीबाट लिएको कर्जा तिर्नु पनि पर्दैन भनेर उक्साउनेसम्मका लम्पटहरूलाई तत्काल कारवाहीको दायरामा ल्याउने प्रयत्नसम्म पनि यथासमयमा सरकारी पक्षबाट नभइदिएपछि सरकारले नै तीनखम्बे अर्थनीतिअन्तर्गत राखेको सहकारीका प्रति जनतामा पूराका पूरा निराशा पैदा गरिदिने काममा पनि सरकारको कुनै न कुनै भूमिका रहेको अनुभूति गरिएको थियो । सम्भवतः चौतर्फी जनदबाब भएकैले होला सायद सरकारले सहकारी कर्जा असुली न्यायाधीकरण गठन त गरिदियो तर त्यसले अदालती प्रक्रिया नै पूरा गरेर निवेदन आउनुपर्ने, कर्जाको भाखा सकिएको एक वर्षभएपछि र चार वर्ष पूरा नहुँदै निवेदन

गर्नुपर्ने, निवेदन गर्दै बिगो रकमको ०.२५% ले हुने रकम अगृम न्यायाधीकरणमा जम्मा गर्नुपर्ने कार्यविधि बनाएको रहेछ ! यो व्यवस्थाले त्यो न्यायाधीकरण सहकारीले भोग्नुपरेका समस्याको निराकरण वा कर्जा असुलीका लागि गठन गरिएको होइन रहेछ भन्ने प्रमाणित भएन र ? एक वर्ष भाखा नाघिसक्दा सहकारीले एकातिर डुबन्त ऋणमा त्यस्तो कर्जालाई राख्नुपर्छ भने बिगोको ०.२५% ले हुने रकम अगृम रूपमा दाखिला गरी 'मुर्दामाथि कात्रो'भैँ गर्नुपर्ने भएन र ? त्यसपछि त्यो रकम उठाइदिने जिम्मा प्राधिकरणको भएको सुनिश्चितता चाहिँ आवश्यक नपर्ने ? यस्तो भारा टार्ने र आँखामा छारो हाल्ने व्यवस्था गर्नुको के अर्थ ? देखिएका समस्यालाई साँच्चै समाधान गर्नेभन्दा पनि ' हामीले यति त गर्‍यौँ नि' भनेर आँखामा छारो हाल्ने प्रवृत्तिले समस्याको समाधान दिँदै दिँदैन।

हालसालै मुलुकी आचार संहिताको विवाहसम्बन्धी व्यवस्थामा 'कुनै पुरुषले बाहिर अनैतिक सम्बन्ध राखी बच्चा जन्माइसकेको रहेछ भने त्यस्तो अवैध सम्बन्धलाई वैधानिकता दिई जन्मिएको बालक र आमाको सुनिश्चित जीवनका लागि विवाह बदर नगर्ने' भन्नेजस्तो घटिया तर्क दिएर बहुविवाहलाई कानुनी मान्यता दिने, पुरुषलाई छाडा साँढेजस्तो जतासुकै डुक्रिन पाउने, उन्मुक्त हुन दिने, उसले अनुशासनको सीमामा बस्नै नपर्ने र पितृसत्ताको हैकमलाई स्वीकार गर्ने व्यवस्था संशोधनमार्फत गर्नलागेको भन्ने पढियो मात्र होइन संसद्मा यस विषयमा कडा प्रतिवाद नै भएको देखियो, सुनियो । यो व्यवस्था कसको हितमा ? कसको इसारामा ? कसका लागि गर्नखोजिएको हो ? कसको सोच, चिन्तन अनि घटिया मानसिकताको उपज हो त यो संशोधन ? यस्तै कानुनी व्यवस्थाका माध्यमबाट हामी समाजवादको यात्रा तय गर्न खोजेका हौँ त ? सरकारले कुनै पनि कानुन बनाउँदा वा निर्माण गर्दा आवश्यकताको सिद्धान्तअनुसार गर्ने हो कि कुनै लहडीले उसको स्वार्थमा वा कोही कसैको इसारामा मस्यौदा गरिदिन्छ अनि सरकारको काम चाहिँ जस्तो मस्यौदा भएर आयो त्यस्तै सदनमा पेस गर्ने अनि सदनमा पेस भएको त्यो कानुन सांसदले पढ्दा पनि नपढी ताली बजाएर पास गरिदिने र फेरि 'ला ! कुलिङ पिरियड त हटेछ पो त !' भनेर नौटङ्की मात्रै गरेजस्तै हो त ? होइन भने बहुविवाहलाई निषेध गर्नेगरी हाल भइरहेको व्यवस्थामा सुटुक्क संशोधन चाहिँ कसको इसारामा र कसका लागि गर्नुपरेको हो त सरकार ? समाजवादको मुखुण्डो यसै गरी उदाङ्गो पार्दै पार्दै जाने नै हो त सरकार ?

कानुन तथा नियममा भएका व्यवस्थाहरू क्रमशः हटाउँदै हटाउँदै ढुङ्गेयुगतिरकै उल्टोयात्रा हिँडेर पुगिने समाजवाद चाहिँ कस्तो खालको हो त सरकार ! लौ न यसको पनि विशद व्याख्या गरिदिने हो कि ? आखिर आफ्नै कर्मले गणतन्त्रका प्रति धारेहात लगाउने र निरङ्कुशताका मतियारलाई हौस्याउने सरकारी रबैयालाई क्रान्तिकारी छलाङ नै भनिदिनुपर्ने हो त सरकार ? बोली र व्यवहारमा तालमेल गर्नै नसक्ने परिस्थिति रहेको भए किन पो ढाकछोप गरिरहनुपर्‍यो त सरकार ? थुन्सेले छोपुन्जेल पो देखिँदैन त, डोकाले छोपेपछि त सबै सर्वाङ्ग हुन्छ नि होइन र ! रोज्न चाहिँ के खोजेको हो त सरकार ? अप्ठ्यारो नमानी खुलस्त गरिपाऊँ न कृपया ।

*-रमेश पोखरेल*

## यस अङ्कमा


**विशेष संवाद**

शिक्षा...- *डी.डी.अधिकारी/१०*

**गीत/कविता/गजल/मुक्तक**

टुक्का... -*अरुणबहादुर खत्री 'नदी'/१९*

प्रस्ट...- *रुपक अलङ्कार/२६*

देश... - *डम्बर निरौला/२९*

चार गीत - *माणिकरत्न शाक्य/४२*

गीत -*आर.एल.श्रमजीवी/४३*

लुतो... -*नमराज घिमिरे 'शिखर'/४४*

देशको... -*शनी नेपाल/५१*

सोझो... -*डा. बमबहादुर थापा 'जिताली'/५५*

मुक्तक -*ध्रुवकृष्ण ताम्राकार/५६*

'म'का... -*सुनील पुरी/५७*

गजल... -*विनोद के.सी./५७*

**अनुवाद/कविता**

तिमी र.../तिमी...- *वन्दना सहाय/२०*

**कथा/लघुकथा**

कटरबोटेको.. - *गोविन्दबहादुर कुँवर/२२*

माइँलो- *राजकुमार पोखरेल/२५*

**यसपटक**

*पारसनाथ आचार्य/७*

**निबन्ध/नियात्रा/पुस्तकसमीक्षा**

भागबण्डामा... - *लक्ष्मी रिजाल/२७*

बिगबियर... - *प्रा.डा. यादवप्रकाश लामिछाने/३०*

मेरो... - *चन्द्रबहादुर लामा/३७*

अनुभव... -*शशी भट्टराई श्रेष्ठ/४५*

पत्रैपत्रमा... -*गायत्रीकुमार चापागाईं/५२*

**स्थायी स्तम्भ**

**शिखर व्यक्तित्व**

*साहित्यकार चित्तधर हृदय/६*

**निरन्तर...**

वासुदेव अधिकारी/५८

**समाचार**/६२

**अनूभूति**

*प्रा.केशव सुवेदी/६३*



शब्द संयोजन
मासिक

# शब्द-संयोजन

(मासिक साहित्यिक प्रकाशन) वर्ष २२ अङ्क ५ पूर्णाङ्क २५६/२०८२ भदौ

जिप्रकाका द.नं. ९४/२०६०/०६१

**सल्लाहकार** : डा. मोदनाथ प्रश्रित, प्रा. डा. जीवेन्द्र देव गिरी, राम विनय
प्रा. केशव सुवेदी, ई. महेन्द्र गुरुङ

**प्रधान सम्पादक तथा प्रकाशक**: वासुदेव अधिकारी

**कार्यकारी सम्पादक**: रमेश पोखरेल

**सम्पादक**: सुमी लोहनी, रूपक अलङ्कार

**अन्तर्वार्ता संयोजन**: अच्युत घिमिरे

**वेभ संयोजन**: प्रशान्त खरेल

**कला**: गणेशकुमार जी.सी.

**आवरण चित्र**: रविन्द्रविक्रम थापा र आयुश्री थापा (Yeppoon, QLD, Australia)

**प्रतिनिधि**: पुण्यप्रसाद खरेल(झापा), डा. हरिप्रसाद तिमिल्सिना (नेपालगन्ज),
नमुना शर्मा (चितवन)

Email : s_samyojan@yahoo.com website: sahityasandhya.org.np

**मुद्रण**: विनायक प्रेस, धोबिधारा, काठमाडौँ, मो.९८४१४४७३२२

**साजसज्जा**: टच क्रिएसन प्रा. लि.

# साहित्यकार चित्तधर हृदय

नेपाली साहित्यको इतिहासमा कैयौँ साहित्यिक व्यक्तित्वहरूको उदय भएको छ । जसले भाषा, साहित्य, कलाजस्ता विविध विधामा कलम चलाएर र समाज एवम् व्यक्तिलाई सचेत बनाउने कार्यमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । ती तमाम विशिष्ट व्यक्तित्वमध्ये चित्तधर हृदय पनि एक हुन्, जसले नेपाल भाषामा साहित्य सिर्जना गरी नेपाल भाषाको विकासमा अतुलनीय योगदान दिएका छन् ।

आफ्नो सम्पूर्ण जीवन नेपाल भाषा साहित्य, संस्कृति र मातृभाषाको सेवामा समर्पित कविकेशरी चित्तधर हृदयको जन्म वि.स.ं१९६३ मा भएको थियो । जुन समय नेपाल भाषाका लागि राणा शासनको चरम शोषण काल थियो । त्यस्तो निरङ्कुश कालमा पनि उनले कविता, कथा, लघुकथा, उपन्यास, इतिहास, खण्डकाव्य, महाकाव्य, गीत, नाटकजस्ता विविध विधामा कलम चलाएर आफ्नो साहित्यिक जीवनयापन गरेका थिए । नेपाल भाषाका संवाहक हृदयले वि.सं.१९७० सालतिर पुस्तकालय खोल्न भनी भीम समसेरको शाशनकालमा निवेदन दिएका कारण उनलाई सजायस्वरूप सय रुपैयाँ जरिवाना र धर्म, संस्कार सुधार गर्नुपर्छ भनी अभियान चलाएकाले उनलाई थुनामा पनि राखिएको थियो । उनले जेलजीवनमा 'सुगत सौरभ' महाकाव्य लेखेका थिए, जुन नेपाली साहित्यको सबैभन्दा पहिलो महाकाव्य मानिन्छ । उनको पहिलो कृति 'पद्य निकुञ्ज' रहेको छ । उनले नेपाल भाषा परिषद्को स्थापना गरेका थिए, जसको उद्देश्य नेपाल भाषा साहित्यको विकास गरी स्वदेश तथा विदेशमा प्रचारप्रसार गर्ने रहेको पाइन्छ ।

महाकवि हृदयले साइकलपसल पनि खोलेका थिए, जुन पसलबाट पुस्तकहरू बेच्ने गर्दथे । वास्तवमा नेपाल भाषा साहित्य, संस्कृतिको संरक्षणमा आफ्नो तन, मन लगाएर सम्पूर्ण जीवन समर्पित गरेका बुद्धका अनुयायी तथा वैचारिक चिन्तनका धनी हृदयले गरेका साहित्यक कार्यको वर्णन शब्दमा अट्न सक्दैन । उनको योगदान नेवारजगत्मा मात्रै सीमित रहनु दुःखको कुरा पनि हो । यसरी सारा जीवन साहित्यको उत्थानमा लाग्ने चित्तधर हृदयले यस संसारलाई वि.सं.२०३९ सालमा सदाका लागि छोडेर गए । उनको भौतिक शरीर हामीसामु नभए पनि उनको आध्यात्मिक ज्ञान, साहित्यमा गरेको विशिष्ट योगदान भने अनन्तकालसम्म हामीसँग रहिरहने छ, आफ्नै सत्कर्मले उनी अमर रहने छन् ।

*-रूपश अधिकारी*

# यसपटक



## ❖ पारसनाथ आचार्य

वि.सं.२०४२ माघ ६ गते सिन्धुपाल्चोक जिल्लाको इन्द्रावती ५ मा माता सुन्तली आचार्य र पिता जगन्नाथ आचार्यका सुपुत्रका रूपमा जन्मिएका पारसनाथ आचार्यले १२ कक्षासम्मको शिक्षार्जन गरेका छन्। २०५५ सालदेखि साहित्यमा कलम चलाउन थालेका आचार्यका 'प्रतीक्षाका पाइलाहरू' कवितासङ्ग्रह, 'प्रवासका पीडा' काव्य र 'संवादात्मक छन्दयात्रा' संयुक्त सङ्ग्रह प्रकाशित भएका छन्। विभिन्न पत्रपत्रिकामा फुटकर रचना प्रकाशित गराइरहेका आचार्यले स्वदेशका पीडा, समस्यालाई आफ्ना सिर्जनामा उतार्ने र रूपान्तरणको सपष्ट सन्देश सम्प्रेषण गर्ने गरेका छन्। भारत, साउदी अरेबिया, मलेसिया, साइप्रसजस्ता मुलुकको अध्ययन भ्रमणसमेत गरेका आचार्यका रचनामा सामाजिक यथार्थको जीवन्त चित्रण गर्दै रूपान्तरणका पक्षमा आबाज बुलन्द गर्ने सिर्जनात्मक विशेषता रहेका पाइन्छन्। यिनै सक्रिय स्रष्टाका तीनओटा कविता हामीले 'यसपटक' स्तम्भमा समावेश गरेका छौँ।

शार्दूलविक्रीडित छन्दको 'सम्भावना आउला' शीर्षकको पहिलो कवितामा मुलुकमा विकृति, विसङ्गति मौलाएको; जनतामुखी शासनव्यवस्था अवलम्बन नभएको र जनताको मूल्याङ्कनको कसीमा शासक निस्वार्थ नभएको दुरावस्थाका प्रति चिन्ताभाव व्यक्त गर्दै रूपान्तरणको अपेक्षा गरिएको छ। 'कठै लोकतन्त्र !' शीर्षकको भुजङ्गप्रयात छन्दको दोस्रो कवितामा लोकतन्त्रमा जनताका अपेक्षा पूरा हुने छन् भन्ने अपेक्षा गरिएकोमा शोषणको पनि अन्त्य नभएको र निमुखाको जीवनस्तर पनि नफेरिएको हुँदा अत्यन्त गम्भीर चिन्ताभाव व्यक्त गरिएको छ। स्रग्विणी छन्दको 'विवशता' शीर्षकको तेस्रो कवितामा बेरोजगारीको पीडाले युवा पलायन हुन बाध्य छन् र अर्काको भूमिमा पसिना बगाएर आफ्नो मुलुकको समृद्धि हुँदैन भन्ने जान्दा जान्दै पनि आफ्नो देशमा युवाको श्रम बिक्ने अवस्था सिर्जना नगरिएको आक्रोशयुक्त मर्मान्त पीडा अभिव्यक्त गरिएको छ।

# सम्भावना आउला

भोको पेट उजाड जीवन कथा नाङ्गै भए तापनि
आस्था आदरभाव शुद्धपनको आदर्श होस् जीवनी
बढ्दै उन्नतिका महाशिखरका फालेर आँधीहरू
विद्रोही बन भन्छ देश अहिले फालौँ विषादीहरू।

हाम्रो राष्ट्रियता र दर्शनसँगै आस्थाहरू मेटियो
हाम्रै शासककै अवैध मतिले रोगी बन्यो देश यो !
छन् आडम्बरका सहस्र नमुना सड्यन्त्रकारीहरू
राम्रा खास चुनौँ चुनौँ ग्रह नयाँ फालौँ विषादीहरू।

नेता बन्छ कुबेरतुल्य जहिल्यै फड्को नयाँ मार्दछन्
छैनन् गाँस र बास खास जनता अन्यायमा पार्दछन्
भ्रष्टाचार बढेर जर्जर अझै नेपाल कङ्गाल झन्
नौलो तन्त्र फुलेन आज घरमा बढ्दै छ सङ्कष्ट झन्।

चारैतर्फ विनाश मात्र छ सधैँ यो देश नै घाइते
छोडी लोभ र लाभका हरकुरा नौलो प्रभा आइदे
साझा लक्ष्य लिएर सागर बनोस् उत्कृष्ट आधारमा
आँधी ल्याउन सक्दछौँ यदि भने नेपाल निर्माणमा।

चिन्ताग्रस्त छ छैन शान्त घरमा देख्छौँ बडो कष्ट छ
मान्छे आज कठोर बन्दछ यहाँ सङ्ग्रामकै गन्ध छ
हाम्रो राष्ट्रिय चेत शून्य रहँदा नासिन्छ हाम्रो यश
नेपाली नवमार्ग रोज्न गतिला खोज्ने गरौँ शासक।

## विवशता

काम यो देशमा गर्न इच्छा थियो
स्वार्थले जिन्दगी लौ कता तानियो
भावना शून्य छन् चेतना भासियो
देशमा बस्न ता लोभलाग्दो थियो।

ठग्छ यो कर्मले बढ्छ झन् रोदन
हीन बन्दा सधैँ खिन्न भो जीवन
कर्मको मूल्य नै छैन नेपालमा
के भयो काम खै ? छैन यो देशमा।

भन्दछन् वाक्यले कर्मको खात छ
जेल छन् नेल छन् बैगुनी चाल छ
प्रेम नै बिर्सियौँ झेलकै त्रासमा
के भयो काम खै ? बस्दछौँ आसमा।

भोकमा प्यासमा बाँच्न सक्छौँ कति
आँसुको भेलले रुग्ण छन् सन्तति
फर्क आजै युवा भन्दछन् बामुमा
के गरूँ काम नै छैन यो देशमा।

उर्वरा भूमिको माथ कक्रिसक्यो
चञ्चले चेतना सुँक्क गर्दै छ यो
फर्क भन्नेहरू झेलमा व्यस्त छन्
फर्किए देशमा छट्पटी बढ्छ झन्।

रोजगारीविना तड्पिँदै बस्नु छ
राज्यको चालले आज दुर्भाग्य छ
छौँ युवा छैन क्यै देशमा कार्यको
दूर गै गर्दछौँ बाध्यता नै भयो।

झुल्दद्धन् आँकुरा प्रेमले प्राणमा
भाग्यका आँकुरा कर्मका बागमा
कर्म यो भूमिमा गर्न पाऊँ सदा
भावना खिन्न छन् दूरमा गुम्सँदा।

## कठै लोकतन्त्र !

छ भोको र निर्धो उसैमाथि रोगी
कहाँ हुन्छ चर्चा कहाँ हुन्छ खोजी
कुनै हुन्डरीझैँ बनी क्रान्तिकारी
छ जो उच्च मान्छे उही भर्छ गोजी !


परापूर्वदेखिन् छ सामन्त ठालु
सुती सिंहझैँ घुर्न मात्रै सिपालु
खसाएर मोती गरी खान खोज्छन्
तिनैमाथि कोही बनेनन् कृपालु !

यता बन्द हड्तालमा मर्छ काले
उता क्रान्तिकारी डुबेका नसाले
छँदै छैन खाना न पाइन्छ नाना
धुजा पार्छ छाती पुरानै व्यथाले।

सँगै साथ बस्छौँ भनी गीत गाए
यही देश टुक्रा गरी भाग लाए !
डुब्यो दुःखमा झन् कठै लोकतन्त्र
भरोसा र आशा खरानी बनाए !

ठगी खान मात्रै हजारौँ बहाना
बनाए तिनैले निकम्मा जमाना
लिई नाम जस्को भरेको छ झोली
उही लुट्छ भोकाहरूकै खजाना !

**'अविच्छिन्न प्रकाशित भइरहेको**
**साहित्यिक पत्रिका**
**शब्द-संयोजन**
**मासिक' पढ्नुहोस्।**



❖ डी.डी. अधिकारी

# शिक्षा र स्वास्थ्यमा समान पहुँचका माध्यमबाट दलित समुदायमा महिलाको अवस्था सुधार्न सकिन्छ

वि.सं.२०३९ कार्तिक १७ मा माता तिलीदेवी अधिकारी र पिता गोविन्द अधिकारीका सुपुत्रका रूपमा पोखरामा जन्मिएका दुर्गादत्त अधिकारी सिर्जनामा डी.डी.अधिकारीका नामबाट कलम चलाउँछन् । भाषासीहित्यका अध्यापक एवम् सामाजिक रूपान्तरण अभियानमा सक्रिय रहेका अधिकारीसँग 'दलित समुदायमा महिलाको अवस्था' विषयक लघुअनुसन्धानका लागि साहित्यकार जयन्ती सत्याल 'स्पन्दन'ले गर्नुभएको कुराकानी हामीले यहाँ समावेश गरेका छौँ ।

***जयन्ती : मानिसलाई किन 'दलित' भनी सम्बोधन गरिएको हो ?***

*डी.डी. :* समाजमा सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, धार्मिक हरेक संरचनामा सबैभन्दा तल्लो तहमा रहेका र अन्याय, अत्याचार, शोषण, दमन, हेलाँहोचो र थिचोमिचोमा परी दलन भोग्न बाध्य र विवश भएको समुदायलाई बुझाउनका लागि दलित शब्दको प्रयोग गरिएको हो । श्रमका आधारमा गरिएको मानव जातिको विभाजनलाई मनुस्मृतिदेखि नश्लसँग जोडी त्यसैका आधारमा निर्माण गरिएको वर्णाश्रमव्यवस्थाभित्रको जातिवादको उत्पत्ति भएपछि जातीय हिसाबले पिँधमा राखिएको जातिले समाजको दलन र दमनको सबैभन्दा डरलाग्दो रूप भोग्न बाध्य बनाइयो र त्यही पुछारमा राखिएको, सीमान्तमा धकेलिएको

र अछुत बनाइएको जातिका मानिसलाई बुझाउनका लागि दलित भनी सम्बोधन गरिएको हो।

***जयन्तीः दलित शब्दको औचित्य के हो ?***

***डी.डी.:*** दमन गरिएको, थिचिएको वा कुल्चिएको भन्ने शाब्दिक अर्थ द्योतन गर्ने दलित शब्द हाल सामाजिक प्रकार्य योभन्दा भिन्न र विशिष्ट अर्थ सम्प्रेषण गर्नका लागि प्रयोग गरिन्छ । यस शब्दले सामाजिक स्वरूपमा हरेक दृष्टिकोणले पिँधमा पारिएको मानव जातिविशेषलाई बुझाउन थालेको लामै समय भएको पाइन्छ । मनुस्मृतिले वर्णाश्रम व्यवस्थालाई नश्नसँग जोडेर मानव जातिलाई छुत र अछुतमा विभाजन गरी मानिसकै एउटा सन्तानलाई पानीसमेत नचल्ने वर्गमा लगेर राखेपछि र उनीहरूलाई सामाजिक रूपमा हरेक क्षेत्रका भूमिका र अवसरबाट वञ्चित गर्न थालेपछि त्यो वर्ग समुदायलाई बुझाउनका लागि यो शब्दको प्रयोग भएको हो। यस शब्दले समाजका कथित उच्चवर्गको थिचोमिचोमा परेको तथा इज्जतबाट वञ्चित जाति वा वर्गलाई बुझाउँछ।

***जयन्तीः शूद्र र दलित एकै हुन् त ?***

***डी.डी.:*** शूद्रको उत्पत्ति र दलित : शूद्रको उत्पत्तिसम्बन्धी विद्वानूहरूका बिचमा मत एकता हुनसकेको छैन। शूद्रको उत्पत्ति कसरी र कहिलदेखि भयो भन्ने विषयमा स्पष्ट उत्तर दिने अवस्था त छैन तर पनि विद्वानूहरूले खोज अनुसान्धानका आधारमा आफ्ना तर्कहरू अगाडि सार्ने प्रयास र प्रयत्नहरू भने गरि नै रहेका छन्। शूद्रको उत्पत्तिका सम्बन्धमा युद्धमा पराजित भएकाहरू, श्रम विभाजनमा सेवा र सरसफाइ तथा निर्माणसम्बन्धी काम गर्नेहरू र आर्य संस्कार अपनाउन नसकेकाहरूलाई तत्कालीन समाजव्यवस्थाले शूद्रमा परिवर्तन गरेको पाइन्छ । खास गरीकन ब्राह्मणहरूले अख्तियारी पाएको हिन्दु संस्कार गर्ने काम कार्य गर्न नसक्दा वा हिन्दुत्वलाई अपनाउन नसक्दा पनि ती मानिसहरू शूद्रमा परिवर्तन भएको कुरा अध्येताहरू बताउँदछन् । शूद्रको उत्पत्तिसम्बन्धी कुरा गर्नेसम्बन्धमा आर्यहरूसँग शत्रुता राख्नेहरू पनि शूद्रमा रूपान्तरित भएको कुरा पनि विद्वानहरूले बताएका छन्। यसैगरी युद्धमा पराजित भएर वा अन्य कुनै पनि कारणले शूद्र बनेकाहरूसँग विवाह गर्नेहरूलाई पनि शुद्रत्व प्रदान गरिएकाले विवाहका माध्यमबाट पनि समाजमा शूद्रको उत्पत्ति भएको देखिन्छ। शूद्रका कोखबाट जन्मिएका आधारमा, निर्धो कमजोर वा शक्तिहीनता र पेसाका आधारमा पनि मानिसहरूलाई शूद्र बनाइएको तथ्य इतिहासका अध्येताहरूले बताएका छन् (किसान, २०५८ : ३३) । यसरी विभिन्न कारणले शूद्र बनेका मानिसहरूलाई कालान्तरमा वंशपरम्परासँग जोड्दै जन्मकै आधारमा एक मानिसले अर्को मानिसमाथि विभदेको व्यवहार गर्ने परिस्थिति निर्माण गरियो र यो परम्परा आज पनि निरन्तर रहेको देखिन्छ।

***जयन्तीः किन शूद्रलाई अछुत मानिएको होला ?***

***डी.डी.:*** शूद्र कसरी अछूत भए ? मानव सभ्यताको यात्रा आरम्भ भएको धेरैपछि मात्र मानिसलाई विभिन्न आधार बनाएर वर्णमा विभाजन गर्ने सन्दर्भमा नै शूद्र वर्णको उत्पत्ति

भएको कुरा यसअघि नै चर्चा भइसकेको छ। जति वेला मानिसका विभिन्न वर्णहरू निर्धारण गरिएको थियो त्यतिवेलामा शूद्र अछुत थिएन। आरम्भमा हिन्दु चातुर्वर्ण्य समाजव्यवस्थाभित्र नपरेका पञ्चम वर्णलाई मात्र अछुत बनाइएको थियो भन्ने कुरामा अध्येताहरूको जोड रहेको पाइन्छ (किसान, २०५८ : ४२)। सुरुमा अछुतका रूपमा नरहेको शूद्रलाई पछि विस्तारै अछुतमा रूपान्तरण गरियो । यसका लागि मनु आदि ब्राह्मणहरूको ठुलो भूमिका रहेको देखिन्छ। समाजका चार वर्गको आलङ्कारिक रूपमा लिइएको चारवर्ण जातिमा फेरिएपछि नै सबैभन्दा पछिल्लो वर्णका रूपमा रहेको शूद्र वर्णलाई सबैभन्दा तल्लो जातिका रूपमा परिचित गराउन थालिएको तथ्य फेला पर्छ (किसान, २०५८ : ४३) । मानव उत्पत्तिको चर्चा गर्नेसन्दर्भमा मनुले अगाडि सारेको मत नै हिन्दु समाजमा जातिभेद उत्पत्तिको जगका रूपमा देखिएको छ । उनले नै चार वर्णलाई जातिमा रूपान्तरण गर्ने प्रयास गरेका र त्यसबाट नै शूद्रहरू अस्पृश्यतामा पुगेको प्रमाण भेटिन्छ। मनुले सर्वप्रथम मानव उत्पत्तिका बारेमा आफ्नो मत अगाडि सार्दै "प्रजापतिले लोकको वृद्धिका लागि मुखबाट ब्राह्मण, बाहुबाट क्षेत्रीय, जाँघबाट वैश्य र पाइतालाबाट शूद्रको उत्पत्ति गरे" (मनुस्मृति, १।३१) भन्दै उत्पत्तिसिद्धान्तलाई व्याख्या गरे। यसपछि देखा परेका ब्राह्मणवादी विद्वान् लेखकहरू सबैले मनुको यस मतलाई स्वीकार गरे र मानव उत्पत्तिको भ्रामक, अवैज्ञानिक, अजैविक र अनर्गल सिद्धान्त तयार गरे । पूर्वीय जगत् र विशेषतः हिन्दु समाजमा स्थापित भएको यही मनुवादी व्याख्याले शूद्रहरूलाई हरतरहले नीचका रूपमा चिनाउने प्रयत्न गर्‍यो र पहिलेदेखि नै पञ्चमका रूपमा अछुत कहलिएका चण्डाललगायतका मानिसहरूसरह शूद्रलाई व्यवहार गर्न थालियो। यसलाई स्थापित गर्नका लागि मनुले शारीरिक संरचनामा नाइटोभन्दा माथि भएका अङ्गहरू शुद्ध र त्यस तलका अङ्गहरू अशुद्ध हुन्छन् भन्दै शूद्रहरू तिनै तल्ला अङ्गबाट उत्पत्ति भएकाले उनीहरू अशुद्ध हुने मत अगाडि सारे (किसान, २०५८ : ४३)। यस्तो अवैज्ञानिक र मनोगढन्ते मतका आधार धर्मको साथ लिएर मानिस मानिसका बिचमा विभेदको अवस्था सिर्जना गर्ने कार्य गरिएको र यसैबाट शूद्रहरूलाई अछुत बनाएर उनीहरूमाथि शोषणको राज चलाउन थालिएको देखिन्छ।

***जयन्तीः दलितभित्र शुद्र पर्छन् कि शूद्र भित्र दलित ?***

***डी.डी.:*** आर्यहरूको वर्णव्यवस्थाअनुसार अन्तिम वा चौथो वर्णलाई बुझाउने शब्द शूद्र हो। खासमा सबैभन्दा पहिला वर्णको व्यवस्था गर्दा श्रमका आधारमा गरिएको पाइन्छ र त्यहाँ भेदभावको अवस्था पाइँदैन। पछि कालान्तरमा गएर यसैलाई जातिवादको रूपमा प्रयोग गरी वर्णव्यवस्थाको चौथो वर्णलाई जाति बनाउँदै उनीहरूमाथि दलन सुरु भयो र उनीहरूलाई अछुत बनाउँदै लगियो । उनीहहरूमा दलनका स्वरूपहरू निर्माण गरी सबैभन्दा पिँधमा पार्नेजस्ता कार्य सुरु भएपछि उनीहरूलाई दलित भन्न थालियो। हाल दलित र शूद्र शब्द लगभग पर्यायवाची शब्दका रूपमा प्रयोग हुने गरेको पाइन्छ।

***जयन्तीः वर्णाश्रम धर्मअनुसार ब्राह्मण,***

***क्षेत्री र वैश्यलाई चाहिँ किन दलित नभनिएको होला ?***

**डी.डी.**: छुवाछुतप्रथाको थालनी वर्णाश्रम व्यवस्थाको अपव्याख्याबाट भएको हो। सुरुमा अलिकति पढेलेखेका, धार्मिक ग्रन्थहरूको व्याख्या गर्ने, पण्डित्याइँ गर्नेहरूले सबैभन्दा माथिल्लो तहमा आफूलाई राखे । उनीहरूसँग धार्मिक ग्रन्थ, ज्ञान र चेतनाको साँचो थियो । त्यसैसँग जोडेर र त्यसको अपव्याख्यासमेत गरेर निर्धो र कमजोर अवस्थामा रहेका मानिसहरूलाई निम्न व्यवहार गर्नथाले। ब्राह्मणपछिको क्रममा राखिएका क्षेत्रीयहरू राजकाजको कर्ममा लागे यस्तै अर्को वर्ण बन्दव्यापारमा लाग्यो भने सेवामूलक काम गर्ने जिम्मा चौथो वर्गलाई दिइयो । हो, यही चौथो वर्गलाई समाजका भूमिका र अवसरबाट वञ्चित गर्दै उनीहरूमाथि दलनको भारी बोकाउने, शिक्षा, स्वास्थ, रोजगारीलगायतका अवसरहरूमा उनीहरूलाई बर्जित गर्ने र उनीहरूले गर्ने कर्मसँगै उनीहरूसमेतलाई तुच्छ र नीच बनाउने काम समाजका टाठाबाठा भनाउँदाहरूले गर्दै गए । यही सोच र सामाजिक मानसिकताको वृद्धि हुँदै जाँदा उनीहरूलाई अस्पृश्य बनाउँदै लगियो । जसले गर्दा सबैभन्दा बढी दलनको अवस्थामा उनीहरू नै पारिए र उनीहरूलाई नै दलित भनियो।

***जयन्ती : हिमाल, पहाड र तराईमा कुन कुन जातिलाई दलित शब्दले सम्बोधन गरिएको छ ?***

***डी.डी.*** : नेपालको पूर्व मेचीदेखि पश्चिम महाकाली र उत्तर हिमालदेखि दक्षिण तराईसम्मका सम्पूर्ण क्षेत्र तथा भूगोलमा दलित जातिका मानिसहरूको बसोवास रहेको छ । तराई क्षेत्रः धेरै दलित जातिहरू यहाँ बसोवास गर्छन्, जस्तै चमार, पासवान र मल्लाहा । यहाँको सामाजिक संरचना र आर्थिक अवस्था भिन्न छ । पहाडी क्षेत्र : यहाँ दमाईं, कामी, सुनार, सार्की र अन्य दलित जातिहरूको बसोवास छ । पहाडमा रहेका दलितहरूले कृषिमा आधारित जीवनयापन गर्छन् । सहरी क्षेत्र : काठमाडौँ, भैरहवा, पोखराजस्ता सहरहरूमा दलित समुदायको बसोवास बढिरहेको छ । यहाँ तिनीहरू व्यापार र सेवा क्षेत्रमा संलग्न छन् । नेपालमा बसोवास गर्ने दलितहरूले उनीहरूमाथि गरिने निम्न, तुच्छ र निम्छरो सामाजिक व्यवहारका कारण थर परिवर्तन गर्ने लहर पनि चलेको पाइन्छ। यसरी थर परिवर्तन गर्दा उनीहरूले गैरदलित जातिका थरहरू लेख्ने गरेका पनि पाइन्छन्।

***जयन्ती : विशेष गरेर दलितहरूले कुन धर्म मान्ने गर्छन् ?***

***डी.डी.:*** दलितहरू खासगरी हिन्दुधर्म मान्छन् । यसो त पछिल्लो समयमा यस जातिमा धर्म परिवर्तनको लहरसमेत चलेको पाइन्छ । मुख्यतः हिन्दुधर्मका नाममा चलेको छुवाछुतप्रथाका कारण यस धर्मप्रति दलित जातिको आक्रोश रहेको पाइन्छ।

***जयन्तीः दलितभित्र पनि दलित छन्, पानी बाराबार छ भनिन्छ, के यो साँचो हो ? हो भने किन ?***

***डी.डी.:*** दलितभित्र पनि दलितहरू छन् र उनीहरू छोइछिटो नै गर्छन् । यो कुरा हाम्रो सामाजिक व्यवस्थामा साँचो हो। यस्तो अवस्था आउनुका पछाडि पनि हिन्दु ब्राह्मणवादी अहङ्कारले नै

काम गरेको छ।

***जयन्तीः दलितहरू कहाँ, कसरी, के व्यवसाय गरेर बसेका छन् ?***

***डी.डी.:*** दलितहरू नेपालका विभिन्न स्थानमा बसोवास गर्छन् । उनीहरू परम्परागत रूपमा सेवामूलक कार्यमा लागेको पाइन्छ । यसका साथै खेतीकिसानी, ज्यालादारी, मजदुरी र निर्माणका काममा उनी उनीहरूको संलग्नता पाइन्छ। पछिल्लो समयमा दलितहरू सरकारी सेवा, व्यापारव्यावसायमा पनि आएका छन्।

***जयन्तीः दलित समुदायमा धर्म संस्कारको पालना गराउने पुरोहितका रूपमाको रहन्छ ?***

***डी.डी.:*** दलितहरूले मूलतः हिन्दुधर्म नै मान्ने भएकाले यस समुदायमा धर्मसंस्कारको पालना गराउने कार्यमा ब्राह्मणहरू संलग्न भएका हुन्छन् । उनीहरूका कतिपय कर्मकाण्डी कार्यहरूमा भने भानिज तथा ज्वाइँहरू पनि सहभागी भएका हुन्छन् । अन्य धर्म मान्ने दलितहरूका सांस्कारिक कार्यहरूमा भने आफ्नो धर्मविशेषका व्यक्तिहरूले धार्मिक पुरोहितका रूपमा काम गर्छन्।

***जयन्तीः प्रायः दलितहरूलाई सिनो खुवाउने प्रचलन थियो भनिन्छ ? किन सिनो खान स्वीकार गरिएको होला ?***

***डी.डी.:*** दलितहरू सामाजिक-सांस्कृतिक रूपमा मात्र होइन आर्थिक रूपमा पनि सीमान्तकृत समुदाय नै हुन्। उनीहरूको श्रम र सिपको शोषण गरेर आर्थिक रूपमा पनि पिँधमा पारिएकाले मिठोमसिनो खाने मात्र होइन गाँस, बास र कपासको समेत अभाव भोग्न बाध्य समुदाय हो दलित समुदाय। उनीहरूमा ज्ञान, शिक्षा र चेतनाको अभाव रहेको छ । यही आर्थिक अभाव र चेतनाको अभावका कारण उनीहरूले सिनो खान स्वीकार गरेका हुन्।

***जयन्तीः किन अन्यायमा पर्दा पनि शूद्र दलितहरूले एक मत भएर सङ्घर्ष गरी न्याय प्राप्त गर्न नसकेका हुन् ?***

***डी.डी.:*** दलित सामाजिक-सांस्कृतिक मात्र नभएर राजनीतिक विभेदको पनि कारण हो । राजनीतिमा आफ्नो वैभवशाली वर्चश्व कायम गर्न सफल भएको वर्ग समुदाय शोषितपीडितहरूलाई एकजुट हुन नदिने र डिभाइड एन्ड रुलको नीतिअनुसार अगाडि बढ्छ । एकातिर यो उच्च जातीय समुदायमा रहेको यही मानसिकता र अर्कोतिर दलित वर्गसमुदायमा रहेको अज्ञानता र चेतनाको अभावका कारण उनीहरू एकजुट भएर आफ्नो अधिकारप्राप्तिका लागि सशक्त सङ्घर्ष गर्न नसकेका हुन्।

***जयन्तीः के दलितहरूले गैरदलितहरूसँग नाताकुटुम्ब कायम गरेका छन् ?***

***डी.डी.:*** नेपाली समाजमा विद्यमान विविध समस्या र जटिलताहरूमध्ये जातीय समस्या पनि मुख्य समस्याका रूपमा देखिएको छ। श्रमका आधारको वर्गीकरणलाई विकृत बनाई निर्माण गरिएको वर्णाश्रमको समस्याका कारणले नै छुत तथा अछुतमा मानिसहरू विभाजित भएका हुन् । दलित र गैरदलितका बिचमा विभेद र विभिन्नताको स्थिति धेरै पहिलेदेखि नै नेपाली समाजमा विद्यमान रहेको छ। कथित उच्च जातीय अहङ्कारका कारण दलित

भनिएका जातिहरू अमानवीय जीवन बाँच्न बाध्यसमेत भएका छन् । दलित र गैरदलितका बिचमा नातासम्बन्ध जोड्ने वा बिहेबारी गर्ने कुरा त्यति सजिलो छैन । पानी नै नचल्ने भनिएको दलित जातिसँग गैरदलित समुदायको मानिस वैवाहिक सम्बन्ध जोड्न तयार हुँदैन । यौनस्वार्थ पूरा गर्नका लागि प्रेमको अभिनय गरे पनि त्यसलाई विवाहमा परिणत गरेर सम्बन्ध जोड्ने वेलामा बहाना बनाएर तर्किने गरिन्छ । पछिल्लो समयमा समाजमा देखिएको चेतनाका कारण केही त्यस्ता सम्बन्ध बन्न सुरुवात भएका छन् तर पनि यस्तै अन्तर्जातीय विवाह वा प्रेमका कारण समाजमा अप्रिय घटनाहरूसमेत घट्ने गरेका कुराहरू हामी देख्न, पढ्न र सुन्न पाइरहेका छौँ ।

***जयन्ती: दलित परिवार वा समुदायभित्र महिलाहरूको अवस्था कस्तो देखिन्छ ? प्राय: दलित महिलाहरूको दिनचर्या कसरी बित्ने गरेको छ ?***

***डी.डी.:*** नेपाली समाजमा दलित महिलाहरू सामाजिक, आर्थिक, सांस्कृतिक एवम् जातीय उत्पीडनका काराण दोहोरो तेहोरो शोषण र दमनको अवस्था भोग्न बाध्य र विवश भएका छन् । जसका कारणले उनीहरूको अवस्था अक्सर दयनीय प्रकृतिको छ । एकातिर समग्र दलित समुदाय नै आर्थिक दृष्टिले पछाडि नै छ । यसको विवशता दलित महिलाहरूले पनि भोगिरेका छन् । दलित जातिले भोग्नुपर्ने अस्पृश्यताबाट दलित महिलाहरू मुक्त हुने कुरै भएन। अर्कोतिर नेपाली समाजको पितृसत्तात्मक सामाजिक स्वरूपका कारण महिलामाथिको विभेदबाट पनि उनीहरू उत्पीडत बनेका छन् । यसरी शोषण र दमनको दोहोरो तेहोरो अवस्था भोगेका दलित महिलाहरू कष्टकर जीवन बिताउन बाध्य रहेका छन् । उनीहरूको दिनचार्य यही शोषण र उत्पीडनका कारण सिर्जना भएको दर्दनाक जीवन सङ्घर्षरत भएर नै चलिरहको छ । नेपाली समाजमा रहेको दलित महिलाको अवस्थालाई यसरी विवेचना गर्न सकिन्छ :

**क. सामाजिक असमानता र विभेद**

दलित महिलाहरूका मुख्य समस्यामा सामाजिक भेदभाव, जातीय अपमान र पेसागत विभेद समावेश छन् । नेपालको परम्परागत जातीय संरचनामा दलित समुदायलाई अझै पनि तल्लो स्थानमा राखिन्छ र दलित महिलाहरूको स्थिति अझै कमजोर हुन्छ । कतिपय स्थानमा उनीहरूलाई 'अस्पृश्य' (untouchable) मानिन्छ र यसले उनीहरूको दैनिक जीवनमा अत्यधिक विभेद र उत्पीडन ल्याउँछ ।

**ख. शिक्षा र स्वास्थ्य**

शिक्षा र स्वास्थ्य सेवामा पहुँचको कमी पनि दलित महिलाहरूको जीवनको एउटा ठूलो चुनौती हो । नेपालका ग्रामीण क्षेत्रहरूमा दलित परिवारका महिलाहरू प्रायः स्कूल जान पाउँदैनन्। यस्ता महिलाहरूको शिक्षाको स्तर कम रहन्छ र स्वास्थ्य सेवामा पनि उपेक्षित रहन्छन् ।

**ग. आर्थिक स्थिति**

दलित महिलाहरू प्रायः कृषि र घरेलु काममा संलग्न हुन्छन् । उनीहरूको आर्थिक स्थिति कमजोर हुन्छ र परिवारको जीविका चलाउन कडा परिश्रम गर्नुपर्छ । तिनीहरू प्रायः दिनभरि घरको काम, बालबालिका हेरचाह र खेतमा

काम गर्दै समय बिताउँछन् । यससँगै परम्परागत जातीय विभेदका कारण उनीहरूलाई कामको उचित पारिश्रमिक वा सम्मान पनि दिइँदैन ।

**घ. कामकाजी महिला र हिंसा**

दलित महिलाहरू प्रायः घरेलु कामकाजी, खेती मजदुरी र अन्य काममा संलग्न हुन्छन् । यसबाहेक उनीहरू प्रायः लैङ्गिक हिंसा र घरेलु हिंसाको सिकार पनि हुन्छन् । जातीय भेदभाव र लैङ्गिक असमानताका कारण तिनीहरूमा शारीरिक र मानसिक उत्पीडनको अवस्था धेरै हुन्छ ।

**ङ. सामाजिक र सांस्कृतिक सशक्तीकरण**

हालका वर्षहरूमा नेपालमा दलित समुदायको अधिकारको पक्षमा विभिन्न पहलहरू भइरहेका छन्, जस्तै दलित महिला अधिकार र समानतामाथि चासो र सचेतना बढिरहेको छ । सरकारी योजनाहरू र गैरसरकारी संस्थाहरूले दलित महिलाहरूलाई आत्मनिर्भर बनाउन र सामाजिक सशक्तीकरणमा योगदान पुऱ्याउने प्रयास गरिरहेका छन् ।

**च. धार्मिक र सांस्कृतिक रुढिवाद**

धार्मिक र सांस्कृतिक रुढिवादी दृष्टिकोणहरूले दलित महिलाहरूको जीवनमा थप बाधा पुऱ्याउँछन् । दलित महिलाहरूलाई धार्मिक अनुष्ठान वा पर्वसम्बन्धी गतिविधिहरूमा सहभागी हुनबाट समेत रोक्ने प्रचलन छ । यसले उनीहरूको सामाजिक समावेशीकरणमा ठुलो अवरोध उत्पन्न गर्दछ । दलित महिलाहरूका लागि जीवनका चुनौतीहरू धेरै गम्भीर छन्, जसमा सामाजिक असमानता, लैङ्गिक भेदभाव, आर्थिक कठिनाइ र स्वास्थ्यसेवामा पहुँचको अभाव प्रमुख छन् । यद्यपि परिवर्तनका लागि कतिपय पहल र अभियानहरू भइरहेका भए तापनि दलित महिलाहरूको जीवन अझै पनि धेरै सुधारको खाँचो भएको छ ।

***जयन्तीः प्रायः दलित महिला पछि पर्नुका कारण के के हुन् ?***

*डी.डी.ः* दलित महिलाहरू सामाजिक, आर्थिक, सांस्कृतिक, लैङ्गिक एवम् जातीय दृष्टिले पछि परेका छन् । उनीहरूमाथि उत्पीडनका विविध स्वरूपहरू लादिएको छ । सामाजिक भूमिकाबाट वञ्चित गरिएको छ । शिक्षाको अवसरबाट पनि अधिकांश दलित महिलाहरू पछि नै परेका छन् । स्वास्थ्यलयगायतका अपरिहार्य आवश्यकता पूर्ति गर्ने अवस्था पनि उनीहरूको छैन । यी र यस्तै कारणले गर्दा दलित महिलाहरू पछि परेका छन् ।

***जयन्तीः दलित महिलाहरूको शिक्षा र स्वास्थ्यमा कस्तो पहुँच रहेको छ ?***

*डी.डी.ः* नेपाली समाज मूलतः पितृसत्तात्मक समाज हो । यस समाजका सबै जातका महिलाहरू नै अझै पनि पुरुषको तुलनमा शिक्षा र स्वास्थ्यको पहुँचबाट बाहिरै छन् भने त्यसैमाथि दलित जातका महिलाहरूको अवस्था झनै कमजोर रहेको छ । मूल कुरा आर्थिक अवस्था सहज नभइकन कुनै पनि कुरा सबल र राम्रो बन्न सक्दैन । दलित महिलाहरू आर्थिक रूपमा अति कमजोर छन् । उनीहरूमा सम्पत्तिको अधिकार छैन । यसका कारण शिक्षा र स्वास्थ्यमा पनि उनीहरूको पहुँच दयनीय अवस्थाको देखिन्छ ।

***जयन्तीः वर्तमानकालीन अवस्थामा दलित समुदाय र विशेषगरी महिलाहरूका लागि***

***सरकारी संयन्त्रबाट कस्तो भूमिका निर्वाह गर्नुपर्ने देख्नुहुन्छ ?***

***डी.डी.:*** वर्तमानकालीन नेपालमा दलित समुदाय र विशेष गरी दलित महिलाहरूको सामाजिक, आर्थिक र शैक्षिक अवस्था सुधार्नका लागि सरकारी संयन्त्रबाट महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु अत्यन्त आवश्यक छ । सरकारको भूमिकालाई प्रभावकारी बनाउनका लागि समानता र समावेशितालाई सुनिश्चित गर्ने र त्यसको प्रभावकारी कार्यान्वयन गर्नु आवश्यक छ। खासगरी दुर्गम ग्रामीण दूरदराजका महिलाहरूलाई यस्तो अवस्थाको सुनिश्चितता प्रदान गरी उनीहरूलाई समाजविकासको मूल धारमा ल्याउनुपर्छ । यस्तै संविधान र विभिन्न प्रकारका कानुनीव्यवस्थाको प्रवर्धन एवम् कार्यान्वयनका माध्यमबाट पनि दलित समुदाय एवम् महिलाको अवस्थामा सुधार ल्याउन सकिन्छ । नेपालको संविधान एवम् कानुनले जातीय तथा लैङ्गिक विभेदका विरुद्धमा विभिन्न प्रकारका व्यवस्था गरेको छ तर त्यसको कार्यान्वयन पक्ष निकै फितलो प्रकृतिको छ। सरकारले विभिन्न प्रकारका निकायहरूको व्यवस्था गरी संविधानको र कानुनको कार्यान्विन र आवश्यक कतिपय कानुनको निर्माण गर्नु आवश्यक देखिन्छ। यस्तै जातीय भेदभावविरुद्ध कडा कदम चाल्ने सरकारी नीतिका माध्यमबाट पनि समाजमा विद्यमान जातीय विभेदको अवस्था अन्त्य गर्न र दलित समुदायको अवस्था उठाउन सकिन्छ । दलित महिलाहरू अझै पनि जातीय भेदभाव र उत्पीडनको सिकार भइरहेकाले सरकारको जिम्मेवारी भनेको यस्तो भेदभावको समाप्ति गर्न कडा निगरानी र कानुनी कार्यवाही गर्नु हो । यसमा शिक्षाको माध्यमबाट जागरूकता र समुदायको सहभागिता पनि अनिवार्य छ । हो, यस कुरातर्फ सरकाले विशेष ध्यान दिन आवश्यक छ। शिक्षा सामाजिक चेतनाको सबैभन्दा सशक्त माध्यम हो। शिक्षाको विकास नै भएन भने मानिसमा चेतनाको अभाव हुन्छ र त्यसपछि समाजका कुनै पनि क्षेत्र वा समुदायको उत्थान हुँदैन। दलित महिला शिक्षामा पहुँचको सुधारका लागि सरकारी संयन्त्रको भूमिका महत्त्वपूर्ण छ । यसका लागि केही प्रमुख कदमहरू :

विशेष योजनाहरू र छात्रवृत्तिहरू : दलित महिला र बालिकाहरूको शिक्षा प्रोत्साहन गर्न विशेष छात्रवृत्ति, योजना र भर्ना प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ । सरकारी विद्यालयहरूमा दलित महिलाहरूको भर्ना र उपस्थितिमा बढावा दिनु जरुरी छ।

शिक्षक र शिक्षकाहरूको तालिम : विद्यालयका शिक्षकहरूलाई दलित समुदाय र विशेषगरी महिलाहरूको संवेदनशीलता र समानतामा आधारित तालिम दिनुपर्छ जसले भेदभाव र उत्पीडनको स्थितिलाई कम गर्ने छ।

दूरदराजका क्षेत्रहरूमा पहुँच विस्तार : शैक्षिक संस्थाहरूलाई दलित समुदायका महिलाहरूको पहुँचमा ल्याउन गाउँ-गाउँमा विद्यालयहरूको स्तरोन्नति र दूरदराज क्षेत्रहरूमा मोबाइल विद्यालयहरूको प्रबन्ध गर्नुपर्छ। यसैगरी दलित समुदाय एवम् महिलाको अवस्थामा परिवर्तन ल्याउनका लागि सरकारी तबरबाट उनीहरूको स्वास्थ्यसेवामा पहुँच वृद्धि गर्ने, आर्थिक सशक्तीकरणको विकास गर्ने, लैङ्गिक एवम्

जातीय हिंसाका विरुद्धमा कडा कानुन निर्माण गर्ने र त्यसको प्रभावकारी कार्यान्वयन गर्ने, सामाजिक सुरक्षा प्रदान गर्ने, जागकरुकताको विकास गर्ने र सामाजिक परिवर्तनमा लक्षित समुदायलाई क्रियाशील गराउनेजस्ता कार्य गर्न आवश्यक छ । नेपालमा दलित समुदाय र विशेषगरी दलित महिलाहरूको जीवनस्तर सुधार गर्न सरकारले विशिष्ट, प्रभावकारी र समावेशी नीति र योजना लागू गर्नु आवश्यक छ। समाजका सबै तहमा समानता र समावेशिता सुनिश्चित गर्दै सरकारको भूमिकाले दलित महिलाहरूलाई सशक्त र आत्मनिर्भर बनाउनमा महत्त्वपूर्ण योगदान पुर्‍याउन सक्छ।

***जयन्तीः नेपाली समाजमा अन्य वर्णका जातिहरूमा जस्तै शूद्र वा दलितहरूमा पनि पुरुषसत्ता हाबी हुने गरेको छ ?***

*डी.डी.:* नेपाली समाजको मूल विशेषता पितृसत्तात्मकता पनि हो । समग्र समाजमा पितृसत्ताले राम्रैसँग जरो गाडेको छ। दलितका तुलनामा अन्य जाति समुदायमा शिक्षा र ज्ञानको विकास र विस्तार राम्रो भएको देखिन्छ तर त्यहाँ पनि पितृसत्ताको दरै उपस्थिति रहेको छ। पुरुषले समाजमा जे र जति हक र अधिकार अनि अवसर र भूमिका प्राप्त गरेको छ महिला त्यसका तुलनमा धेरै नै पछि छन् । दलित समुदाय त झन् सदियौँदेखि उत्पीडनको सिकार हुँदै आएको छ। यस समुदायले शिक्षामा राम्रो अवसर पाएको छैन, आर्थिक रूपमा निकै पछि परेको यस्तो समाज पितृसत्तात्मक सोचबाट माथि उठ्ने कुरै हुँदैन।

***जयन्तीः दलित र गैरदलितहरूको कर्मकाण्ड, तीर्थव्रत एकै किसिमको हुन्छ ? हुन्छ भने किन ? र हुँदैन भने किन ?***

*डी.डी.:* नेपालका अधिकांश दलितहरू हिन्दुधर्म नै मान्छन्। वास्तवमा नेपाली समाजमा जातीय विभेदको अवस्था सिर्जना गरेको पनि हिन्दुवादी ब्राह्मणवादी सोचले हो । हिन्दु धर्मशास्त्र र ग्रन्थको अपव्याख्या गरेर नै नेपाली समाजमा जातीय विभेदको अवस्था निर्माण गरिएको हो। यसर्थ दलितहरू पनि हिन्दुधर्म नै मान्ने भएकाले उनीहरूका कर्मकाण्ड, तीर्थव्रत एवम् धार्मिक क्रियाकलाप एकै प्रकारका छन्।

***जयन्तीः के तपाईँ दलित शब्दप्रति सहमत हुनुहुन्छ ?***

*डी.डी.:* जातीय रूपमा मात्र नभएर समाजका हरेक तह र तप्काका पीडित, दमित, शोषित र उत्पीडनको सिकार भोग्न बाध्य र विवश जातिविशेषलाई बुझाउने अर्थमा म दलित शब्दसँग सहमत छु।

***जयन्तीः 'जहाँ गरिब त्यहाँ हरिप' भन्ने लोकोक्ति पाइन्छ ! के गरिब मात्र हरिप हुन्छन् भन्ने छ ? किन यसरी हेपर भनिएको हो ?***

*डी.डी.:* वर्गीय समाजमा आर्थिक दृष्टिले शक्तिशाली जो छ उसैसँग सम्पूर्ण प्रकारको शक्ति हुन्छ। उत्पादनका स्रोत र साधनमा एकाधिकार जमाएर बसेको सीमित वर्गको आर्थिक अधिपत्य छ र उसैको शोषणले मानिस गरिब बनिरहेको हुन्छ । आफ्नो शोषणको राज बचाइरहन ऊ श्रमजीवी एवम् गरिबलाई यसै गरी हेप्ने काम गर्छ।

***जयन्तीः दलित शब्दले सुन्दैमा जो कोहीलाई मनोसामाजिक प्रभाव पार्छ भने फेरि दलित आयोग भनी किन नामकरण गरिएको होला ?***

*डी.डी.:* मानिस कोही पनि आफैँमा वा

जन्मदै दलित भएर आउँदैन । उसलाई हाम्रो सामाजिक-सांस्कृतिक परम्परा र ब्रह्मणवादी अहङ्कारले दलित बनाउँदछ । मानिसमा जब ज्ञान र चेतनाको विकास हुन्छ तब उसले आफूमाथिको दलनको महसुस गर्छ र उसमा प्रतिरोधको पनि बीजारोपण हुन्छ। दलित शब्द अब जो दलनमा पारिएको जातिविशेष छ त्यसको पहिचानबोधक शब्द पनि हो। विभिन्न कारणले दलित बनाइएर विभेद भोग्न बाध्य र विवश बनाइएको जातिलाई मुक्तिचेत प्रदान गर्न र उनीहरूका पक्षमा वकालत गरी अवसर र भूमिका प्रदान गर्न तथा समानता र समताको वातावरण निर्माण गर्नका लागि राज्यका तर्फबाट आधिकारिक निकायको आवश्यकतापूर्तिका निम्ति दलित आयोगको गठन गरिएको हो र यसलाई पहिचानबोधक शब्दका रूपमा प्रयोग गरिएको हो।

***जयन्तीः दलित र गैरदलित एकछत्र हुन के गर्नुपर्छ ?***

***डी.डी.:*** आर्थिक विकास वा समानता नै समाजका सम्पूर्ण प्रकारका विभेदको अन्त्य गर्ने एक मात्र वैज्ञानिक अस्त्र हो।

***जयन्तीः दलित आरक्षणका सम्बन्धमा यहाँको धारणा के छ ?***

***डी.डी.:*** निश्चित अवधि र प्राप्तिसम्मका लागि आरक्षण आवश्यक छ । यसलाई आर्थिक, जातीय, क्षेत्रीयजस्ता विविध दृष्टिले साँचो अर्थमा पछि परेका वा पारिएका समुदायसम्म पुर्‍याउनुपर्छ।

## ❑ टुक्का कविता



**❖ अरूणबहादुर खत्री 'नदी'**

१

तिमी चुप लागि बस्छौ मैले के पो गर्ने
माया गर्छु भन्दाभन्दै भयो वेला मर्ने।

२

आमाको हातमा दिने गर्छु मेरो कमाइ
आमासँगै बस्ने गर्छु हाँसी खुसी रमाइ।

३

गाउँघर सुनसान देख्दा मेरो मन खिन्न लाग्छ
सहरको महङ्गीले गर्दा गाउँको मानिस भाग्छ।

४

केका लागि बने नदी रगतका सङ्घर्ष कस्ता थिए ?
पृथ्वीले सब फूल सञ्चय गरी नेपाल गाँसी दिए।

५

सुस्ताए फूल ती बगानबिचमा, माली गुमेझैँ गरी
आउ जन्म लिई हिमालयमुनि वर्कत उस्तै धरी।

६

मनभित्र बग्दै छ शब्दको गङ्गा
आकाशमा उडाउँछु मैले चङ्गा।

*बुढानीलकण्ठ-४, पासिकोट,*
*शिवमन्दिर, काठमाडौँ*



❖ वन्दना सहाय
नागपुर, भारत

## तिमी र तिम्रा कविता

तिमीलाई दर्जा दिइयो
एक साधारण स्त्री हुनुको
र तिमीले सकिनौ नाघ्न
कहिल्यै भान्छाको सँघार !
घरका सामानहरूका बिच
आफ्नो ठाउँ बनाउँदैमा
थाहा छैन बिते कति वर्ष !

होइनौ तिमी दराजमा बन्द मसला
तिमी त हौ प्लास्टिकको डब्बामा राखेको नुन
जो हुन्छ अपरिहार्य सबैका लागि
तिमी छैनौ त कुनै चिजमा छैन स्वाद ।
पढेरलेखेर जेजति सिक्यौ तिमीले
त्यो पनि बन्द भएर रह्यो
कुनै रासनको डब्बामा ।

फेरि एक दिन तिमीलाई
पुकाऱ्यो संवेदनाले
अनि तिमी लेख्न लाग्यौ कविताहरू ।
कविताहरू
जसलाई तिमीले दिएकी थियौ जन्म
सहेकी थियौ उनको प्रसव-पीडा
तिम्रा सच्चा कविताहरूले छुन्छन् हृदयलाई
किनकि पाक्छन् यिनका शब्दहरू
तातो आँचमा रोटीहरूका साथ
हल्का सुनौला-खैरा भएर ।

त्यति सजिलो छैन
शब्दहरू पाक्न आगोको साथ
तर साथ जो तिमी हुन्छ्यौ
आगोको अनुभव गरिरहेकी ।

## तिमी खास हौ

धेरैपटक तिमीलाई देखिन्छ तरकारी बजारमा
जब तिमी किनिरहेकी हुन्छ्यौ तरकारी
पाउदेखि लिएर केही किलोसम्म
तरकारीलाई राखेर आँखाको सामुन्ने

तिमी तिनलाई त्यसरी नै परीक्षण गर्छ्यौ
जसरी परीक्षण गर्छ जौहरीले सिसाद्वारा हिरा।

पहिले पनि तिमीलाई देखेको थिएँ
जब तिमी थियौ एक कोमल लता
आज देख्दै छु तिमीलाई वर्षौंपछि
एक कठोर रुखको रूपमा
बदलिसक्यो तिम्रो गोरोवर्ण पनि अब
ताम्रवर्णमा!
तिम्रो सीमित शक्तिले पनि
यस्ता धेरै कार्य भए
जो थिए असम्भव।
भलै मिलेन तिमीलाई कुनै कप या मेडल
तर तिमीले गर्‍यौ कैयौँ ठुल्ठुला काम
जसको कसैलाई कहिल्यै पनि आभास भएन
र तिमीले पनि त कसैलाई
यसको आभास गराइनौ
कतिपटक तिम्रो कुनै नाम हुँदैन
तिमी बेनाम अनि गुमनाम भएर पनि
'घर'को आत्मा रच्छ्यौ
तिमी धेरै खास हौ
तर आम लाग्छ्यौ।

अनि...
कसले दियो तिमीलाई आशीर्वाद
दीर्घायु हुने
फेरि पनि, हरेक दिन
हात जोडेर गर्छ्यौ प्रार्थना
आफ्नो परिवारको सुखशान्तिका लागि!

*(हिन्दीबाट अनुवादः सुमी लोहनी
भाटभटेनी, काठमाडौं नेपाल)*

## सर्जकहरूमा सादर अनुरोध

कृपया अन्य पत्रपत्रिका, अनलाइन पत्रिका, फेसबुक आदिमा प्रकाशनका लागि नदिइएका र कतै पनि प्रकाशित नभएका प्रकाशनयोग्य सिर्जना मात्र सम्पादनको अधिकारसहित 'शब्द-संयोजन' साहित्यिक मासिक पत्रिकामा प्रकाशनार्थ पठाउनुहुन सादर अनुरोध गरिन्छ। यस पत्रिकामा प्रकाशनार्थ पठाइएका सिर्जना अन्यत्र प्रकाशन गर्नुपर्ने भएमा सूचना दिएर मात्रै प्रकाशन गर्नुहुन हार्दिक अनुरोध गरिन्छ।

***– शब्द-संयोजन परिवार***

# कटरबोटेको लाहुर यात्रा



❖ गोविन्दबहादुर कुँवर

कटरबोटे जेठा उर्फ गयाप्रसादलाई भर्खरै हामीले एउटा स्थानीय गैरसरकारी सामाजिक संस्थाको अगुवा छानेका थियौँ । उनको पढाइलेखाइ कम भए पनि उनी जागरुक थिए । देश खाएर शेष भएका व्यक्ति थिए । यसपटक हाम्रो संस्थामा अधिकांश नयाँ अनुहारहरू सदस्यको रूपमा भित्रिएका थिए । हामी केहीले उनलाई राम्रै चिने पनि धेरैले उनलाई राम्रोसँग चिनेका थिएनन् । उनले पनि थोरैलाई मात्र राम्रोसँग चिनेका हुँदा हुन् । हामीले नयाँ कार्य समितिको पहिलो पूर्ण बैठकमा परिचय कार्यक्रम पनि राखेका थियौँ । अरू सबैले आफ्नो परिचय दिइसकेपछि उनको पालो आएको थियो र सचिव शेरबहादुरले भनेका थिए, 'अब अध्यक्षज्यूले आफ्नो परिचय दिनुहुन्छ ।'

उनले सबैलाई धन्यवाद दिए र भने, 'म मेरो पृष्ठभूमि यहाँहरूलाई भन्न चाहन्छु । म पढेलेखेको मान्छे होइन तैपनि मलाई यहाँहरूले अघि सार्नुभयो र मैले यहाँहरूको आग्रहलाई नकार्न सकिन । मलाई यहाँहरूले नै मार्ग निर्देशन गर्नुहुने छ र हाम्रो कार्यकाल पूर्ण रूपमा सफल हुने छ भन्ने मैले विश्वास लिएको छु ।' उनी भन्दै गए, 'मेरो शैक्षिक योग्यता सात कक्षासम्म मात्र हो । यसको पनि कथा छ । आजभन्दा छ दशकअघि हाम्रो गाउँमा कुनै स्कुल पाठशाला थिएन । मेरो शिक्षारम्भ कोलस्वाराँको पाठशालाबाट सुरु भएको हो । एक वर्षपछि मलाई भिनाजुले कुन्छा लिएर जानुभयो । उहाँ शिक्षक हुनुहुन्थ्यो तर उहाँले पढाउने पाठशाला टाढा रहेछ । म सेवा मन्दिर पाठशालामा डेढ वर्ष मात्र पढेर घर आएँ र बरेटारमा तीन कक्षामा भर्ना भएँ । चार कक्षा धारापानीको पाटीमा सञ्चालित अनौपचारिक पाठशालामा पढेँ । पाँच कक्षा पढ्न फेरि बरेटारको पाठशालामा भर्ना भएर पढेँ र पास भएँ । त्यतिखेर मेरो उमेर सोर वर्ष थियो । त्यही वर्ष बाले बाजा बजाएर मेरो विवाह गरिदिनुभयो । बिहेपछि मलाई घरमा बसेर पढ्न मन लागेन र चितवन झरेँ । गुञ्जनगरमा मेरो बुढामावली थियो । मैले भनेँ, 'म हजुरहरूलाई बिहान, बेलुका र विदाको दिन  घरको काममा पनि सघाउँछु र दिउँसो स्कुल पढ्छु । बुढा मामली हजुरबाले मलाई गीतानगरको विद्यालयमा छ कक्षामा भर्ना गरिदिनुभयो । म नियमित स्कुल जान थालेँ । बिहानबेलुका घरको काम पनि मन लगाएर गर्थें ।

हाम्रो कक्षामा १५/२० जना केटाहरू

र २/३ जना केटीहरू थिए । मेरो कक्षामा एकजना आइतमान  नाम गरेको साथी थियो । ऊ उमेरले मभन्दा १/२ वर्ष कान्छो हुँदो हो तर ऊ मभन्दा अग्लो थियो । ऊ हलक्क बढेको खाइलाग्दो केटो थियो । ऊ मलाई दाइ भन्थ्यो । म पनि उसलाई भाइ भनेर माया गर्थें । हामी सँगै स्कुल जाने र सगैं आउने गर्थ्यौं । स्कुलमा एउटै बेञ्चमा बस्थ्यौं र दिउँसो खाजा छुट्टीमा पनि सङ्गै खेल्थ्यौं । एक दिन आइतमानले भन्यो, 'सबै लाहुर जान्छन्, पैसा कमाएर ल्याउँछन् । हेर ! गयाप्रसाद हामी पनि लाहुर जाम् । पढ्न त झ्याउ लाग्यो । कहिले पढेर झ्याउने, कहिले जागिर खाने ?'

मलाई पनि पढ्नभन्दा जागिर खान मन लागेको थियो । घरको अवस्था पनि त्यस्तै थियो । हाम्रो परिवार ठुलो थियो । भाइबहिनी सानै थिए । बाको जागिर थिएन, आम्दानीको कुनै स्रोत थिएन । मैले भनें, 'जान त हुन्थ्यो तर मसँग त एक पैसा पनि छैन ।' उसले भन्यो, 'पैसा त म जसरी पनि जुटाउँछु । तिमी पैसाको फिक्री नगर ।'

केही दिनपछि उसले बाबाको खल्तीबाट पैसा उछिट्याएछ । हामी बिरगञ्ज गयौं र त्यहाँबाट रक्सौल हुँदै भारतको सीमाभित्र प्रवेश गऱ्यौं । त्योभन्दा पहिले नेपालमै आइसी साटिसकेका थियौं । भारतमा नेपाली मुद्रा चल्दैन भन्ने आइतमानलाई थाहा रहेछ । उसका बा सायद लाहुरे थिए कि ! लाहुर जान रेल चढ्नुपर्छ भन्ने मैले सुनेको थिएँ । हामी रेल्वे स्टेसन गयौं र टिकट काउन्टरमा आइसी बिसको नोट छिराएर टिकट दिन भन्यौं । टिकट बाबुले कहाँको टिकट दिने भनेर सोध्यो । हामीलाई जाने ठाउँ थाहा थिएन । हामी नबोली बस्यौं । हामीलाई टिकट बाबुले टिकट दियो र रेलको प्रतीक्षा गर्ने ठाउँ देखाइदियो ।

भोलिपल्ट बिहान हामी दरभङ्गा पुग्यौं । हामीलाई दरभङ्गासम्मको टिकट काटिदिएको रहेछ । दरभङ्गा ठुलो सहर रहेछ । त्यतिखेर आँप पाकेको वेला परेछ । त्यहाँ ठुलो हाट लागेको थियो र सबै ठाउँमा  पाकेका आँप सजाएर राखिएको थियो । हामीले चार आनामा ठुल्ठुला दुइटा आँप किनेर तिनमा प्वाल पारी चुस्तै सहर घुम्यौं । हामीलाई कहाँ जाने भन्ने निश्चित गन्तव्य थाहा थिएन तर हामीलाई लाग्यो लाहुर अझै आएको छैन । बेलुका भएपछि फेरि रेल्वे स्टेसन गएर टिकट काउन्टरमा बिस रुपियाँ छिराएर दुइटा टिकट माग्यौं । तोकिएको समयमा रेलमा चढ्यौं । रात्रिकालीन सहर र बस्ती तथा वनजङ्गल र खेतीपाती हेर्दै कतिखेर निदाइएछ । बिहान हुने वेलामा हामी चढेको रेल समस्तीपुर पुगेछ । आजको हाम्रो यात्राको अन्तिम बिन्दु पनि त्यही रहेछ ।

हामी केही बेर घुमफिर गरेपछि ठुलो आकाशे पुलपारि एउटा होटलमा पसेर खाना सोध्यौं । होटलवालाले पाइन्छ भन्यो । उसले मासु पनि खाने होला नि भन्यो । हामीले हो भन्यौं । हामीलाई खाना ल्याइयो । मैले मासुको झोलसित भात खान थालें । झोल असाध्यै मिठो थियो । पछि चोक्टा झिकेर खान लाग्दा शंका लागेर 'केको मासु हो ?' भनेर सोधैं ।

होटलसाहुले गाईका भन्यो । त्यो मुसलमानको होटल रहेछ । हामीले साइनबोर्ड हेर्न पनि मेसो पाएका थिएनौँ । त्यसपछि मैले भात खान सकिन । धेरैपटक मुख कुल्ला गरेँ तर सिकसिक लागिरह्यो । त्यसपछि केही मिठाइ र फलफूल खाएपछि बल्ल सिकसिक लाग्न छोड्यो । हामी समस्तिपुर पनि दिनभरि स्टेसनभित्र घुमेर बेलुका भएपछि बिस रुपियाँ काउन्टरमा घुसारेर टिकट माग्यौँ ।

भोलिपल्ट हामी जोगवनी पुगेछौँ । मलाई त सिमानामा नेपालको नाम देखेर हर्षका आँसु आए । मेरो मन हरर भएर आयो । दुईतीन दिनको भारत घुमाइले मेरो मन आतिइसकेको रहेछ । म यति धेरै खुसी भएँ कि म त्यसलाई शब्दमा व्यक्त गर्न सक्तिन । जोगवनीबाट विराटनगर जान एक्काले एकजनाको चालिस पैसा लिने रहेछ तर हामीले हिँडेरै जाने सल्लाह गरेर हिँड्यौँ । बाटोमा जाँदै गर्दा हामी मिल्स एरिया पुग्यौँ । त्यहाँ नेपाल आर्मीको भर्ती खुलेको रहेछ । हामी पनि त्यहाँ गएर लाइन लाग्यौँ । मलाई होचो भनेर फालिदियो । आइतमान छानियो र भर्ना भयो । ऊ सबै कुरामा अब्बल भयो । उसले मलाई खर्च गरेर बाँकी रहेको सत्तरी रुपियाँ दियो । म उसित बिदा भएर अगाडि बढ्दै गर्दा मैले एउटा ब्यावसायिक तालिम केन्द्रको साइनबोर्ड देखेँ । मलाई तालिम लिन पाइन्छ कि भन्ने लाग्यो । भित्र पसेर मैले सोधखोज गरेँ । त्यहाँ मलाई ‘यहाँ व्यावसायिक तालिमको लागि भर्ना छनोट चलिरहेको छ, तिमीले चाहेमा तिमी पनि बस्न सक्छौ’ भने । त्यहाँ दशजना चाहिनेमा छजना मात्र भएका रहेछन् । मलाई तालिमको अवसर दिइयो ।

मैले छ महिने तालिम पूरा गरेँ । हामीलाई भित्रै खान दिइन्थ्यो । सुत्नका लागि बाहिर बेञ्चमा लहरै सुतिन्थ्यो । त्यो तालिम जुटमिलमा चाहिने दक्ष कामदार उत्पादन गर्न दिइने रहेछ । त्यसैले तालिम समाप्त भएपछि हामी सबैले जुटमिलमा काम पायौँ । हाम्रो स्थायी नियुक्ति भयो । उतिखेर जुटमिलमा उनन्तिस सय श्रमिकहरू थिए, तिनमा नब्बे प्रतिशत भारतीय र दश प्रतिशत जति नेपाली थिए । स्टाफमा भने नेपाली बिस प्रतिशत जति थिए र भारतीय असी प्रतिशत थिए । त्यतिखेर जुटमिल पूर्ण क्षमतामा चलेको थियो । मैले बेल्चिङमा सुरुमा हेल्पर भएर काम गरेँ, पछि मिस्त्रीमा मेरो पदोन्नति भयो । चाड पर्व र विशेष काम पर्दो वेलाबखत घर जाने आउने गरेँ । त्यहाँ मैले २५ वर्ष काम गरेँ अनि उपदान लिएर स्वेच्छिक अवकाश लिएँ । त्यसपछि घर आएँ, पक्की घर बनाएँ, केटाकेटी पढाएँ, बिहेदान गरेँ, घर समालेँ ।

तीन दिने लाहुर यात्राले मलाई श्रम गर्न सिकायो । जुनै काम गर्न पनि लाज नलाग्ने बनायो । घर आएर पनि म खालि बसिन । तरकारी खेती गरेँ । पसल राखेँ । कुखुरा पालन गरेँ । ठेलामा राखेर घरघरै तरकारी बेचेँ, कुखुरा बेचेँ । मिल चलाएँ । सामाजिक काम पनि जो सकेको गरेँ । मेरो आज जेजति भौतिक उपलब्धि छ त्यसको आधार भनेको, त्यै लाहुरको कमाइ हो । यति भनेर उनले आफ्नो कथा टुङ्गाए ।

'अनि तपाईँलाई कटरबोटे किन भनिएको नि ?' एकजना सदस्य कृष्णरामले जिज्ञासा राखे । उनले भने, 'यसको पनि उपकथा छ- हाम्रा हजुरबालाई भक्तेसाहु भन्थे । उतिवेला उहाँको हाँकोडाँको थियो हाम्रो गाउँ कुसुमपानीमा । हाम्रा हजुरबाका चार भाइ छोरामा हाम्रा बा माइलो हुनुहुन्थ्यो । चार भाइमध्ये हाम्रा बा सोझो र निमुखो पनि हुनुहुन्थ्यो । आमा पनि सोझी र अलि शारीरिक रूपमा पनि कमजोर हुनुहुन्थ्यो । आमाले जहान घरमा अरूसँग प्रतिस्पर्धा गरेर खान सक्तिन भनेपछि बाले हजुरबासित आफू छुट्टिने प्रस्ताव गर्नुभएछ अनि हजुरबाले 'तँ छुसी छुट्टिन्छस् भने जा कटरबोटे गरेर खा' भन्नुभएछ ।

उतिवेला बेसीमा औल लाग्छ भनेर राति बस्ने चलन थिएन । तिस-पैँतिस रोपनीको कटरबोटे उतिखेर मिल्केको बग्रेनी पाखो तथा टारी र सिमखेत थियो । तीन-चार रोपनी खरबारी थियो । हजुरबाले अरू राम्रा गैरीखेतका पाटाहरू आफूलाई र अरू छोराहरूलाई राख्नुभएको थियो तर समयक्रममा कटरबोटेबाट मोटर बाटो गयो र सोझोसिधाका खुट्टा बाटामा भनेजस्तो भयो हामीलाई । हाम्रो घरवास कटरबोटे भन्ने जग्गामा भएकाले हामी कटरबोटे भनियौँ ।

*जिमित्रे, भोटेओडार, लमजुङ ।*

## ❑ लघुकथा



❖ **राजकुमार पोखरेल**

# माइँलो

(काठमाडौँको कुनै कुनामा एक मासुपसले छ । )

पसले : ए माइलो ! आज सिमसिमे पानीमा खाली गाडा लिएर कता आइस् हौ ?

माइलो : कता आउनु नि । यहीँ आको ।

पसले : ए ! भन् के चाहियो ?

माइलो : यसो पचास रुपैयाँको खसीको बोसो दिनू न ।

पसले : छैन ।

माइलो : उ क्या त झुन्डिएको !

पसले : ए ! यो बोसो त साबुन फ्याक्ट्रीलाई दिन राखेको । तँलाई किन चाहियो नि ?

माइलो : खान चाहिएको नि साहुजी ।

पसले : बोसो पनि खान्छन् ! रोग लाग्छ ।

माइलो : रोग त साहुहरू, धनीमान्छेलाई पो लाग्छ । हामी त बोसो सेकेर खान्छौँ । मासुको धित मर्छ अनि जिउ तातो हुन्छ र गाडा ठेल्ने तागत आउँछ ।

*सातदोबाटो, ललितपुर ।*



❖ रूपक अलङ्कार

# प्रस्ट उद्देश्य

कुर्लिन्छन् कहिले चढी शिखरमा संसार थर्काउँछन्
यस्तो लाग्छ हुरी बनेर यिनले खोला नि फर्काउँछन्
के बोल्ने अनि के गरेर चिनिने उद्देश्यमा प्रस्ट छन्
भ्रष्टाचार गरेर बाँच्न नपरोस् भन्नेहरू भ्रष्ट छन् ॥१॥

बाँडी खानुपर्‍यो भनेर यिनले झङ्कार घन्काउँछन्
मौका मात्र मिल्यो भने असलमा सम्पूर्ण कुम्ल्याउँछन्
हाम्रै मानिस हुन् र पो सरल छन् उद्देश्यमा प्रस्ट छन्
चोर्नै हुन्न भनुन् तथापि मनले यी चोर्नमा मस्त छन् ॥२॥

देख्दा फूल समान छन् घरिघरी घोच्छन् नि काँडा बनी
नौनीझैँ व्यवहार गर्दछु भनुन् छन् धारका यी धनी
घोच्दा छन् अनि रेट्दछन् मरिमरी पालो कुरी बस्दछन्
बाधा होस् व्यवधान होस् जतिसुकै उद्देश्यमा प्रस्ट छन् ॥३॥

यी हाम्रा घरका नयाँ दलिन हुन् हुन् थाम हुन् बार्दली
छानामा लहराउँछन् नि यिनकै झन्डाहरू मखमली
बर्सौं नाम रहोस् भनी हरघडी दुष्कर्ममा मस्त छन्
हाम्रो देश बनाउने जनहरू उद्देश्यमा प्रस्ट छन् ॥४॥

आँखाभित्र बसुन् बसुन् मुखनिरै हुन्छन् यिनी शीतल
छो रोल्पा हिमतालझैँ छ यिनको मुस्कानले हृत्तल
विद्यामा धनमा झनै लगनमा जित्लान् अरू त्रस्त छन्
आफू अग्रिम ठाउँमा बसिरहूँ उद्देश्यमा प्रस्ट छन् ॥५॥

दुब्लाए लिखुरो भएर थलिए चिन्ता परी देशको
यस्तो हालत के बयान म गरूँ छाती घुँडा केशको
यौटो बाल झरोस् विदेशतिरको यात्रा गरी बस्दछन्
आत्माले व्यवहारले रहरले उद्देश्यमा प्रस्ट छन् ॥६॥

# भागबण्डामा जनता



❖ लक्ष्मी रिजाल

नेपालको राजनीतिक दृश्य हेर्ने हो भने कतै कुनै सस्तो मेलामा बचेका टुक्रा-टुक्रा सामानहरू बाँड्दै गरेका व्यापारीहरूजस्ता लाग्छन् तर त्यो सामान होइन, सत्ताको स्वादिलो लड्डु हो । त्यो ग्राहक पनि होइन गुट, सहगुट र तिनका बफादार कार्यकर्ताहरू हुन्, जसको उद्देश्य जनताप्रति प्रतिबद्धता होइन, भागमा कति पर्छ भनेर गन्तव्य तोक्नु हो ।

नेपालमा जब सरकार बनाउँछु भन्ने चर्चा चल्छ, जनताले आशा गर्छन्, "अब त केही भइहाल्छ कि ?" तर त्यो आशा त्यति नै हो, जति ओठे हाँसोसहितको नेता-मन्त्रीको शपथग्रहण समारोहपछि चिसो पर्दै जान्छ । सरकार गठनमा विचारधारा होइन, सिटसङ्ख्या मात्र होइन, मन्त्री पदको बट्टा कसको पोल्टामा पर्छ भन्ने हिसाबकिताबले दिशा लिन्छ। हामीले लोकतन्त्र पायौँ तर विचारविहीन र नीतिविहीन भागबण्डातन्त्रमा परिणत गरायौँ !

सत्ता साझा गर्नु भनेको लोकतन्त्रको अभ्यास हो तर हाम्रो अभ्यास विगत दुई दशकदेखि भागबण्डाको कुचो बनिसकेको छ। सत्ता बोक्ने गोरुहरूलाई हैसियतअनुसार नाफा बाँड्ने 'संयुक्त सरकार प्रा.लि.'मा परिणत भएको छ देश ! नाम लोकतन्त्रको, आचरण फाइदाकेन्द्रित गुटको । हाम्रा नेताहरू सत्ता बाँडफाँडका वेलामा यति उत्साहित देखिन्छन्, मानौँ बालबालिकाहरू मिठाइको थालमा बसेका हुन् । "तिमीले गृहमन्त्रालय लियौ भने म अर्थमन्त्रालय लिन्छु, ऊ चाहिँ भौतिक पूर्वाधारमै सन्तुष्ट हुन्छ" भन्ने वार्तालापहरू पर्दापछाडि हुने तर जनतासँग कहिल्यै साझा नहुने रहस्य हुन् । कति मन्त्रिपरिषद् बने, कति मन्त्री फेरिए, गणना गर्न गारो पर्छ । एउटा मन्त्रालयले पाँच महिनामा पाँच मन्त्री पाउँदा, कर्मचारीहरू हरेकपटक फाइलहरू नयाँ मालिकलाई बुझाउने 'पुनरावृत्त कार्य'का विशेषज्ञ भएका छन्। विकास होइन, फेरबदल। योजना होइन, तुहिएको बजेटको फाइल। जुन जनता वर्षौँदेखि शिक्षा, स्वास्थ्य, खानेपानी र रोजगारको नारा सुनिरहेका छन्, उनीहरू हरेक निर्वाचनमा पुनः आशावादी हुन्छन्। "अबको सरकार त जनतामै केन्द्रित होला!" भनेर सपना देख्छन्। तर जब मन्त्रालयको सूची सार्वजनिक हुन्छ त्यहाँ कतै "शिक्षा सुधार", "स्वास्थ्य बजेट वृद्धि", "युवारोजगार ग्यारेन्टी" भन्ने शीर्षकहरू देखिँदैनन् किनकि ती ठाउँहरूमा त्यति 'फाइदा' छैन। स्वास्थ्यमा औषधिको घोटाला भए पनि, रोजगारीमा वैदेशिक श्रमबजारको दलालभन्दा माथि सोच छैन।

गाउँका जनताले पालो कुरेर स्वास्थ्य चौकीमा सुइ लगाइदिन अनुरोध गर्नुपर्ने देशमा, मन्त्रीका घरमा डाक्टर २४ सै घण्टा उपलब्ध छन् ! किसानहरू मल नपाएर अन्न फलाउन सक्दैनन् तर मन्त्रालयका सचिवहरू ताजा फलफूलको सग्लो बास्केट लिएर कार्यकक्ष पुग्छन् । लोकतन्त्र पुनःस्थापनापछि नेपाली जनताले सोचेका थिए–अब राजनीतिक संस्कार सुध्रिने छ तर विडम्बना ! जुन सुदृढ शासन प्रणालीका लागि आन्दोलन भयो त्यसैको नाममा खिचातानीले मूल मर्म गुमायो । संविधानसभाको निर्वाचनपछि बनाइएका सरकारहरू स्थायित्वभन्दा अस्थायीतर्फ दौडिए ! सत्ताको लगाम थाम्नेहरू सधैँ गोटी चलाउने धूर्त सन्देशवाहक भए । नेपाली राजनीतिमा स्थायित्वको परिभाषा नै हराउँदै गयो । जुन नेताले स्थायित्वको नारा दियो उसैको कार्यकालमा चार मन्त्री फेरिए । एउटै मन्त्रालयको नेतृत्व तीन दलले घुमाइघुमाइ गरेपछि योजना होइन, मन्त्रिपरिषद् बैठकका प्रोटोकलहरू मात्र बढे ।


हाम्रो संविधानमा स्पष्ट लेखिएको छ–राज्यसेवामा निष्पक्षता र जनताप्रतिको उत्तरदायित्व अनिवार्य हुन्छ तर मन्त्री बन्नु भनेको सरकारी गाडी चढ्ने, तडकभडकमा बाँच्ने अनि लाचार कर्मचारीलाई आदेश दिने अवसर जस्तो बनिसकेको छ । केही नेताका सन्तान विदेशमा पढ्न जान्छन्, आफ्नै मन्त्रालयको बजेटबाट । केही नेताका श्रीमती, भतिजाहरू सरकारी बोर्डका सदस्य बन्छन्, विनायोग्यता, विनाविज्ञापन ! भागबण्डा अब पद मात्र होइन घरको मानपानको सूचक बनिसकेको छ । देशको आर्थिक नीतिमा प्राथमिकता के हो ? नीतिनिर्माताहरू आफैँलाई थाहा छैन किनकि मन्त्री बन्नेबित्तिकै प्राथमिकता पर्छ–आफ्नो चुनावक्षेत्रमा विकास बजेट ल्याउने, आफ्ना मान्छेहरू नियुक्त गर्ने । उता कर्णालीजस्ता दुर्गम प्रदेशहरूमा शिक्षक नियुक्त हुननसकेर स्कुल बन्द हुन्छन्, मन्त्रीको सिफारिसमा राजधानीका बानी खाएका 'भर्तीकर्मीहरू' सहरमै बस्छन् ! यति मात्र होइन, राष्ट्र बैङ्कको गभर्नरदेखि लिएर विश्वविद्यालयका उपकुलपतिसम्म भागबण्डामा परेपछि, शैक्षिक र आर्थिक स्वतन्त्रता पनि गुम्छ । मानव मनोविज्ञानमा 'नियन्त्रण' चाहनाको मूल हो । हाम्रो नेताहरूलाई मन्त्रालय चाहिने मुख्य कारण हो- "मैले केही चलाउँछु" भन्ने आत्मसन्तुष्टि । तर त्यो 'चलाउने' भन्ने कुरा मूलतः आफ्नो मान्छेहरूलाई नियुक्त गर्न, बजेटको सिफारिस गर्न अनि आउने कमिसनमा भाग खोज्न मात्र सीमित रहन्छ । धेरैजसो साना दल सरकारमा गएर भन्छन्, "हाम्रो उपस्थिति परिवर्तन ल्याउन हो ।" तर पछि थाहा हुन्छ, त्यो उपस्थिति मन्त्रालयभित्रको कुर्सीका लागि मात्र हो ।

विकल्प के हो ? नेपाली राजनीतिमा भागबण्डा अन्त्य गर्नु भनेको प्रणाली बदल्नु हो । सत्ताको बाँडफाँडलाई पारदर्शी बनाउनु, नियुक्ति प्रक्रिया खुला प्रतिस्पर्धामा आधारित गर्नु अनि मन्त्रालयको कार्यसम्पादन मूल्याङ्कन नियमित र सार्वजनिक गरिनु आवश्यक छ । मूल कुरा, जनताले चेतनाको विकास गर्नुपर्छ । हरेक पाँच वर्षमा मत दिएर मात्र होइन, हरेक महिनामा प्रश्न गर्दै, चासो राख्दै, दबाब सिर्जना गर्दै अगाडि बढ्नुपर्छ ।

राज्यको शक्ति जनतासमक्ष केन्द्रित हुनुपर्ने हो तर हाम्रो अवस्थामा, नेताको पालैपालो सत्ताउपभोगको प्रणाली बनिसकेको छ । जबसम्म भागबण्डाको संस्कृति हुन्छ तबसम्म हामीले भोग्ने शासन 'प्रजातान्त्रिक मुखुण्डो लगाएको सामन्तवाद' हुने छ। सत्तामा परिवर्तन हुनु होइन, सत्ताको चरित्रमा परिवर्तन हुनु आवश्यक छ । होइन भने जनताको मत सधैँ गन्ने तर गणना गरेजस्तो नदेखिने सङ्ख्यामा सीमित हुने छ। हामी फेरि चुपचाप पर्खिरहने छौँ–ग्यासको लाइन, अस्पतालको बेड, शिक्षकको पालो, न्यायको सम्भावना, अनि अर्को सरकारको लिस्ट।

*कञ्चनरूप-१२, प्रगतिटोल, रूपनगर, सप्तरी, मधेस प्रदेश, नेपाल।*

❑ कविता



❖ डम्बर निरौला

# देश रित्तो हुँदै छ

नपालेर गाई छ गोठै उजाड
नछापेर छानो लथालिङ्ग नै छ
नजोतेर माटो र बाँझो भएछ
नजाओ युवा देश रित्तो हुँदै छ।

नगोडेर बाली बगानै कुहिन्छ
नकाटेर आली र गाबा पुरिन्छ
न सारङ्गी रेट्ने कलाकार नै छ
नजाओ युवा देश रित्तो हुँदै छ!

न खोलिन्छ बाटो न पैनी बनिन्छ
सबै काम रोकेर ठप्पै गरिन्छ
युवा नै सबै देश हाँक्ने भनिन्छ
नजाओ युवा देश रित्तो हुँदै छ।

न सीमा सुरक्षा गर्‍या देश छोडी
गयौ व्यर्थ पर्देश सम्बन्ध तोडी
गई भेल पैरो धरा यो रुँदै छ
नजाओ युवा देश रित्तो हुँदै छ।

पिई आँसु देशै भयो जीर्ण आज
हरे! भूतबङ्ला बनायौ समाज
न भो भेषभाषा लथालिङ्ग भा'छ
नजाओ युवा देश रित्तो हुँदै छ।

बचाएर राखौँ न यो स्वाभिमान
चढाएर यो देशमै पूर्ण ज्यान
हरे! देश माटो विरानो हुँदै छ
नजाओ युवा देश रित्तो हुँदै छ।

*झापा।*

# बिगबियर लेकतिर बरालिँदा



❖ प्रा.डा. यादवप्रकाश लामिछाने

हामी विकेन्ड (सप्ताहन्त) मनाउने क्रममा क्यालिफोर्निया स्टेटको सान बर्नान्डिनो काउन्टीको लोमालिन्डा स्थित घरबाट २०८१ माघ २६, तदनुसार फेब्रुअरी ८, २०२५ मा बिगबियर लेक (Big Bear Lake) को अवलोकन भ्रमणका लागि निस्क्यौँ । हाम्रो यात्रा ओरेन्ज एभ (OrangeAv) हुँदै अगाडि बढ्यो । रेडल्यान्डस् (redlands) देखि ३९ माइल (६२.४ कि.मि.) टाढा रहेछ, बिग बियर हिम ताल। सामान्यत : एक घण्टा लाग्ने भनिए पनि हामीलाई एक घण्टा बिस मिनेट लागेको थियो । एन्थम ग्यास स्टेसन, मेट्रो रेल्वे, सडकको दायाँतर्फको सुन्दर सुन्तला/जुनार बगैँचा पार गर्दै टेनेसी स्ट्रिट र सान बर्नान्डिनो एभ (San Bernardino Av बाट अगाडि बढ्यौँ हामी। हामी भन्नाले चार महिनाको नाति निर्भीक रेग्मी, ज्वाइँ डा.निराजन रेग्मी, छोरी डा.सृष्टि लामिछाने, मेरी बाहुनी गीता लामिछाने र म। यो लेक (ताल) क्यालिफोर्निया राज्यको दक्षिणी क्षेत्र तथा सान बर्नान्डिनो काउन्टीको उत्तरपूर्वी भागमा रहेछ । तालको दुबै पट्टि भिरालो किसिमको पहाडका काखमा सुतेको अवस्थामा देखिन्छ ताल। खासगरी हिमवर्षा हुने र उक्त हिउँ पग्लेर जम्मा भएको पानीलाई बाँध बाँधेर ठुलो ताल बनाइएको रहेछ। यही मानवनिर्मित हिम ताल र त्यसवरिपरिको प्राकृतिक सौन्दर्य तथा भौतिक पूर्वाधारको अवलोकन गरी मनोरञ्जन लिनु नै मुख्य उद्देश्य रहेको छ । यति सानो नातिलाई लिएर रमाइलो यात्रामा निस्केको यो दोस्रोपटक हो । यसअघि फेब्रुबरी १ मा हामी पहिले लुजियाना श्रीभपोर्टबाट टेक्सस ड्यालसको फोर्थवोर्थ एयरपोर्ट पुग्यौँ । त्यसपछि त्यहाँबाट क्यालिफोर्नियाको ओन्टारियो एयरपोर्टसम्मको यात्रा गर्‍यौँ। दुबैतिर गरी चार घण्टाको यात्रामा नातिले कुनै गडबड नगरी हामीलाई सहयोग गरेको हुनाले अब दोस्रोपटक यात्रामा निस्कन सकिने निष्कर्ष निकालेर निस्किएका थियौँ । बोटबिरुवा केही नभएको खुइले पहाडको भित्ता भित्तै घुमाउरो सडकबाट उकालियौँ। पहाडको दुई लेनको सडकलाई नराम्रो भन्न पनि मिलेन तर धरान धनकुटाको बाटोजस्तो ढुक्कले गुडौँ भन्न चाहि' नमिल्ने नै हो भन्नुपर्छ। सुरुमा त ठिकठिकै लाग्दै थियो पत्रैपत्र परेको पहाडको गोब्जेरो बाटो उकालिँदै जाँदा कता कता रिङ्गटा लाग्ला लाग्लाजस्तो पनि भयो। दायाँपट्टि धेरै तल देखिने लोमालिन्डा र रेडल्यान्स तुवाँलोले ढाकेर निसासिँदो अवस्थामा कतै रुमल्लिएकोजस्तो देखिन्थ्यो । उकालिँदै गर्दा बढेमानका दुईवटा पहाडको खोँचमा पानीविनाको खोला देखियो।

यो देख्दा पोखराको सेती नदी गहिरिएर, कहीँ देखिएर, कहीँ लुकेर र फेरि झुलुक्क निस्किएर बगेको सम्झना आयो तर फरक के थियो हाम्रो सेतीमा गड्गडाउँदो आबाजमा पानी बग्थ्यो भने यहाँको खोलामा पानीको थोपै थिएन । यस्तै गहिरिएर र भासिएर गएको सुख्खा खोला दाङ जिल्लाको कोइलाबासमा पनि देखेको थिएँ । बिरक्त लाग्दो ! पत्रेपहाडको अर्को घुम्तीमा पुग्दा कालिकोटको मान्माबाट नाग्मा जाँदै गर्दाको डरलाग्दो अक्करे बाटो मेरो आँखाअगाडि ढुङ्मार्न आइपुग्यो तर भिन्नता भने नाग्मा जाने बाटो साँगुरो र पहरामाथि थियो र अहिले गाडी गुड्दै गरेको बाटो छाँगामाथि नै भए पनि तुलनात्मक रूपमा फराकिलो थियो । भिर भने उत्तिकै डरलाग्दा । अमेरिकामा त ठुला ठुला पहाडहरू नहोलान् र समथर मैदान मात्र होला भनेको त यहाँ पनि हाम्रैजस्ता बाँदर लड्ने भिर हुँदा रहेछन् ! सडक त खतरै हो भनेर आपसमा कुरा गर्दै घुम्दै उकालिँदै गर्‍यौँ । गाडीको गति ४० प्रति कि.मि.मै सीमित राखेर गुडाएका थियौँ । अगाडि बढ्दै जाँदा हामी चार हजार फिट (१३०० मिटर) उकालो चढिसकेका थियौँ । राराको सुन्दर दृश्य हेर्न चार हजार फिटकै उचाइमा रहेको मुर्माटप पुग्दा सास फेर्न झण्डै झण्डै असजिलो भएजस्तो अनुभव गरेका थियौँ, हामीले त्यति वेला । यहाँसम्म त ठिक छ तर अझै माथितिर जाँदा सानो नातिलाई श्वासप्रश्वासमा समस्या आउँछ कि भन्ने मैले मात्र मनमनमा सोचेको थिएँ तर त्यस्तो भएन । मैले कसैलाई पनि मनमा लागेको कुरा गरिन किनभने आत्तिने सम्भावना पनि त्यतिकै हुन्थ्यो।

यो ठाउँकै नयाँ थियौँ हामी अनि यस बाटोका नयाँ यात्री हुने नै भयौँ हामी सबै । बाटामा रक्की रोड (Rocky Road) लेखिएका बोर्ड देखिए । अग्लो ठाउँबाट ढुङ्गा खसेर दुर्घटनाको जोखिम हुने सम्भावना पनि त्यतिकै प्रबल देखिन्थ्यो । एकलासे जङ्गलभित्र काठले बनेका सुन्दर घरहरू पनि देखिए । जङ्गलभित्र त्यसरी घर बनाउन त स्वीकृति चाहिने होला । सरकारले व्यक्तिगत प्रयोगका लागि पक्कै पनि अनुमति दिएको होला त भन्ने लाग्यो । चट्टानी सडक अनि त्यस्तै चट्टान माथि नै ठुला ठुला घर बनेकामा जिज्ञासा थिए मनमा । उकालो सकिएपछि तेर्सो बाटो आयो । बल्ल खुसीको सास फेरियो । बाटाका दायाँबायाँ पर्यटकका लागि उपयोगमा ल्याइँने सामग्री राखिएका थिए । दायाँपट्टिको पहाडको काखमा हिउँलाई जम्मा गरेर Ski खेल्न तयार पारिएको रहेछ । अगाडि बढ्दै जाँदा तालको पानी रोक्न ड्याम (बाँध) बनाइएको देख्न पाइयो । प्रवेशद्वारबाट दायाँ र दायाँ जाने सडक रहेछन् । हामी दायाँतिर लाग्यौँ । ड्यामबाट १ कि.मि अगाडि बढेपछि सम्म परेको ठाउँ देखिँदा दुई पहाडका बिचको ठिक्कको उपत्यका रहेछ भन्ने प्रस्ट भयो । ठाउँ सुन्दर नै देखियो । बिगबियर ताल पश्चिमबाट पूर्वतिर लम्पसार परेकोजस्तो देखिन्छ । पहाडको टुप्पोबाट Skiing गर्ने व्यवस्थाका लागि रोप वेजस्तो साधन जसलाई चियर लिफ्ट भनिदो रहेछ'ले एकोहोरो मात्र मानिस ओसार्ने गर्दो रहेछ । इच्छुक खेलाडी चुच्चोबाट तल बगेर आउँदा रहेछन् । पहाडको चुचुरोबाट तलसम्म बगेर आउँदा ज्यान जोखिम पनि

त्यतिकै हुँदो रहेछ । त्यसका लागि पहिले नै विद्युतीय बोर्डमा कबुलियतनामा गराइँदो रहेछ । त्यसबाट के बुझिन्छ भने त्यस्तो खेल निकै खतरापूर्ण हुँदो रहेछ । मान्छेहरू टिकट लिने र खेल खेल्ने लाइनमा लाम लागेर बसेको देखिन्छ । बच्चादेखि वृद्धसम्मको उत्तिकै रुचि देखियो । हामी पनि जाने हो त ? मेरो जिज्ञासा थियो । ज्वाइँले हिउँमा नखेल्ने भन्नुभयो । आमा र छोरीले रहर गरेको बुझेँ मैले । सात दशकको उमेरमा पहिलोपटक हिउँ देखेको ! अनुभव लिउँ न त भन्ने लाग्यो मलाई पनि । टिकट लिन जाँदा पाँच बजेपछिको मात्र पाइने रहेछ । मौका मिलेमा अर्को सप्ताहन्तमा फेरि आउँला भन्ने भाखा राख्यौँ, आफूले आफैँलाई । यो बचेको एक घण्टा वरिपरि घुमेर विभिन्न ठाउँहरूको अवलोकन गरेर बिताऊँ भनेर छोरीले भनेअनुसार नै हेर्न बाँकी रहेका क्षेत्रतिर जाने निर्णय गऱ्यौँ । हिउँको घेराबन्दीमा भएकाले चिसो हावाले बसिनसक्नु बनाइसकेको थियो हामीलाई । रेस्टुरेन्टभित्र पसेर नास्ता खाएपछि त्यहाँबाट बाहिरिने तरखरमा लाग्यौँ तर यो तालको नाम बिगबियर नै किन राखियो भन्ने जिज्ञासा ताजै थियो । हामी तालको दक्षिणी किनारमा थियौँ । उत्तरी किनारबाट हेर्दा तालको अवस्थिति देखिएला भन्ने ठानियो । गयौँ । सोचेअनुसार नै लमतन्न भएर बसेको रहेछ ताल । हेर्दा बियर (भालु) घोप्टिएर सुतेको आकारमा ताल पूर्व पश्चिम फैलिएको देखिन्छ । तालको बिचको भाग निकै फराकिलो र फैलिएको रहेछ । सुरु र अन्तमा साँगुरिएको छ । बियरका आकारको ठुलो ताल भएकाले अङ्ग्रेजीमा बिगबियर भनेको बल्ल अर्थ खुल्यो । झण्डै सात हजार फिटको उचाइमा रहेको छ यो ताल । अनि यस ठाउँको विशेषता हिमवर्षा हुने भएकाले लसएञ्जलस र सान्डियागो सहरदेखि मानिसहरू आउँदा रहेछन् । त्यत्रो ठक्ठकी कमाउने जाडोमा पनि बच्चालाई स्किइङ, स्केटिङ र चिप्लेटी खेलाउन तल्लिन रहेका देखिन्थे अभिभावकहरू । युवाहरू त रमाउने नै भए भए । बुढापाकाहरू पनि उत्तिकै उत्सुक देखिन्थे । पहाडमा बर्सिएको हिउँलाई जम्मा गरेर कृत्रिम ढङ्गले खेल खेल्ने ठाउँ बनाइएको रहेछ । अग्लो भिरालो ठाउँबाट साना ट्युबका माध्यमबाट अग्लो ठाउँदेखि बगेर तलसम्म आइपुग्ने व्यवस्था मिलाइएको रहेछ । बच्चाहरू हिउँमा रमाएको देख्दा संसार नै हाँसेजस्तो लाग्थ्यो । कुनै कुनै बच्चा ट्युबबाट बाहिरिएपछि पनि हिउँमा नै लडिबुडी गरेर रमाएको देखियो । डोजरले हिउँलाई सम्याउँदा हिउँ फुस्फुसाएजस्तो देखिँदा हेर्ने मान्छेको बाक्लै उपस्थिति थियो । चियामा बरफ हालेर त्यस्तो जाडोमा मजाले खाइरहेको देख्दा अनौठो लागेको थियो मलाई ! केटाकेटीहरू पनि तँछाड मछाड गरिरहेका देखिन्थे । तालको दुबैतिर भिरालो भिरालो परेका पहाडहरू थिए ।

वर्षायाममा परेको पानी र हिउँदमा हिउँ पग्लेर तालमा जम्मा हुने रहेछ । ताल बाहिर पानी जाने ठाउँ नै छैन । ड्याम बनाएका कारणले । टाढा टाढाबाट आउने पर्यटकहरूका लागि खाने, बस्ने उचित व्यवस्था गर्ने होटल, रिसोर्ट र रेस्टुरेन्टहरू पनि त्यतिकै भरिभराउ देखिन्थे । हावा नछिर्ने ज्याकेट, पञ्जा, मोजा, ह्याट, पाइन्ट र जुत्ता बेच्ने पसलहरू पनि

देखिन्थे। बुटिकहरू र काठबाटै निर्मित उपहारका बस्तुहरू पनि उपलब्ध देखिन्थे। अभिभावकहरू बच्चासहित किनमेल गरिरहेका थिए। हावा पनि मुटु छेडुँलाझैँ गरेर हुइँकिरहेकै थियो। रिसोर्टको बरन्डाजस्तो खुला ठाउँमा बसेर कोल्डकफीमा रमाउने पनि त्यतिकै थिए। खोई ? तिनीहरूलाई जाडो नभएको हो कि हामीलाई बढी भएको हो ? छुट्याउनै सकिएन ! गाडी पार्किङको समस्या यहाँ पनि टड्कारो रूपमै देखियो तर पब्लिक सर्भिस सेन्टरले भने ठुलो राहत दिएको महसुस भयो हामीलाई । तालको नक्सा र त्यसवरिपरि घुम्नुपर्ने ठाउँको सङ्केत गरिएको म्यानुअल उपल्ब्ध भयो । त्यसपछि हामीलाई वरिपरि घुम्ने झन जाँगर चल्यो। महत्त्वपूर्ण ठाउँहरूको गहिरिएर हेर्ने अवसर पायौँ । तालको पूर्वी भागमा पर्यटकहरूलाई सजिलो बनाउन निकै खर्च गरेर पानीमाथि नै काठे पुलजस्तो बोर्डवाक बनाइएको रहेछ। ताल माथिबाटै रमाइलो दृश्य हेर्ने, फोटो र भिडियो खिच्ने काम गरिरहेका देखिन्थे तर त्यहाँ कसैले पनि टिकटक बनाउने र नाँच्ने गरेको भने देखिएन । तालको पूर्वी किनारमा एउटा ससानो एयरपोर्ट पनि रहेछ। निजी हेलिकोप्टर र हवाइजहाज आउनेजाने गरिरहेका थिए। दिनमा धेरैवटा फ्लाइट हुन्छन् रे भन्ने पनि सुनियो । दरिलो गरी बनाइएको बोर्डवाकमा हामी पनि पुनः मानिसहरूको त्यही हुलमुलमा मिसियौँ । रमाइलो गऱ्यौँ । चिसो हावा लागे पनि दुईतिरका हरियाली पहाडका सुन्दर दृश्यले आँखा र मनलाई तानिरहेको थियो। राम्रो लाग्यो यहाँको दृश्य ? गीतालाई सोधेँ मैले । लाग्यो । उत्तर आयो। खासगरी बोटिङका लागि रुचिको ताल मानिदो रहेछ । निलो पानीमा डुङ्गामा पूर्वपश्चिम यात्रा गरिरहेको दृश्य हेर्दा रमाइलो देखिन्थ्यो । त्यसका अतिरिक्त वाटरस्किङ गर्नेहरू पनि उल्लेख्य सङ्ख्यामा देखिन्थे नै । माछा मार्ने पनि गरिँदो रहेछ तर त्यसलाई पनि केवल मनोरञ्जनका रूपमा मात्र लिइँदो रहेछ। माछा खानाका लागि प्रयोग गरिँदा खान हुने र नहुने गरी मल्लाहहरूले नै छुट्याउने रहेछन् । यहाँ Blue catfish, Blue gill, Channel Catfish,Crappie,Long mouth Bass and Trout जातका माछाहरू पाइँदा रहेछन्। २०२१ जनवरीमा ३१ इञ्च लामो माछा समातिएको थियो रे। हामी केवल रमिते मात्र भयौँ। कुनै इभेन्टमा रुचि देखाएनौँ। तालको उत्तरी भागबाट हेर्दाताललगायत विकसित हुँदै गरेको बस्ती पनि छर्लङ्ग देखिन्थ्यो। उत्तर फर्किएको भिरालो पहाड, सेतो हिमालजस्तै देखिन्थ्यो तर त्यो हिमाल नै भने होइन । परेको हिउँलाई जम्मा गरेर व्यवसायका रूपमा हिमालजस्तै बनाइएको मात्र रहेछ । माउन्टेन क्षेत्र भनिए पनि हामीले देखेको सेता हिमालै जस्तो चाहिँ होइन। हिमपात हुँदा सेताम्य देखिने मात्र हो भन्ने बुझ्यौँ हामीले। बिचमा खेल्ने ठाउँ भए पनि त्यहाँका रुखहरूलाई प्राकृतिक रूपमा जस्ता थिए त्यही अवस्थामा रहन दिएको पाइयो। व्यवसायका नाममा पर्यावरणीय दृष्टिले पनि कुनै हानिनोक्सानी पुऱ्याएको देखिएन । त्यो यहाँको उदाहरणीय पक्ष मानियो। दक्षिणी किनारका बस्नका लागि बनाइएका घरहरू, सेमिनार हल, तालिम केन्द्र, पब्लिक सर्भिस सेन्टर आदि नवनिर्मित संरचनाले सहरोन्मुख अवस्थाको सङ्केत गरिरहेको देखिन्थ्यो । उत्तरी अमेरिकाको पुरानो ताल भनेर उल्लेख

गरेको पाइयो यसलाई । यहाँ जाडो महिनामा ज्यादै सुखा हुन्छ रे । गर्मीमा ४७ देखि ८० सम्म हुने अनि जाडोमा २१ देखि ४७ तापक्रम रहँदो रहेछ । सूर्योदयका लागि पनि त्यतिकै आकर्षणको केन्द्र मानिदो रहेछ। भिरालो परेको पहाड अनि बिचमा ठुलो तालका कारणले क्रिसमस, ह्यालोविन, जन्मोत्सव, विकेन्ड मनाउने केन्द्र बनेको देखियो । सहरदेखि टाढा भए पनि परिवारसहित रमाइलो गर्न आउनेहरूको सङ्ख्या अत्यधिक रहेको पाइयो ।

लसएन्जलसभन्दा तुलनात्मक रूपमा यहाँको रातको बसाइ धेरै महङ्गो हुँदो रहेछ । होटल व्यवसायीले हामीलाई जानकारी दिएका थिए । यस ठाउँको महत्त्व बढेको मुख्य पक्ष भनेको बिगतमा हलिउडबाट निर्माण गरिने सिनेमाहरूका छायाङ्कन पनि गरिएको रहेछ । ती सिनेमाहरूले निकै लोकप्रियता कायम गरेका थिए भन्ने सुनियो। साथै विज्ञापन र टिभी सिरियलका छायाङ्कनका लागि यो ठाउँ प्रसिद्ध रहेछ । यी विविध कारणले धेरै मानिसहरूले कामको अवसर पनि पाएका रहेछन् । गर्मीको समयमा र्‍याटल स्नेक धेरै सक्रिय रहन्छन् भनेर सतर्कता अपनाइको देखियो, सूचनामार्फत । तुरुन्तातुरुन्तै मौसम पविर्तन हुने हुँदा त्यहाँको अवस्था हेरेर मात्र पौडी खेल्न सुझाइएको छ। पौडी खेल्दा बग स्प्रेको व्यवस्था आफैँले गर्नुपर्ने भनिएको छ । हाइकिङ, बाइकिङ, फिसिङ, जेटस्किङ, वाटर स्पोर्ट, क्लाइमिङ आदिका लागि मानिसहरूको रोजाइको क्षेत्र पर्दो रहेछ। १९८० देखि १९९० को दशकमा बक्सिङ च्याम्पियनसिपको तालिमको कार्यक्रम राखिएकाले यस ठाउँको व्यापक प्रचारप्रसार भएछ । साथै बक्सिङका टाइगर माइक टाइसन, फर्नान्डो बर्गेज, साने मोसले आदि ख्यातिप्राप्त बक्सरहरूले यहाँ प्रशिक्षण र तालिम दिएका थिए रे । त्यसका अतिरिक्त १८८५ मा भएको विद्रोहको सन्धि गरिएको ठाउँ भएकाले पनि यो उपत्यकाको महत्त्व बढेको भनिएको छ । एउटा सानो गाउँबाट क्रमशः विकसित हुँदै वर्तमानसम्म आइपुग्दा स्थापित भएको देखिन्छ। खासगरी १९९० को दशकमा एथेलेटिक्स खेलका लागि कार्यक्रम सञ्चालन गरिन थालेदेखि यसले द्रुतगतिमा सहरका रूपमा काँचुली फेर्दै परिवर्तित रूप धारण गरेको रे तथ्यले त्यही बताउँछ । यहाँ पहिले ग्रिज्ली जातका आक्रामक भालु पाइन्थे रे। केही समय हराएर पछि फेरि देखिन थाले रे। अहिले काला भालु प्रशस्त पाइन्छन् भनिन्छ। त्यहाँ काठका गोलाकार खम्बामा भालुका आकृति बनाएर ठाउँ ठाउँमा राखिएको देख्न सकिन्छ। यो देख्दा भालु प्रिय क्षेत्र रहेछ भन्ने अवगत हुन्छ। नाम पनि त्यहीअनुसार जुराएर राखिएको मानिन्छ। भालुलाई किन यति धेरै महत्त्व दिएको हो कारण भने थाहा पाउन सकिएन। Nestle ले सायद आफ्नो ब्रान्ड बियर (Bear)लाई बनाएको पनि यही लोकप्रियतालाई देखेरै हुनुपर्छ। चिसो मौसममा हिउँ बढी पर्ने भएकाले सामान्य टायरबाट चिप्लिएर दुर्घटना हुने, बढी सम्भावना हुँदा टायर चेन लगाउन सुझाव दिइएको पाइन्छ । यहाँको औसत तापक्रम ५१ डिग्री रहन्छ तर नोभेम्बरदेखि मार्चसम्म धेरै चिसो नै हुने रहेछ। डिसेम्बरमा दिनमा २३ र रातमा ४४ हुँदो रहेछ। जुन महिनादेखि सेप्टेम्बरसम्म गर्मी मौसम भएकाले पानीको तापक्रम बढ्ने हुँदा


तालमा गरिने कार्यक्रममा सहजता हुन्छ रे। यस तालले जम्मा २९७१ ( १२ कि.मि.) एकड जमिन समेटेको रहेछ। पानीको भाग मात्र ७ माइल लामो अनि २.५ चौडा रहेको छ। यसको औसत गहिराइ ३५ फिट (११ मिटर) र तालको ड्याम भएको ठाउँमा बढीभन्दा बढी ७२ फिट (२२ मिटर) तथा पानीको भोलुम ७३.३२० एकड फिट रहेको भनिएको छ। अफिसियल तथ्याङ्कअनुसार समुद्रको सतहदेखि ८,००० फिट भनिएको पाइन्छ तर हामी गाडीबाट उकालिँदा सडकका पिल्लरमा ७२०० फिट भनेर लेखिएकाले द्विविधामा रहनुपर्‍यो। नेसनल मौसम सर्भिसका अनुसार जुलाइ महिनामा औसत तापक्रम रहने उल्लेख गरिएको छ। यो महिनामा ६५.१ फरेनहाइट (१८.४ं से) रहने रहेछ। फेब्रुअरी महिना सबैभन्दा चिसो हुँदो रहेछ भन्ने तथ्याङ्क बताइएको छ। यस महिनाको औसत तापक्रम ३४.७ ंफरेनहाइट (१.५.से) हुने रहेछ। हाम्रो रारा ताल हरेक दृष्टिबाट लामो, गहिरो, फराकिलो र समयअनुसार पानीको रङ फेर्ने अनौठो किसिमको रहेको छ। त्यस्तै फेवा, बेगनास, रूपा, शेफोक्सुन्डो, तिलिचो आदि कति छन् कति। हाम्रा तालका तुलनामा त यो ताल सामान्य नै हो तर यसको धेरै महत्त्वका साथ प्रचार गरिएकाले मात्र चर्चामा आएको भन्ठान्दछु। ताल, दह, कुण्ड, पोखरी, छाँगा, छहरा आदि प्राकृतिक स्रोतका दृष्टिबाट त हामी कोहीभन्दा कम छैनौंजस्तो लाग्दछ। Frank Brown ले ग्रेनाइट प्रयोग गरेर बिगबियर तालको ड्यामको डिजाइन गरी निर्माण सम्पन्न गराएर Redlands Area मा 'सिटरस'का लागि सिचाइको व्यवस्था गरेको उल्लेख पाइन्छ। मानिसद्वारा निर्माण गरिएको त्यो समयको विश्वकै सबैभन्दा ठुलो ताल मानिएको छ। २०११ मा यस तालमा धेरै पानी भरिएको थियो रे त्यसभन्दा पछि त्यो रूपमा पानी बढेको छैन भन्ने जानकारी पाइएको छ। बेञ्जामिन विल्सनका अनुसार २००० वर्षभन्दा पहिलेदेखि नै यस क्षेत्रमा सेर्रानो जातका आदिवासी जनताहरू बसोवास गर्दै आएको भनिएको छ। यहाँको अल्पाइन टुन्ड्रा हावापानी रहेछ। यस क्षेत्रका बारेमा रोचक प्रसङ्ग अगाडि सारिएको छ। घोडचढी क्रिक फिलिप्सले बिगबियर लेकदेखि सान बर्नान्डिनोसम्म पुग्न घोडाबाट नै दुई दिन लाग्ने उल्लेख गरेको पाइन्छ। फिलिप्स स्थानीय बासिन्दा भएकाले ट्रिप लिएर न्युयोर्क पुग्दा त्यहाँ बस चलेको देखेपछि त्यसैबाट प्रेरित भएर बिगबियर उपत्यकामा पनि ट्रक लिएर जान सफल भएका रहेछन्। त्यही क्रममा इमाइल जेस्सेरुनले त्यहाँ ४० एकड जमिन खरिद गरेर रिसोर्ट र १९२१ मा पहिलो पान हट स्प्रिङ होटल खोलेछन्। त्यसपछि हलिउड सेलिब्रेटीहरूको ध्यानाकर्षण बढ्न थाल्यो रे। बिस्तारै अन्य होटलहरू पनि वृद्धि हुदै उपत्यका बढ्दो रूपमा विकसित हुन थालेको मानिन्छ। जनघनत्व र विकासको गति बढ्दै गर्दा १९३३ मा आगलागी भएर सबै घरहरू नस्ट भएछन्। त्यही वर्ष क्यालिफोर्निया फिस र गेम कमिसनले त्यहाँ भएका २७ वटा काला भालु योसेमाइट नेसनल पार्कमा स्थानान्तरण गरेको सन्दर्भ अघि सारिएको उल्लेख छ। सायद आगलागिबाट जोगाउन भालुको बासस्थान परिवर्तन गरिएको हुनुपर्छ। विस्तारै विस्तारै हलिउडका कलाकारहरू एकपछि

अर्को गर्दै त्यहाँ बस्न थालेछन् । सबैको आकर्षण बढ्नु, बक्सिङ खेलको आयोजना हुनु र ख्याति प्राप्त खेलाडीहरू पनि बसोवासका लागि आकर्षित हुन थाल्नाले अन्य मानिसहरू पनि बस्न थालेछन् । साथै बिगबियर सोलार अब्जरभेटरीको निर्माण हुनु तथा विश्वविख्यात ब्रेटेनी स्पेयरलगायतका कलाकार तथा खेलाडीहरूलाई शान्त बिगबियरले लोभ्याउनु महत्त्वपूर्ण पक्ष मानिन्छ । प्रशस्त आयआर्जन गर्ने सेलिब्रेटीहरूले पनि सहरदेखि धेरै टाढा र दुर्गम मानिने उपत्यकामा घर किनेर बिदाका समयमा बस्ने व्यवस्था गर्नुले यसको प्रसिद्धि चुलिँदो रूपमा अघि बढेको उल्लेख गरिएको छ । तथ्याङ्कअनुसार यहाँको जनसङ्ख्या (२०२३ सम्मको ) हेर्दा जम्मा ५,००७ रहेको पुष्टि हुन्छ । यो १९९० का तुलनामा ४ जना मात्र कम रहेको देखाइएको छ । तालको दायाँबायाँ फैलिएको जङ्गललाई 'सान बर्नान्डिनो फोरेस्ट' भनिँदो रहेछ । काउन्टीका नामबाट जङ्गलको नाम राखिएको अनुमान गरिन्छ । त्यस जङ्गलमा 'रासबेरी' नामको फल हातैले टिपेर खान पाइने रहेछ तर त्यो अवसर हामीले पाएनौँ । तालको परिक्रमा लगाएर फर्किने उद्देश्यले हामी एयरपोर्टबाट उत्तरी किनारतर्फ लाग्यौँ । तालबाहेक प्रकृतिले नै यो ठाउँलाई अनुपम बनाएको रहेछ । त्यस क्षेत्रमा जङ्गलभित्रै विभिन्न डिजाइनका काठै काठले बनाइएका सुन्दर बङ्गलाहरूलाई सडकबाटै हेर्‍यौँ । खासगरी खेलाडी र कलाकारका आकर्षक यी बङ्गलाले उपत्यकाको शोभा बढाएको देखिन्थ्यो । घरहरू त सुन्दर छन् होइन र ? मैले भनेँ, राम्रा छन् तर चिसो बढी हुने यस्ता घरमा बस्न सकिदैन भनिन् गीताले । बस्न त कहाँ पाउनु र हामीले यहाँ ? सोधेको पो हो त ? भन्दै गाडीभित्रै गफियौँ हामी । आआफ्नै रुचि र डिजाइनमा निर्माण गरिएका यी बङ्गलाले बेग्लै आनन्द दिँदो हो । बिदाको समयमा शान्त स्थानमा मनोरञ्जन लिन खरिद गरेका होलान् । आआफ्नै कलात्मक ढाँचामा बनाइएका ती सुन्दर निर्माणले अन्य सेलिब्रेटीहरूलाई पनि प्रेरित गर्नसक्ने देखिन्छ । यस्तो एकान्त ठाउँमा त हामीलाई सहज हुँदैन । नजिक नजिक घर भएका ठाउँमा बस्न बानी परेका हामीलाई त घरबाहिर निस्कँदा पनि बाघभालुले तान्छ कि भन्ने डर लाग्छ, गीताले फेरि दोहोर्‍याइन् । केटाकेटीलाई रातबिहान छोड्नुपर्ने हुन्छ एक्लै । अनि कसरी चल्छ गुजारा ? अँ हँ गारो हुन्छ । यहाँ त एक्लै हिँड्यो भने जङ्गली जनावरको आहारा बन्न के बेर ? कुरा सकिएको थिएन गीताको । जीवनमा एकपटक आइपुग्नुपर्ने नै ठाउँ रहेछ तर बस्न सकिने ठाउँ चाहिँ होइन । जङ्गली जनावरबाट जोगिनुपर्ने रहेछ है भन्दै गफिँदै र ताललाई देब्रेतर्फ बनाउँदै भित्तैभित्ताको पिच गरिएको सुनसान सडक हुँदै ड्यामतिरबाट मूल सडकमा प्रवेश गरी हामी बाहिरियौँ ।

*लोमालिन्डा, क्यालिफोर्निया, संयुक्त राज्य अमेरिका ।*

*$W0rd_43@95F258l*

# मेरो पठनको अनवरत यात्रा



❖ चन्द्रबहादुर लामा

हरेक चेतनाभित्र आआफ्नै अनन्त तिर्खा र स्वादका अनगिन्ती मुहानहरू हुन्छन् । कुन धुनले मनको सारङ्गी रेट्छ, कुन आख्यानले कल्पनाको घोडालाई लगाम लगाउँछ वा कुन संवादले विचारको अग्निकुण्ड दन्काउँछ, यी सबै हाम्रो अन्तस्करणको गहिराइमा लुकेर बसेका निजी अनुरागहरूले नै तय गर्छन् । हाम्रो मानसपटलको आकाशमा विचारका बादलहरू निरन्तर बदलिरहने हुनाले यो आत्मा सधैं नयाँ क्षितिजको खोजमा भौंतारिइरहन्छ र पठन एउटा यस्तो अलौकिक मदिरा हो जसले चेतनाको यही अनन्त प्यासलाई तृप्त पार्दै त्यसलाई पोषित गर्ने सामर्थ्य राख्छ । यो नशाका पनि आफ्नै चरणहरू हुँदा रहेछन् । बाल्यकालको नशा जहाँ कथाहरूको सरल संसारमा हराउनु नै परम आनन्द थियो । किशोरावस्थाको नशा जब विश्वसाहित्यको विशालता देखेर रोमाञ्च र आश्चर्यले शरीरमा काँडा उम्रन्थे र वयष्क उमेरको नशा जहाँ दर्शनको गहिराइमा डुब्दा बौद्धिक चक्कर लाग्छ र आफ्नै अस्तित्वबारे प्रश्नहरूको हुरी चल्न थाल्छ। जब हामी ज्ञानको मन्दिरमा प्रवेश गर्छौं तब हामी सुकरातको त्यो कथनलाई अप्रत्यक्ष रूपमा बाँचिरहेका हुन्छौं, ' अपरिचित जीवन बाँच्न लायक छैन ।'

मेरो बाल्यकालको स्मृतिपटलमा पठनयात्राको पहिलो डोब त मेरो मानसपटलमा धुमिल भएर पनि अझै अङ्कित छ । सानोमा क ख ग, त्यसपछि बालसुलभ शब्दहरू, अनि बालकविता र कथाहरू... गुरुआमा प्रमिला बस्नेतले मेरो औँला समातेर अक्षरको त्यो रहस्यमयी संसारमा प्रवेश गराउनुभएको थियो । त्यो सम्झना आज कता कता पूर्वजन्मकोजस्तै लाग्छ तर त्यही दिनदेखि नै मैले पढ्न जानेको हुँ, अक्षरको स्वाद चाख्न सिकेको हुँ । त्यही जगमाथि उभिएर मेरा अन्य शिक्षकहरूले मेरो जिज्ञासाको दियो त्यसरी बाल्नुभयो, मानौँ म नेपाली र अङ्ग्रेजी साहित्यको विशाल ब्रह्माण्डमा यात्रा गर्न निस्किएको कुनै बटुवा हुँ । त्यसताका बजारमा 'मुना' र 'सुनकेशरी' नामका दुई बालपत्रिकाको रङ्गीन संसार थियो । तिनै पत्रिकाका पानाहरूमा मेरा आँखाले पहिलोपटक अक्षरको जादु देखे र मभित्र पठनको जुन बीज रोपियो त्यो कालान्तरमा एउटा विशाल, मौलाएको साहित्यिक वृक्षमा परिणत भयो ।

मेरो कलिलो मनमा सानैदेखि एउटा रहस्यमयी धुन बजिरहन्थ्यो- अध्यात्मको । समयको नदीमा बग्दै जाँदा म स्वाभाविक रूपमै धर्मग्रन्थका प्राङ्गणमामा पुगेँ । मेरो पठनयात्रामा दुईवटा ग्रन्थहरू मेरालागि ध्रुवतारा बने- चक्रपाणि चालिसेकृत 'नेपाली सङ्क्षिप्त

महाभारत' र 'नेपाली सङ्क्षिप्त रामायण' । ती केवल बाक्ला किताबहरू थिएनन् मेरालागि; ती त थिए समयलाई छिचोलेर प्राचीन युगमा पुऱ्याउने जादुयी सुरुङहरू। यी कथाहरू केवल मनोरञ्जन थिएनन्, बरु थिए इमानुएल कान्टले भनेझैँ 'कर्तव्यका लागि कर्तव्य'को कठोर नैतिक पाठ, जहाँ पात्रहरू आफ्नो व्यक्तिगत इच्छाभन्दा माथि उठेर धर्मको पालना गर्न विवश देखिन्थे। यी विशाल आख्यानहरूको संसारमा विचरण गरेसँगै मैले एउटा जीवनीमार्फत गौतम बुद्धको अस्तित्व र उनको ज्ञानको शीतल छहारीमा बस्ने सौभाग्य पाएँ । उनको ज्ञानको शीतल छहारीमा बस्दा मैले जीवनको त्यो पहिलो दार्शनिक पाठ सिकेँ । त्यो हो- 'सर्वं दुःखम्', अर्थात् अस्तित्वको मूलमा दुःख छ, र त्यसको निरोध सम्भव छ। त्यही क्षणदेखि मभित्र ज्ञानको भोक र विपश्यना ध्यान सिक्ने अतृप्त चाहनाको दियो बल्यो, जुन अभिलाषा यथार्थमा परिणत हुन भने लामो समय कुर्नुपऱ्यो।

कक्षा ९ को विद्यार्थी हुँदाको कुरा हो, मैले जावलाखेलको मच्छिन्द्र पार्क जाने गल्लीमा भित्र रहेको एउटा शान्त पुस्तकालय पत्ता लगाएँ । त्यो पुस्तकालयको हावामा पुरानो कागज र मौनताको एउटा विशेष आभा थियो। त्यहाँ बिताएका दिनहरू मेरो जीवनका स्वर्णिम पलहरू हुन्। त्यही शान्त वातावरणमा मेरो भेट विश्वसाहित्यका नक्षत्रहरूसँग भयो।

डिकेन्सका कथाहरूले मलाई ती अदृश्य पर्खालहरू देखाए जसलाई पछि कार्लमार्क्सले 'वर्ग सङ्घर्ष'को नाम दिए। मैले डिकेन्समा देखेको त्यो सामाजिक संरचनाको कठोरतालाई जर्ज ओर्वेलको 'नाइन्टिन एटी-फोर' (१९८४) र 'एनिमल फार्म'ले राजनीतिक नियन्त्रणको अर्को भयावह चरणमा पुऱ्यायो जहाँ विचारमाथि नै अंकुश लगाइएको थियो। समाजको यो बाहिरी सङ्घर्षबाट जब म व्यक्तिको भित्री संसारमा प्रवेश गरेँ मैले दोस्तोएभ्स्कीको 'क्राइम एन्ड पनिसमेन्ट'मा रास्कोल्निकोभको भित्री द्वन्द्व पढेँ । त्यसले मलाई नित्सेको 'अतिमानव'को अवधारणालाई व्यवहारमा बुझ्ने मौका दियो जहाँ नैतिक सीमाहरू भत्काउँदा मानिसले कस्तो मनोवैज्ञानिक मूल्य चुकाउनुपर्छ भन्ने देखिन्छ।

त्यो भित्री छटपटीको यात्राले मलाई एन्टोन चेखभका पात्रहरूसम्म पुऱ्यायो जसको मौन वेदनामा मैले अल्बर्ट कामुको 'एब्सर्ड' नायकको प्रतिध्वनि सुनेँ तर यो निरर्थकताको सबैभन्दा तीव्र र अविस्मरणीय अनुभव त फ्रान्ज काफ्काको 'द मेटामोर्फोसिस'मा भयो जहाँ ग्रेगर साम्सा एक बिहान जागा हुँदा आफैँलाई किरामा परिणत भएको पाउँछ । काफ्काको लेखनले व्यक्तिको अस्तित्व, अलगाव र औपचारिक संरचनाहरूमा फसेको मान्छेको त्यो निस्सासिएको पीडालाई चित्रण गर्दछ । चेखभका पात्रहरूको त्यो मौन छटपटीले मलाई भर्जिनिया वुल्फको चेतनाको प्रवाहसम्म पुऱ्यायो। 'मिसेज ड्यालोवे' पढ्दा मैले देखेँ कि पात्रहरू बाहिरभन्दा बढी भित्र बोलिरहेका थिए - समय, स्मृति र अस्तित्वको त्यो अन्तहीन संवादमा।

लियो तोल्सतोयका विशाल क्यानभासहरूले मलाई प्रेम, युद्ध र विश्वासका नैतिक प्रश्नहरूमा डुबाइदिए भने ओ.हेनरीका कथाहरूले साधारण मानिसको जीवनमा लुकेको

व्यङ्ग्य र करुणाको पाठ सिकाए । रवीन्द्रनाथ टैगोरको गीताञ्जलीको गीतात्मकताले अध्यात्मलाई काव्यिक बनाइदियो तर सबैभन्दा जादुमयी यात्रा त गेब्रिएल गार्सिया मार्क्वेजको 'वान हन्ड्रेड इयर्स अफ सोलिट्युड'ले गरायो । उनको म्याकोन्डो गाउँजस्तै हामी सबैको जीवनमा पनि कुनै 'आत्मिक भूगोल' हुन्छ भन्ने मैले महसुस गरेँ जहाँ समय चक्राकार घुमिरहेको हुन्छ । अध्यात्मको यही खोजले मलाई हेरम्यान हेस्सेको 'सिद्धार्थ'सम्म पुऱ्यायो जहाँ आत्मज्ञानको यात्रालाई एउटा सुन्दर र विद्रोही रूपमा प्रस्तुत गरिएको थियो ।

अन्ततः यी सबै गम्भीर र गहन यात्राहरूबाट थकित भएर जब म बाहिर निस्कन्थेँ मार्क ट्वेनका टम सोयर र हक फिनसँगै मैले मिसिसिपी नदीको छालमा स्वतन्त्रताको अर्थ खोज्ने मौका पाउँथेँ जहाँ हक फिनले समाजले बनाएका नैतिक मान्यताहरूको जङ्गलभित्र आफ्नै अन्तस्करणको दियो बालेर हिँडेको थियो । यही समयताका म साहित्यका दुई यस्ता सहयात्रीहरूको सङ्गतमा थिएँ जो अक्षरका पुजारी थिए । मेरा सहपाठी राजकुमार श्रेष्ठ र गिरी । हाम्रो साहित्यिक त्रिवेणीको आफ्नै लय थियो । गिरीसँग साहित्यका विभिन्न पुस्तकहरू खुब साटासाट गरेर पढिन्थ्यो; उसको सङ्ग्रहबाट आएको हरेक किताब एउटा नयाँ संसारको निम्तोजस्तै हुन्थ्यो । राजकुमारसँगको सङ्गत भने अझ गहिरो थियो । हामी त्यही जावलाखेलको शान्त पुस्तकालयमा दिनदिनभरि जस्तो हराउथ्यौँ अनि घन्टौँसम्म सँगै पढेपछि बाहिर निस्केर ती पात्र र विचार हरूमाथि चर्को बहस गर्थ्यौँ, मानौँ हामी आफैँ ती कथाका हिस्सा थियौँ ।

उनीहरूकै सङ्गत र प्रेरणाको मलजलले नै मैले नेपाली साहित्यको विशाल बगैँचामा प्रवेश गर्ने अवसर पाएँ । मेरो यात्रा शास्त्रीयताको परिष्कृत सौन्दर्यबाट सुरु भयो । लेखनाथ पौड्यालको 'ऋतु विचार' पढ्दा मैले पहिलोपटक नेपाली भाषाको अनुशासन र प्रकृतिसँगको लयबद्ध संवाद महसुस गरेँ । त्यही शास्त्रीयताको जगमा बालकृष्ण समको 'मुकुन्द-इन्दिरा'को करुण प्रेमले आँखा रसाए भने माधवप्रसाद घिमिरेको 'गौरी'को विलापले मुटु छिया छिया बनायो । घिमिरेका कवितामा देवकोटाको जस्तो काव्यिक उचाइभन्दा बढी लोकमाटोको सुगन्ध र सरलता थियो ।

यो शास्त्रीय छहारीबाट निस्किएर म आधुनिक विचारका आँधीबेहरीहरूमा प्रवेश गरेँ । लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन' पढ्दा मैले प्रेम र विछोडको नेपाली माटोसुहाउँदो पीडा महसुस गरेँ । त्यसले मलाई शङ्कर लामिछानेको 'एब्स्ट्र्याक्ट चिन्तन प्याज' पढ्न उक्सायो जहाँ मैले देखेँ कि नेपाली साहित्यमा पनि अस्तित्ववादी छटपटी र आधुनिक मानिसको एक्लोपनको गहिरो चित्रण छ । पारिजातको 'शिरीषको फूल'ले त मभित्रका मान्यताका जग नै हल्लाइदियो । प्रेम, जीवन र निस्सारताबारे मैले सोच्ने तरिका नै बदलियो । बी.पी.कोइरालाको 'तीन घुम्ती'ले मलाई पहिलोपटक नारी पात्रको आँखाबाट सामाजिक बन्धन र व्यक्तिगत स्वतन्त्रताको द्वन्द्व देखायो ।

मेरो साहित्यिक भूगोल काठमाडौँका गल्लीहरूमा मात्र सीमित रहेन । इन्द्रबहादुर

राईको 'आज रमिता छ' पढ्दा मैले दार्जीलिङको चिसो हावा र त्यहाँका मानिसहरूको अस्तित्वको सङ्घर्षलाई आफ्नै छातीमा महसुस गरेँ । सरुभक्तको 'पागल बस्ती'ले त मलाई यथार्थ र भ्रमको सिमानामा रहेको एउटा दार्शनिक दुनियाँमा पुऱ्याइदियो । यी सबै कृतिहरूले मलाई एउटै सत्य सिकाए कि चाहे त्यो शास्त्रीय छन्द होस् वा आधुनिक गद्य, मातृभाषाको लयमा रचिएका कथाहरू सोझै मुटुको माटोसँग संवाद गर्छन् ।

स्कुलको चौघेरा नाघेर म कलेजको प्राङ्गणमा पुगेँ । वाणिज्य शास्त्रको विद्यार्थी भए पनि साहित्यप्रतिको मेरो अनुराग कहिल्यै कम भएन । म अक्सर काठमाडौँको एनएसीदेखि न्युरोड गेटसम्मको फुटपाथमा बिछ्याइएका विचारहरूको बगरमा घण्टौँ हराउँथेँ । बागबजारको त्यो साँघुरो गल्लीमा पुराना किताबको त्यो विशेष बास्नाले मलाई सधैँ तान्थ्यो । त्यो बास्ना केवल कागज र मसीको थिएन त्यो त कैयौँ पाठकका औँलाले छोडेका कथाहरू, विचारहरू र सपनाहरूको सम्मिश्रण थियो । हरेक पुरानो किताब एउटा टाइम क्याप्सुलजस्तै लाग्थ्यो जसले मलाई विगतका पाठकहरूसँग अदृश्य रूपमा जोड्थ्यो तर यो यात्रा सधैँ सहज थिएन । सार्त्रको 'बिइङ एन्ड नथिङनेस' मेरालागि एउटा अभेद्य किल्लाजस्तै थियो । कैयौँपटक सुरु गरेँ, कैयौँपटक हार मानेँ । स्वतन्त्रताको त्यो अपार बोझको दर्शनले मलाई हप्तौँसम्म बेचैन बनायो । के हामी साँच्चै आफ्नो हरेक छनोटका लागि पूर्ण रूपमा जिम्मेवार छौँ ? यो प्रश्नले मलाई भित्रैदेखि हल्लाइदियो । फ्रेडरिक नित्सेको हथौडाले नैतिकताका पुराना मूर्तिहरू भत्काइरहेको थियो र मलाई परम्परागत 'राम्रो' र 'नराम्रो' भन्दा पर सोच्न बाध्य बनाइरहेको थियो ।

त्यही दौरानमा ओशोका किताबहरूले मेरो बौद्धिक चेतनालाई झङ्कृत मात्र गरेनन् बरु अध्यात्मको गहिरो सागरमा पनि ताने । त्यो भेटले मभित्र अध्यात्मको यस्तो भोक जगाइदियो मानौं मलाई कुनै खोजको भूतले नै सताएको थियो । त्यसपछि मेरो यात्राले एउटा नयाँ, उन्मत्त मोड लियो । मैले अध्यात्मका किताबहरू खोजी खोजी पढ्न थालेँ । मैले ओशोका नेपाली, हिन्दी र अङ्ग्रेजी भाषाका दर्जनभन्दा बढी किताबहरूमा आफूलाई डुबाएँ । मेरो खोजीले मलाई विकासानन्दका व्यावहारिक प्रवचनदेखि नारायणदत्त श्रीमालीका तान्त्रिक रहस्यहरूसम्म पुऱ्यायो । श्री साधक सत्यम, ए.सी. भक्तिवेदान्त स्वामी प्रभुपादका भक्तिमार्ग, पतञ्जलि योगसूत्रको अनुशासित साधना, स्वामी विवेकानन्दको ओजस्वी वाणीदेखि जे. कृष्णमूर्तिको प्रज्ञापूर्ण विद्रोहसम्म जे जे भेटेँ त्यसमा आफूलाई समर्पित गर्दै गएँ ।

यो वैचारिक हुरी र अनेकौँ मार्गहरूको भुलभुलैयापछि नै थियो । जब मैले श्री श्री परमहंस योगानन्दको 'एन अटोबायोग्राफी अफ अ योगी' पढ्ने अवसर पाएँ । त्यो किताब मेरोलागि हिमालयबाट बगेर आएको शीतल जलजस्तै थियो जसले सुकरातले भनेको 'आफूलाई चिन' भन्ने आदेशलाई आत्मसाक्षात्कारको मार्गमार्फत व्याख्या गऱ्यो ।

यो बौद्धिक मदिराको नशा अझै उत्रिएको छैन बरु समयसँगै यसको स्वाद र गहिराइ फेरिएको छ । मेरो पठनयात्रामा मलाई साहित्यमा

कलम चलाउन उक्साइरहने एकअर्का पथप्रदर्शक पनि छन् - मेरा प्रिय मित्र तथा अग्रज कवि विश्व सिग्देल । उनी भन्छन्, "कलममा जादू भर्न आफूलाई मनपर्ने लेखकका कृतिहरू पढ्नू । पढ्नू र पढ्नू अनि जान्नू ।" उनको यो मन्त्रले मेरो पठनलाई नयाँ उद्देश्य दियो; केवल बुझ्नका लागि मात्र होइन, सिर्जना गर्नका लागि पनि पढ्ने । तर उनको यो आग्रह केवल प्राविधिक सिपका लागि मात्र थिएन । उनका लागि पढ्नु भनेको अहिलेको कोलाहलपूर्ण र सतही समयमा मानिसले मानिस भएर आफ्नो गरिमा र स्तर कायम राख्ने सबैभन्दा शक्तिशाली माध्यम हो । उनको दर्शनमा, सिर्जना गर्नु भनेको मानवताको सबैभन्दा उच्च अभिव्यक्ति हो र त्यो सिर्जनाको जग भनेकै गहिरो पठन हो ।

यही 'जान्ने' प्रक्रियालाई अझ गहिरो र अनुशासनात्मक बनाउने काम अहिले मेरा गुरु बलराम अधिकारीको पथप्रदर्शनमा भइरहेको छ । अब मेरो पठनको स्वरूप फेरिएको छ । अबको पठन मिसेल फुकोले भनेजस्तै 'ज्ञानको पुरातत्व' उत्खनन गर्नुजस्तै भएको छ, जहाँ म लेखहरूका लागि अनुसन्धानात्मक लेख र किताबका पत्र पत्र केलाउँछु । अब म किताबका हरफहरू मात्र पढ्दिनँ ती हरफहरू पछाडि लुकेको शक्तिसंरचना, लेखकको वैचारिक झुकाव र त्यसले समाजमा पार्ने प्रभावलाई पनि केलाउँछु । फुकोले भनेझैँ 'ज्ञान कहिल्यै निर्दोष हुँदैन' । अहिलेको मेरो पठन त्यही ज्ञानको राजनीति र पुरातत्व खोतल्ने प्रयास हो । यसले मलाई प्रश्न गर्न सिकाएको छ 'यो सत्य कसले निर्माण गऱ्यो र यसले कसलाई फाइदा पुऱ्याउँछ ?' उहाँ आफैँ ज्ञानको अथाह सागरमा डुबुल्की लगाइरहनुहुन्छ र उहाँको सङ्गतले मलाई अक्षरको संसारमा हराउन मात्र होइन ती अक्षर हरूभित्र लुकेका संरचनाहरूलाई केलाउन पनि सिकाइरहेको छ । फ्रान्सिस बेकनले भनेझैँ 'ज्ञान नै शक्ति हो' तर गुरुबाट मैले यो पनि सिकेँ कि यदि त्यो ज्ञान वैराग्य (आसक्तिरहित भाव)बाट सिञ्चित छैन भने त्यो शक्ति आफैँमा एउटा बन्धन बन्न सक्छ । सुरुमा ज्ञानको नशाले मलाई संसार बिर्साएको थियो तर गुरुको सङ्गतले त्यही ज्ञानलाई संसार बुझ्ने ऐना बनाउन सिकायो । सायद यही नै वैराग्य हो । उहाँको मान्यता छ - वैराग्यविनाको ज्ञान निरर्थक छ र उहाँले आफ्नो सम्पूर्ण प्राज्ञिक र साहित्यिक साधनालाई यही अनाशक्त भावले अभिसिञ्चित गर्नुभएको छ । गुरु-शिष्यको यो सम्बन्ध सुकरात र प्लेटोको संवादजस्तै हो जहाँ प्रश्नहरूले नै उत्तरको मार्ग खोल्छन् । यो यात्रा स्नातकोत्तर तहमा उहाँ मेरो शोध निर्देशक हुनुहुँदा सुरु भएको थियो र आज उहाँको शोध सहायकको रूपमा निरन्तर छ ।

अन्त्यमा मैले बुझेँ किताब पढ्नु भनेको विभिन्न आँखाले जीवनलाई हेर्नु हो । जति धेरै किताबका संसारमा हामी डुब्छौँ त्यति नै जीवनका रहस्यका पत्रहरू खुल्दै जान्छन् । जीवनको यो अनवरत यात्रामा अक्षरहरू नै पाइला बन्छन् र ज्ञान नै गन्तव्य । सायद फ्रेन्च दार्शनिक मिसेल द मोन्तेनले भनेझैँ 'किताबहरू नै त्यस्ता साथी हुन् जो हाम्रो दुःखमा पनि हामीलाई त्याग्दैनन् ।' पठनमा नै हामी जीवनका ती अनगिन्ती रहस्यहरू फेला पार्छौँ; एकै जुनीमा हजारौँ जुनीहरूको स्वाद चाख्छौँ जुन सायद हामीले आफ्नो एउटै जीवनकालमा कहिल्यै अनुभव गर्न सक्दैनौँ ।

## ❑ चार गीत



**❖ माणिकरत्न शाक्य**

### १.

केटा- नेटो काट्ला उमेरले
ढल्की जाला जोवन
लाइहाल्नु चोखो माया
बैंसको लाली यौवन
बिताऊँ है जीवन यसैमा
रमाऊँ है जीवन यसैमा

केटी- चोखो माया साटौं अब
दु;ख सारा बिर्सौं अब
चखेवाको जोडीजस्तै
दुबै एक भएजस्तै
बिताऊँ है जीवन यसैमा
रमाऊँ है जीवन यसैमा

केटा- सिउँदो किन खालि छ
ज्यान यता हाजिर छ
रङ्ग्याइदिऊँ कि वेलैमा
दसैंको चाड मेलैमा
बिताऊँ है जीवन यसैमा
रमाऊँ है जीवन यसैमा

केटी- बैंसालु छ नयनमा
तिमी मेरो चयनमा
दुःखसुख साटौं जोवनमा
लुकामारी खेलौं यौवनमा
बिताऊँ है जीवन यसैमा
रमाऊँ है जीवन यसैमा

केटा/केटी - कसम हाम्रो साक्षी छ
साक्षी हाम्रो प्रेम छ
प्रेममा चन्द्रसूर्य छ
चन्द्रसूर्यमा अटल विश्वास छ
बिताऊँ है जीवन यसैमा
रमाऊँ है जीवन यसैमा।

### २.

सपनीमा साथ दिने तिमी मात्र भयौ
मलाई छोडी एकान्तमा तिमी कहाँ गयौ !
सपनीमा...

एकान्तमै कराउँछु म
एकान्तमै हराउँछु म
यस्तो दशा बनाएर
तिमी कहाँ गयौ !
मलाई एक्लो बनाएर
तिमी कहाँ गयौ !
सपनीमा...

जताततै खोज्छु तिमीलाई
जिउँदै छौ भनेसरि
तिम्रो यादले जलाउँछ
मलाई जिउँदै भएसरि
यो सपना हो कि विपना
तिमी के के भयौ
थाहा छैन मलाई छोडी
तिमी कहाँ गयौ !
सपनीमा...

## ३.

यो धर्तीले सुनोस्
म रोएको सधैँ
यो विश्वले देखोस्
म हाँसेको सधैँ
यो धर्तीले...
वेदना छ मनभरि
पीडा लुकाइ हाँसेको छु
आगो छ दिलभरि
आँसु लुकाइ हाँसेको छु
यो धर्तीले...
धाइते बनाइ नकोट्याऊ
छाती झन् चर्किदिन्छ
बिर्सेका ती पुराना यादहरू
गाँठो बनी बल्झिदिन्छ
यो धर्तीले...।

## ४. गीत

म बाँचेर कसकसलाई गारो भयो
म हाँसेर कसकसलाई सारो भयो
म बाँचेर...

भागूँ कहाँ भागूँ, भागेर जान सक्दिन म
बिसाऊँ कहाँ जिन्दगीलाई बिसाउन सक्दिन म
यही दोधारमा परेको छु म अहिले
आफ्नै जिन्दगी आफैँलाई मरेतुल्य भयो अहिले
म बाँचेर...

यही प्रश्नले सोध्छ मलाई बारम्बार
थाहा छैन मलाई यसको उत्तर बारम्बार
के भनेर उत्तर दिऊँ, उत्तर आफैँ हराउँछ
के भनेर प्रश्न गरूँ, प्रश्न आफैँ डराउँछ
म बाँचेर...।

*चाबहिल, सरस्वतीनगर*

## ❑ गीत



❖ **आर.एल.श्रमजीवी**

खहरेजस्तै त्यो तिम्रो मायाँ आएर गइगयो
कसरी भुलौँ ए निष्ठुरी बेहाल भइगयो
खहरेजस्तै ..

सोचेको थिएँ चल्ने छ जीवन हुने छ मधुमास
चोट दियौ मनमा घात गरेर भइगयौ बदमास
खहरेजस्तै...

गरेको बाचा खाएको कसम सपनाझैँ भइगयो
बाँचेको जुनी भइगयो खुनी हुरीले लइगयो
खहरेजस्तै ...।

*बेलायत*



❖ नमराज घिमिरे 'शिखर'

# लुतो दिवस

सुन्दै जिउ सिरिङ्ङ गर्छ
भोग्नेलाई भोग्नै पर्छ
जसको नामै लुतो
के केमा छैन लुतो
दरिद्रतामा भन्दा ठुलो
महालुतो अन्त सायदै होला
डरमाजस्तो भयानक सङ्कीर्णताको लुतो
अन्त कहाँ होला !
लुतो आफैँ यत्रतत्र सर्वत्र छरिएर
आधिपत्य जमाउन आतुर छ
जसको पहिलो निसाना
स्वस्थ शरीर नै हुँदो रहेछ
अलि अलि चिलाउन थालेकालाई
खासै चासो नदिने लुतो
नयाँ रोगीहरू बढाउने अभिनयमा
उद्दत देखिन्छ
लुतोको नियन्त्रणमा
निगरानी बढाइएको
कहीँ स्वर सुनियो भने
त्यही शरीरमा सल्किने
कुदृष्टि लिएर कुद्ने
अभिनय नै वास्तविक
लुतोको लक्ष्य हुने रहेछ
जसलाई सरुवा रोगको वर्गमा
राख्न सकिन्छ
पहिलेजस्तो
पानीसरो कुरीलो
धसिङ्गरे कुकुरडाइनो
भलायोजस्ता
वनस्पति जलाएर
अगुल्टो फालेर, नाङ्लो ठटाएर
हट्ने विश्वास थियो
हिजोआज
मानसिक लुतो
कुसंस्कारको लुतो
अहमताको लुतो
जनचेतना जगाएर
फाल्नुको विकल्प छैन
र आइन्दा दुःख नदे भन्दै
भष्टाचारको लुतो
सामन्तवादको लुतो
कुसंस्कारको लुतो
अपमानको लुतो
कुदृष्टिको लुतो फालैँ
वल्लो घरे, पल्लो घरे
वारि गाउँले, पारि गाउँले
लुतो लैजाओ
र सत्कर्मको नाङ्लो ठटाएर थाकिने
छुट छ'र ?

*बनेपा न.पा.२ घिमिरे गाउँ,*
*काभ्रेपलाञ्चोक ।*

# अनुभव र अवलोकनको सङ्गम



❖ शशी भट्टराई श्रेष्ठ

नेपालको पूर्वी पहाड ताप्लेजुङमा जन्मिएका महेशराज खरेल राष्ट्रिय वाणिज्य बैङ्कका सेवा निवृत्त कर्मचारी हुन् । २०७७ सालमा प्रकाशित उनको पहिलो कृति *'मनको किरण'* कवितासङ्ग्रहले हाम्रो परिचय गरायो । उसो त हामी दुबैको पारिवारिक चिनजान भने धेरै अघि हजुरबुबाकै पालादेखिको रहेछ । हामी दुबैका बाजेपुस्ता ताप्लेजुङको ओसेमा छँदाखेरी एउटै धाराको पानी खाएर बसेका छिमेकी हुनुहुँदो रहेछ भन्ने कुरा मलाई पछि मात्र थाहा भयो । बाजेदेखि सुरु भएको हाम्रो गाउँले नाता आज आएर तेस्रो पुस्तामा फेरि गाँसिएको छ। मूलजरोमा कत्रो शक्ति हुँदो रहेछ हेर्नोस् त ! ताप्लेजुङ भन्नेबित्तिकै यो मन बुरुक्क एकहातमाथि उफ्रिन्छ।

२०७७ मा प्रकाशित कविता-सङ्ग्रहपछि महेश दाजुको २०७९ मा फेरि अर्को किताब आयो। आत्मकथात्मक उपन्यास *'यात्रा जिन्दगीको'* । उहाँको उक्त पुस्तकले सिङ्गो ताप्लेजुङलाई बोकेको छ । टङ्कण र प्रुफ रिडिङको क्रममा दुई–तीनपल्ट नै मैले यो पुस्तक पढेँ । यी कृतिहरू आउनुभन्दा केही समयअघि पक्षघातको आक्रमणमा परेर उनको शरीरको एक पाटो नै राम्रोसँग नचल्ने भएकाले टङ्कणको कार्यमा मैले सहयोग गरेकी थिएँ। मृत्युले नजिकैबाट चिहाएर गएपछि उहाँमा एक किसिमको भय उत्पन्न भयो । त्यो थियो 'मृत्युभय' जो अवश्यम्भावी छ। उपचारपछिको प्राप्त पुनर्जीवनले मान्छे अजम्बरी हुन त नसक्ला तर जीवन समाप्त नभएसम्मको समयलाई सही सदुपयोग गर्नसकिन्छ। आफू बिरामी अवस्थामा हुँदा नै अक्षरको मृत्यु कहिल्यै नहुने रहेछ भन्ने कुराको आत्मबोध भयो महेशराजलाई । त्यो सत्य पनि हो । त्यसैकारण उनले यो फाउमा पाएको बाँकी जीवनलाई सही सदुपयोग गर्दै लेखन कार्यलाई अघि बढाइरहे। उच्च मनोबल बोकेका उनै निर्भिक महेशराज खरेललाई आज नेपाली साहित्यिक जगत्ले राम्रो लेखक भनेर चिन्दछ।

जीवनभोगाइका यथार्थ क्षण, जागिरे जीवनबाट मुक्त भएपछिको एउटा स्वतन्त्र समयको सदुपयोग र स्वयम् उनको आफ्नो जीवनमा एक्कासि देखापरेको पक्षघातको घटनापछिका यी यावत् प्रसङ्गहरू पाठकसामु ल्याउन साहित्यकै प्रमुख भूमिका रह्यो । यदि महेशराज खरेलले यी किताबहरू नलेखेका भए आज उनलाई कसैले पनि लेखकको रूपमा चिन्दैनथे होला, किताब नहुँदो हो त सायद हाम्रो पनि परिचय कहाँ हुन्थ्यो होला र !

हुनेखानेको परिवारमा समयले अचानक दुःखको आँधी मच्चाएपछि अनेक सङ्घर्षको भुमरीमा होमिएका खरेल परिवारको डरलाग्दो कथा त मैले उहाँको दोस्रो पुस्तक यात्रामा पढेकी थिएँ । दृढ मनोबल भएका मानिसलाई दुःख र कष्टले, अभाव र सङ्कटले त्यति सजिलै परास्त गर्न नसक्ने रहेछ । उनै हिम्मतिला महेशराज खरेलको तेस्रो कृति फेरि पनि हामी पाठकमाझ आइसकेको छ। **देश विदेश** नाम रहेको यो कृति चाहिँ नियात्रासङ्ग्रह हो । यसलाई ओरिएन्टल पब्लिकेसनले छापेको हो । यो सङ्ग्रहमा उन्नाइसवटा नियात्रा रहेका छन् । जीवनका सुरुवाती क्षणमा गरिएको कृषिकर्मदेखि, जागिरको खोजिका अनेकौँ चरणहरू अनि ती जङ्घारहरू पार गर्दै जागिरको अन्त्यसम्म आइपुग्दाका केही यात्राहरू उक्त पुस्तकमा समेटिएका छन् । ती उन्नाइस यात्रामा पनि *कलकत्ताको यात्रा र एआइबिइएको स्वर्ण जयन्तीमा सहभागिता, भद्रपुरदेखि खरसाङ हुँदै दार्जिलिङ, दार्चुलाको खलङ्गाबाट दिल्ली हुँदै मसुरीसम्म, डोटी सिलगढीदेखि नैनीताल हुँदै महेन्द्रनगर, भुल्न नसकिने थाइल्यान्डको रमझम,* यी वैदेशिक यात्राबाहेक अन्य सबै देशभित्र गरिएका यात्रा हुन् ।

लेखकले यात्रामा भएका कुनै पनि घटना, संवाद वा त्यो क्षणलाई कुनै पालिस नगरीकन, तथ्य नलुकाइकन, कुनै फूलबुट्टा नभरिकन जस्ताको त्यस्तै प्रस्तुत गर्नसक्नु उनको सबल पक्ष हो । यो सङ्ग्रहको 'आफ्नो *भनाइ'मा* उनले लेखेका छन् – यात्रा गर्दा केही स्थानमा आफ्नो निजी स्रोतको प्रयोग भए तापनि अधिकांशमा सरकार, बैङ्क र ट्रेड युनियनको स्रोत प्रयोग भएको छ । यसरी उनी पटक पटक आफ्नो पेसाप्रति नतमस्तक भएका छन् । राष्ट्रिय वाणिज्य बैङ्क, त्यसरी नै ट्रेड युनियन, गाउँ पञ्चायतको पहिलो जागिर, काठमाडौँ आएपछिको तथ्याङ्क विभागमा सुरु गरेको जागिर यात्राभरि लेखकलाई चिनाउने परिचयमा गनिन्छन् यी सबै ।

**सङ्लो मनका लेखक** :

एउटा सुसम्पन्न परिवार विस्तारै तहसनहस हुनपुगेपछि आफ्नो थातथलो छोडेर बसाइँ हिँड्छ । पहाडमा बाँकी रहेको आफ्नो जे जति जायजेथा बेचबिखन गरी तराई झरेका खरेलपरिवारले खेतीपाती रोजे । महेशराजलाई बेस्सरी पढ्ने हुटहुटी तर खेती कसले धान्दिने, हलो कोदालो समाउने को त ? भिन्न बस्न थालेका दुई दाजु घरदेखि टाढै थिए । उठबस गर्ननसक्ने बिरामी बुबा, साना भाइबहिनी सबै अभिभारा आमाका काँधमा चडाउन उनको मनले मानेन तर तराईको गर्मीमा खेतीकिसानी गरेर सधैँभरि बस्न पनि त्यति सजिलो त कहाँ थियो र ! तैपनि पढ्ने रहरलाई थुनछेक गर्दै त्यो मधेसको उखुम मुलुकमा उनी ६-७ वर्ष हलोकोदालो समातेरै बसे । त्यति वेलासम्ममा प्राइभेट परीक्षा दिएरै भए पनि आइए पास गरिसकेका थिए उनले । एक दिन घरसल्लाह गरेर उनले घर छोडे । आफू जन्मेहुर्केको, देखेको, जानेको ठाउँ त्यही ताप्लेजुङ पुगे उनी कतै प्राइमरी स्कुलको शिक्षक हुन पाइन्छ कि भनेर जीवन गुजाराको विकल्प खोज्दै । त्यो यात्रामा उनले लेखेको सानो टुक्रा हजुरको

लागि – *फुङलिङ बजारमा हिमाली हावाको चिसो स्पर्शले मेरो शरीर रोमाञ्चित भएको बोध गरैँ मैले । त्यस क्षण पारि खोक्लिङ, साँघु, चाँगे, हाङपाङ मलाई नै हेरिरहेका थिए । हाङदेवा पर पहिरो बनेर सुतिरहेको थियो । तोक्मे डाँडामा सैनिकहरू परेड खेल्दै थिए । यो मेरो जीवनको महत्त्वपूर्ण घुम्ती, जहाँबाट जीवनको अर्को पाटो हिँड्ने मानसिक तयारी थियो ।* धेरै ठुला-ठुला सपना बोकेका थिएनन् उनले । घरबाट पाखा निक्लने र धेरै पढ्ने, यति मात्र । पढाइलाई निरन्तरता दिन र भोको पेट पाल्नका खातिर पैसाको आवश्यकता जरुरी थियो । पैसा नभएपछि पढाइलाई थाँती राखेर उनको पहिलो प्राथमिकतामा जागिर पऱ्यो । कुनै स्कुलमा पढाउन पाइन्छ कि भन्दै घर छोडेका महेशराजले ताप्लेजुङको एउटा गाविसमा सचिवको जागिर पाए । यसरी उनको जीवनमा जागिरको सुरुवात ताप्लेजुङ जिल्लाको आङ्खोप गाउँ पञ्चायतको सचिव पदबाट आरम्भ भयो ।

मानिसका चाहनाहरू पलपल फेरिइरहन्छन् । मानिस जहिल्यै सुखको मार्गतर्फ मात्र लम्कन चाहन्छ तर सोचेकोजस्तो मात्र पनि कहाँ हुन्छ र ? उनको जीवनमा पनि दुःखसुखका उकालीओरालीहरू आइरहे । कष्टकर समयलाई पार लगाउँदै लगाउँदै उनी आङ्खोप गाविसमा आइपुगेका छन् । पञ्चायत कार्यालय प्रधानपञ्चको एउटा थोत्रो दराजमा मात्र सीमित ! उनलाई त्यो परिवेश फिटिक्कै मन परेन । फेरि उनी लामो समय खेतीकिसानीमा बसेका मानिस, आफ्नोलागि आफैँ निर्णयकर्ता, कसैको अधिनमा नरहेको, फुक्का जीवन, स्वतन्त्र शैली । जागिरे भएर, त्यो पनि मधेस घर रञ्जनीबाट हप्तौँ लगाएर पैदलै पैदल पहाडको अनकन्टार आङ्खोप गाउँ पञ्चायतको सचिव हुन कहाँ सजिलो थियो र ? पढ्ने रहरले उनलाई त्यहाँ पनि लामो समय टिक्न दिएन । यसरी जीवन चल्दैन, अझै पढ्नुपर्छ भन्ने सोचले गर्दा सात महिना जागिर खाएर उनी फेरि आफ्नै घरतर्फ लागे । आफ्ना बालाई मन पर्ने नेपाले भटमास एक पाथी र केही सौदापात खरिद गरेर उनी झरे मधेस । ताप्लेजुङबाट मेदिबुङ, देउलिङ्गेको ओरालो, तमोर दोभान, बाँजोगरा, नेसम हुँदै हिउँमा लड्दै, चिप्लिँदै, बाटोमा अरू बटुवासँग मिलेर बास बस्दै, छङ्गाछुर कहालीलाग्दो पहिरो छिचोल्दै हिँडेको हिँड्यै वसन्तपुर आइपुगेको यात्रा वर्णन पढ्दा मनै सिरिङ्ङ हुन्छ । यसरी अनेक अप्ठ्यारा छिचोल्दै उनी घर पुग्छन् । एक दुई दिन घरमा बसेर उनी लाग्छन् अलि टाढाको यात्रामा काठमाडौँसम्म । भविष्यको गोरेटो स्पष्ट नभए पनि मनमा बलेको चिरागको सानो झिल्को साथमा लिएर त्यसैको धिपधिपाउँदो उज्यालोमा उनले आफ्नो यात्रा बढाइरहे ।

यसरी उनी काठमाडौँ प्रवेश गर्नुभन्दा अगाडिको एउटा पाटो हजुरलाई सुनाउन झन्डै छुटेको । सचिव भएकै वेलामा उता पहाडदेखिकै कुरा, उनले कृषि बैङ्कमा लिखित परीक्षाका निम्ति फारम भरेका थिए । बाटोघाटोको सहजता नभएकै कारण अनेक अप्ठ्यारा छिचोल्दै धेरै दिन लगाएर विराटनगरको परीक्षा केन्द्रमा कृषि बैङ्कको जाँच दिन पुगे तर परीक्षकले थोरै ढिलो भयो भन्दै ढोकैबाट फर्काइदिए । यसरी बाटामा आइपरेका अनेक समस्याले गर्दा जाँच

दिन नपाएको बेलिविस्तारले पाठकलाई नराम्रो लाग्छ । त्यो परीक्षामा सामेल हुन नसकेपछि उनी सारै निराश भए । त्यसपछि घरमा सल्लाह गरिकन काठमाडौँमा रहेका आफन्ती भीम दाइ र लीला दिदीको डेरामा पुगे । काठमाडौँको त्यै डेरामा पहिलोपटक प्रेसरकुकर देखेको, कुकरले सिट्टी हान्दा तर्सेको, बाटाभरि मान्छे नै मान्छे देखेर छक्क परेको आदि यी सबै कुराहरू सम्भेका छन् उनले यो नियात्रामा ।

यता काठमाडौँ आएपछि जहाँ जति विज्ञापन खुल्छ, ती सबै ठाउँमा फारम भरिरहे उनले । रत्नराज्य क्याम्पसमा बी.ए.अध्ययन सुरु गरे । यसरी उनको जीवनमा एकपछि अर्को गरेर उज्याला ढोकाहरू खुल्नथाले । उनी एक ठाउँमा लेख्छन् – *म क्याम्पस पढ्न नपाएको मानिस । पढ्न पाएँ । पढ्न पाउनु नै कत्रो ठुलो अवसर थियो मेरानिमित्त । पढ्ने अवसर गुमाएर फेरि त्यो मुकाम हासिल गर्नुभनेको राष्ट्रियता गुमाएको नागरिकले फेरि राष्ट्रियता पाएझैँ को अवस्था हो, त्यो खुसी शब्दले बोक्न सक्दैन ।* काठमाडौँले महेशराजलाई पढ्ने अवसर दिलायो, जागिरे बनायो । त्यति मात्र कहाँ हो र चर्चित नेता पनि बनाएरै छोड्यो । उनी तथ्याङ्क विभागका कर्मचारी, त्यसपछि राष्ट्रिय वाणिज्य बैङ्कका कर्मचारी ट्रेड युनियन महासचिव साथै ट्रेड युनियन सङ्घका विभिन्न आन्दोलनका संयोजक पनि भए ।

जागिरे जीवनमा धेरै ठाउँ पुगेका उनी आन्तरिक लेखापरीक्षण कार्य गर्न सिमिकोट गएको यात्रा विवरण अति सुन्दर छ । मन लाग्नेबित्तिकै पुग्ननसकिने त्यस्ता ठाउँहरूको लेखले मलाई असाध्यै रोमाञ्चित पार्छ । आफ्नै देशभित्रका यस्ता दुर्गम ठाउँहरूको विस्तृत वर्णनकै कारण पनि हुनसक्छ मलाई नियात्रा विधा औधि मनपर्छ । साक्षात भगवान् प्रकट भएर मलाई वरदान माग् भनेछन् भने *नेपालका हिमाली र पहाडी मुलुक घुमाइदेऊ प्रभु* भन्छु भनेर बस्या छु । हेरौँ ! कहिले आउँछ त्यो समय ... उमेर नढल्कँदै आए हुन्थ्यो केरे ! चालिस कटेपछि बल्ल ताप्लेजुङ देखेँ, यात्रा संस्मरण लेखेर छाप्ने कहिले हो ? पत्तो छैन । यसरी पुस्तकसमीक्षा गर्दागर्दै मेरो जोवन बितेर जान लागिसको । तनाब छ हौ जीवनमा ।

अब मसँग एकै छिन आउनुहोस् सिमिकोट घुम्न जाऔँ ल । हुम्ला जिल्ला नेपालको तिब्बतसँग जोडिएको जिल्ला हो । यो जिल्लाको पूर्वमा मुगु, दक्षिणमा बाजुरा र मुगु, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत, पश्चिममा बझाङ र तिब्बत पर्दछन् । हिउँ फुलेका पहाड नाघेर नेपालको अग्लो सदरमुकाम सिमिकोट पनि पुगेका छन् लेखक भन्ने कुरो त हामीलाई थाहा भइसक्यो । घुम्न मात्र होइन, उनीहरूको टोली आन्तरिक लेखापरीक्षण कार्य गर्न नेपालगन्ज हुँदै सिमिकोट पुगेको रहेछ । सिमिकोटको मौसमी अवस्थाका कारण प्रायः आवागमन बन्द भइरहने । त्यो विकट ठाउँमा हिँडेर पुग्न पनि धेरै नै सकस । बल्लतल्ल एयरपोर्टको मौसम खुलेको भएर हवाइजहाजबाट सिमिकोटको यात्रा तय गरेछ त्यो टोलीले । उनी लेख्छन्, ' *हामी जहाजबाट उत्रियौँ । हेर्दा वरिपरि हिउँ नै हिउँका थुप्राहरू थिए । वरपर भुइँ र घरका छानामा हिउँ असरल्लै जमेको थियो । त्यहाँका*

*स्थानीय मानिसहरूले सकुसल जाडो खपिरहेको देखेर ती मानिसको चाउरिएको कालो छालाको वीरत्वले हामीलाई गिज्याएको भान हुन्थ्यो । पर्याप्त पोषणको अभावले सुकेर शरीर र छाला कलेटी परेझैँ देखिन्थे तिनीहरू। राज्यले जतिसुकै रेडियो टेलिभिजनमा विकासको अलाप गरे पनि जीवनको तल्लो तहमा यिनीहरूको जीवनस्तर हाडे बोडीको काँडाझैँ कठ्याङ्ग्रिएको प्रस्ट हुन्थ्यो ।'* हिउँ फुलेको आँगनमा अभाव र दुःखले थिलथिलो पारेका निमुखा नागरिकको आर्थिक र सामाजिक पक्षलाई यो नियात्राले थोरै भए पनि प्रस्ट्याएको छ । त्यहाँको चिसोले लेखकको निन्द्रा, भोक, प्यास सबै हराउँछ । हिमाली जिल्लाका होटलहरूमा चिसोले उब्जाएका कठिनाइका कारण सृजित अवस्थाले निम्त्याएको छट्पटी पनि यो सिमिकोटे लेखमा उनले उल्लेख गरेका छन्, *'निन्द्रा नलाग्नु छुट्टै कुरा हो । निन्द्रा लागेर पनि भाग्नु* अर्को कुरा हो। *ब्लाङ्केट गन्हाएर अघि पिएको न्यानो पदार्थ सिनित्त निलिदियो । कहिलेदेखि धोएको थिएन कुन्नि ? धोउन् पो कसरी ? धोएपछि महिना दिन सुक्नै लाग्दो हो । हावाको चिसो आद्रताले अझ चिसिँदो हो ब्लाङ्केट । कति वर्ष यसरी नै मानिसको अमिलो श्वासको उच्छ्वास पिएर हुर्किएका छन् यी ब्लाङ्केटहरू!'* रक्सी उत्रिएपछि बल्ल गन्ध चाल पाएछन् दाजुहरूले । आफैँ अनुमान लाउनोस् ल ! कति चिसो रहेछ सिमिकोट।

नेपालमा गणतान्त्रिक व्यवस्था लागू भएको यति धेरै समय बितिसक्दा पनि हाम्रो देश नेपाल बेरोजगारी एवम् भ्रष्टाचारले आक्रान्त छ। यो अवस्थामा पुऱ्याउने भ्रष्ट नेताहरू हुन् भन्ने निष्कर्ष समग्र नेपालीको जस्तै नियात्राकारको पनि छ। दार्चुलाको खलङ्गाबाट दिल्ली हुँदै मुसुरीसम्मको यात्रामा पनि लेखकले आफ्नो देशका नेता सम्झेर आक्रोश पोखेका छन्। आफ्नो र परिवारका सदस्यको पेट पाल्ने उपयुक्त विकल्प राज्यले दिन नसक्दा उब्जिएको सकसका कारण विवश नेपाली श्रमिकले अनाहकमा धेरै थोक गुमाउनुपरेको छ। यो राज्य हारेकोजस्तो निरीह र लाचार देखिन्छ। आफ्नो अस्तित्व रक्षार्थ आफैँ उठ्नुपर्छ। भत्काउनुपर्छ शोषण दमनका पर्खालहरू । निदाएको शासकको कन्सिरी उखेल्न जरुरी भएको छ देशमा। हाम्रा नागरिकले अन्य देशमा पाएको दुःखलाई नजरअन्दाज गर्ने र रेमिट्यान्सको हिसाबकिताब मात्र गरेर कहिलेसम्म बस्ने हो ? सरकारले बुझ्न जरुरी भइसकेको छ।

बैङ्ककमा दिइएको तालिमले केही हदसम्म शैक्षिक उन्नयन भएको ठहर छ लेखकको । मूलभूत रूपमा थाइल्यान्डको बैङ्कक पटैया र फुटेकको रमझम, भौगालिक अवस्था, त्यहाँका राजनीतिक एवम् केही धार्मिक सांस्कृतिक परिवेश, नेपालीको उपस्थिति, उनीहरूको व्यवसाय र भाषा साहित्यका विषयमा आफ्नै आँखाले हेर्न, देख्न र दिमागले पर्गेल्ने अवसर उपलब्ध गराएकोमा राष्ट्रिय वाणिज्य बैङ्कप्रति आभार प्रकट गरेका छन्। यसैगरी कलकत्ताको यात्रा र एआइबिइएको स्वर्ण जयन्तीमा सहभागिता जनाएका उनले कलकत्तामा भूमिगत मेट्रो चढेको, अङ्ग्रेजले भारतमा शासन गरेका बखत विकासका पूर्वाधार बनाइदिएका,

प्रशासनिक क्षमता विकास गरिदिएका कुरा पढ्दा अचम्म लाग्छ।

यो नियात्रासङ्ग्रहभित्र रहेका यी लेखहरू सबै नियात्रा हुन् या आलेख पनि मिसिएका छन् त्यो थाहा पाउन त पाठक आफैँले यो पुस्तक पढ्नुपर्ने छ। एकदुई ठाउँमा लेखकले पाठकलाई कन्फ्युजनमा पारेर छोडेका छन् जस्तै – 'गाउँको यात्रा र पानवाली बहिनीको क्यारेमबोर्ड' यो लेखमा आधासम्म नियात्रा छ फेरि अन्त्यमा कथाजस्तो भएर टुङ्गिएको छ। लेखक विभिन्न मन्दिर पुगेका लेखमा भने एउटै वाक्य बारम्बार दोहोरिएको छ – बाम विचारधारा बोकेर हिँडेका लेखक महेशराज खरेल साथीसँग विभिन्न धार्मिकस्थल पुगेका छन्, भलै उनी मन्दिरभित्र पस्दैनन् । प्रकृतिको सुन्दरतालाई दृश्यपान गर्नपुगेको भन्छन् । आआफ्नो विचारमा मान्छे हिँड्न स्वतन्त्र छ तर मन्दिर देख्नेबित्तिकै देवकोटाको "कुन मन्दिरमा जान्छौ यात्री" कविताका हरफ दोहोऱ्याइरहँदा पाठकलाई बोरिङ हुन्छजस्तो लाग्छ मलाई । पढ्दै गयो लेखक फेरि मन्दिर पुगे, अब यै हरफ लेख्छन् भन्ने कुराको आभाष पाठकलाई भइहाल्छ । पाथिभारा मन्दिर जाँदाका कतिपय प्रसङ्गहरू असाध्यै रमाइला पनि छन् । उनी लेख्छन्, *'देशविदेशबाट पाथीभारा देवीको दर्शनका निमित्त मानिसहरू आउने गर्छन् । म मेरै जन्मस्थान जिल्लाको प्रख्यात पाथीभाराको भौतिक अवस्था नहेरी फर्कने कुरा पनि भएन । हुन त म अलौकिक शक्तिप्रति विश्वास गर्ने मानिस होइन । म मेरै मनको मन्दिरको पुजारी हुँ । आस्था, अनास्था जे भए पनि आत्मिक पक्षबाहेकका अलौकिक शक्तिलाई मैले कहिल्यै मानिनँ । अरूको आस्थालाई भाँजो पनि हालिनँ ।'*

यी भनेका भिनामसिना कुरा हुन् । मलाई मन नपरेका कुरा पनि अर्को पाठकलाई मन पर्नसक्छ । किताब पढेपछि मनमा लागेको कुरा स्पष्ट रूपमा व्यक्त गर्न पाउनुपर्छ। कमी-कमजोरीलाई छोपछाप पारेर गुणगान गाउने प्रवृत्ति नमौलाओस् भन्ने लाग्छ मलाई। लेखकले यसरी आफ्ना यथार्थ र निजात्मकतालाई पाठकसामु ल्याउनसक्नु नै हर्षको कुरा हो। साहित्यकार महेशराज खरेललाई धेरै धेरै बधाइ साथै कलम निरन्तर चलिरहोस् भन्ने शुभकामना।

*तीनकुने, काठमाडौँ।*

## सर्जकहरूमा सादर अनुरोध

कृपया अन्य पत्रपत्रिका, अनलाइन पत्रिका, फेसबुक आदिमा प्रकाशनका लागि नदिइएका र कतै पनि प्रकाशित नभएका प्रकाशनयोग्य सिर्जना मात्र सम्पादनको अधिकारसहित 'शब्द-संयोजन' साहित्यिक मासिक पत्रिकामा प्रकाशनार्थ पठाउनुहुन सादर अनुरोध गरिन्छ। यस पत्रिकामा प्रकाशनार्थ पठाइएका सिर्जना अन्यत्र प्रकाशन गर्नुपर्ने भएमा सूचना दिएर मात्रै प्रकाशन गर्नुहुन हार्दिक अनुरोध गरिन्छ।

***– शब्द-संयोजन परिवार***



❖ शनी नेपाल

# देशको गौरवशाली साहित्य र संस्कृति

एसिया महादेशमा रहेको एक रमाइलो ठाउँ
भाषा र संस्कृतिले चिनिन्छ यो देशको नाउँ ।

संस्कृति हाम्रो पहिचान चाडपर्वमा झल्किन्छ
तिहारमा दियो बाल्दा सलाई सल्किन्छ ।

कला, संस्कृति, साहित्यमा छन् गहिरा कुरा
यीविना त देश नै खालि हुन्थ्यो होला पूरा ।

शब्दहरू भावनाले भरिएका छुन्छन् हाम्रो मन
सङ्गीत र साहित्य सुन्दा बग्छ प्रेमको धन ।

कवितामा लुकेको आत्माको स्वर र शब्दको लय
कविता, कथा सुन्दा त भाग्छन् मनका भय ।

पुस्तौँपुस्ताले  दिए सन्देश पालना गर्‍यौँ उनीहरूको बोली पनि
यी सन्देशको जगेर्ना गरौँ आज मात्र होइन भोलि पनि ।

हाम्रो कला, संस्कृति र साहित्य, हाम्रो साँचो शान
सबैले सम्मान गर्नुपर्छ देशको यही असल पहिचान ।

जोगाऔँ हाम्रा कलाकृति, संस्कार र इतिहास
साहित्य, संस्कृति र कलाले बनाउँछ यहाँ सुन्दर बास ।

# 'पत्रैपत्रमा तिमी' कवितासङ्ग्रहले दिएको सन्देश



❖ गायत्रीकुमार चापागाईं

फूलबरिया, सप्तरीमा वि.सं. २०१८ असोज १५ गते आमा हेम सुवेदी र बुबा शिवराज सुवेदीकी सुपुत्रीका रूपमा जन्मेकी लक्ष्मी पोखरेल विराटनगर निवासी माधव पोखरेलसँग वैवाहिक जीवनमा प्रवेश गरेपछि विराटनगरलाई नै कर्मभूमि बनाएर यहाँका सामाजिक, साहित्यिक सङ्घसंस्थासँग आबद्ध भएर निरन्तर साहित्यसाधनामा लागिरहेकी छिन् । उनलाई मैले सर्वप्रथम नारी विकास सङ्घमा भेटेको थिएँ । त्यसपछि मैले सम्पादन गरेको साहित्यिक पत्रिका 'सङ्गम अभियान'मा उनका कविता, लघुकथाहरू प्रकाशित गर्ने अवसर पनि पाएको थिएँ । उनले सञ्चालन गरेका केही कार्यक्रमहरूमा उनको उद्घोषणकला र नाटकीय प्रस्तुतिले मलाई प्रभाव पनि पारेको थियो । उनले २०७६ मा 'पत्रैपत्रमा उनी' कवितासङ्ग्रह, २०७८ मा 'तीर्थाटन' यात्रासाहित्य र २०७९ मा 'विराटनगरका कवि र कविता' नामक कवितासङ्ग्रहको सम्पादन कार्य गरेकी छिन् । दुइटा उनका मौलिक कृतिहरू हुन् भने एउटा सम्पादित कृति हो ।

संसारका सबै भाषाहरूमा अत्यधिक लेखिएको विधा कविता नै हो । कवितामा कविको अन्तरहृदयको झन्कार पाइन्छ । कुनै घटना, दृश्य या अनुभूमिले जब स्रष्टाको हृदयमा संवेदना उत्पन्न हुन्छ अनि ऊ प्रस्फुटित हुन शब्द, वाक्य, शैलीको सहारा लिन्छ । यो उसको आन्तरिक अनुभूतिलाई बाह्य प्रस्तुतिमा ढाल्दा सुन्दर कविता बन्छ । विम्ब, प्रतीक, अनुप्रासको मिलनले कवितामा आउने मिठास, गीतिलय, चेतना कविताका मूल मर्म हुन् । कविता सूत्रात्मक हुनु अत्यन्त राम्रो हो । कविले आफूले गरेका रचनाले अरूलाई प्रभाव पार्नसक्नु कविताको सामर्थ्य हो ।

बोलीमा शिष्टता, व्यवहारमा विनम्रता, वाणीमा मधुरता, चिन्तनमा गम्भीरता भएकी लक्ष्मी पोखरेललाई साहित्यकार अग्रज दधिराज सुवेदीले सकारात्मक सोच भएकी व्यक्तित्व मान्नुभएको छ । अग्रजप्रति सम्मान र अनुजप्रति सेवाभावको स्नेह बर्साउने पोखरेलको जीवनशैली प्रशंसनीय छ । उनको 'पत्रैपत्रमा तिमी' सङ्ग्रहभित्रका ३८ वटा कवितामा मानवीय संवेदनाका पक्षहरू जतातत्तै छताछुल्ल भएको पाइन्छ । आफू नारी भएकोले होला उनका धेरैजसो कविताहरूमा मातृत्व बोलेको छ, प्रेम-विछोडको पीडा सल्बलाएको छ । आफ्नो आत्मसम्मान, प्रतिष्ठा, भूगोल, चिनारी बिर्सिएर वैदेशिक रोजगारीका निम्ति परदेशिएका छोराहरूको सम्झनामा आँसुको नदी बगाएर रोइरहेका आमाहरूको चिन्ता मात्र छैन समृद्धिको सपना बाँड्नेहरूलाई चुनौतीको चेतावनी पनि मुखरित भएको छ । कुमारी

आमा अर्थात् बलात्कृत आमाबाट जन्मेका सन्तानको पीडा, मासिक धर्मजस्ता प्राकृतिक शारीरिक स्थितिलाई रुढिवादी आँखाले हेरेर छाउघरमा राख्ने अन्ध परम्पराप्रति व्यङ्ग्य तर आफू सृष्टिको निम्ति सक्षम भएको अनुभूतिमा रमाउने भ्रातृत्वको भोक त्यो विकृतिलाई चुनौती दिन सक्नु कलमको सक्षम रहेको पक्ष देखिन्छ।

त्यस्तै 'गङ्गामाया' नेपाली समाजमा प्रतीकात्मक आमा हुन् - जो आफ्नो निर्दोष छोरालाई हत्या गर्ने हत्याराको खोजीको निम्ति आमरण अनसन गरेर अस्पतालको बेडमा धेरै वर्ष सङ्घर्ष गरिरहेकी साहसी, सङ्घर्षशील आमा हुन् । तिनीलाई नै विम्बमा उनेर यसरी मारिएका पात्रहरूको खोजी हुनुपर्ने सन्देश दिन कविता शक्तिशाली भएर उभिएको छ। ' मर्माहत' शीर्षकको कविता पनि बलात्कारपछि हत्या गरिएको घटनासँग सम्बन्धित छ। आमा, मेरी आमाजस्ता कविताहरूमा पनि नारीको कोमल हृदय बोल्दछ । 'कैली' पीडित नारी पात्र हुन् जो जालझेलमा परेर सङ्गठन खोल्ने चेतनामा पुगेकी छिन् । 'अनन्ती' सडक पेटी सफा गर्ने उत्साह र जाँगर भएकी महिलालााई उभ्याएर पोखरेलले पसिनाको मूल्यबोध गराएकी छिन् । महिलाले प्रयोग गर्ने 'कुचो'लाई 'मेरी प्यारी' भन्ने कवितामा नै उन्नु सरसफाइप्रतिको महिलाको दायित्वबोध गराउने सन्देश प्रवाह गर्ने कविता हो। 'मेरो देशको अस्तित्व'मा पनि दलालले झुक्याएर बिक्री गरेका महिलाहरूको क्रन्दन मात्र छैन तिनीहरूले गरेका सामाजिक कर्तुतहरूको भण्डाफोर गरिएको छ। यस्तालाई नै सल्लाहकार बनाउने सामाजिक विकृतिप्रति गहिरो व्यङ्ग्य छ । 'पराइ गाउँ'मा बिहेपछिको नारीको पीडाको अनुभूति कोमल हृदयको स्पन्दन धड्केको पाइन्छ। ऐनमा पनि मातृत्वको चित्र कोरिएको छ।

पोखरेलले आफ्नो साहित्यप्रतिको अनुरागलाई जीवन्त राख्न सिर्जनाको मुहानलाई सुम्सुम्याई रहने, हिमनदी भएर बग्ने, छहारीको रुख भएर उभिने दृढटा व्यक्त गरेकी छिन् । उनको 'बाँझो मन' भन्ने कवितामा प्राकृतिक विम्बहरूको प्रशस्त प्रयोग भएको छ । शीर्षकीकरण गरिएको 'पत्रैपत्रमा तिमी' कवितामा पनि चेतनाको कलमले लोकतन्त्रको उज्यालो घाम लेखिरहेको चर्चा छ । सामाजिक विकृति र विसङ्गतिलाई हुण्डरी बनेर बगाउने देशका निम्ति निष्ठा र कर्तव्यलाई सम्झेर फूलको स्निग्ध पत्रमा श्रद्धापूर्वक फुलिरहने दृढ विश्वास साहित्यमय छ। 'सम्बोधन कवितालाई', 'विश्वविद्यालयको खोजीमा' भन्ने कविताहरूमा पनि कलमको कोदालाले गोडमेल गरिरहने मनभरि उत्साह भरिरहने अभिव्यक्ति सकारात्मक सोचले भरिएको छ। अझ विश्वविद्यालयको खोजीमा त द्वन्द्वकालीन निर्ममताको आँखीझ्याल देखाइएको छ। आफैँले तोडेको सम्बन्ध; हत्या, बम, बारुदबाट ध्वस्त विद्यालय, चौतारा, पुल आदिको स्मरण गर्दै, चेतनाशून्य परिस्थितिमा टोलााएका र मूल प्रवाहमा बग्ने विद्या खोजेको प्रसङ्गले पश्चातापलाई उजागर गरेको छ।

'मेरी भँगेरी' कवितामा पंक्षीप्रेम मात्र छैन भण्डारणको लोभले ग्रसित मानवले स्वच्छन्द आकाशमा उड्ने भँगेरीबाट निराशा मेट्न शिक्षा लिनसक्नुपर्ने सन्देश प्रवाह भएको छ। विषयवस्तुका हिसाबले हाम्रो भूगोल, देश,

सामाजिक रीतिस्थिति, प्राकृतिक विषमताजस्तै रोग, भोक र शोकले पीडित व्यक्तिहरूको स्थिति प्रेम-विछोड, आशा-निराशा, सहिदहरूप्रतिको सम्मान, सामाजिक विकृति र विसङ्गतिका विविध पक्षहरू कवितामा आएका छन् । देश, भाषाप्रतिको आफ्नो सम्मान, कर्तव्यबोध, जीवनबोधजस्ता नवयुगीन प्रतीक्षामा आफू रहेको कविको आग्रह निवृत्त जीवनमा पनि ऊर्जाशील बनेर साहित्यिक यात्रामा रमाउनु भन्ने देखिन्छ । शैलीका हिसाबले केही कविताहरू गजलीय शैलीलाई अपनाएर प्रेमिल अभिव्यक्तिमा रमाएका छन् । अधिकांश कविताहरू मुक्तलयको शैलीमा छन् । अनुप्रासको मिलानले र केही छोटामिठा अन्तराको प्रयोगले तिनीहरूमा गीति चेतना आएको र मुक्तकीय शैलीलाई पछ्याएको पनि देखिन्छ । जेहोस् लामा कविता छैनन् । एकै बसाइमा सरसरती पढेर आनन्द र सन्देश लिन सकिन्छ । पिकासो, तेन्जिङ, हिलारीजस्ता सांस्कृतिक वैश्विक व्यक्तिहरू र रुख, हिमनदी, फूल, डाइनोसर जस्तो प्राकृतिक विम्बलाई सजाएर कवितामा उन्ने पोखरेलको कलमले अझै शक्तिशाली रचनाहरू ल्याउन सकोस्, यही हार्दिक शुभेच्छा छ ।

'तीर्थाटन' यात्रासाहित्यमा पोखरेलले वृन्दावन, ताजमहल, एलोरा गुफा, ब्रह्मकुण्ड, सिरडी साइबाबा, बाँके बिहारीलाल, रङ्गनाथजस्ता ठाउँहरू आफूले गरेका यात्रालाई संस्मरणात्मक वृत्तान्तका रूपमा पस्केर नियात्रामय बनाएकी छन् । आफूले देखेका, भोगेका अनुभूति गरेका यस्ता यात्राले पाठकलाई पनि त्यहाँ पुऱ्याउँछन् र त्यहाँको पूर्ण जानकारी दिलाउँछन् । यस्तो कर्मले आफ्नो अनुभवलाई जीवन्त मात्र बनाउँदैन पछिका पुस्तालाई प्रेरणा पनि दिन्छ । यस्तो कर्ममा पनि यिनको हात चलिरहोस् ।

'विराटनगरका कवि र कविता' भन्ने पुस्तकको सङ्ग्रह गरेर पोखरेलले अग्रजदेखि अनुज पुस्ताका १८३ कविका प्रतिनिधि कविताहरू सङ्कलन गरेर एउटा सङ्ग्रहणीय पुस्तकका सम्पादन गरेकी छन् । यो पनि उनको महत्त्वपूर्ण कार्य हो । जन्मका आधारमा डा.पिनाकीप्रसाद आचार्यदेखि नयाँपुस्ताकी २०४९ सालमा जन्मेकी तृष्णा कार्कीसम्मका कविताहरू खोज्नु, प्रकाशन गर्नु साहित्यकै अन्वेषण हो । यस्ता सत्कर्मप्रति सचेत पोखरेल कर्तव्यबोध, दायित्वबोध, जिम्मेवारीबोध गर्ने शान्तिदूत नै हुन् । विश्वासको इन्द्रेनीको माला र शान्तिदूतको प्रमाण-पत्र यिनले पाइरहुन् । हार्दिक कामना । शुभमस्तु ।

**हार्दिक श्रद्धाञ्जली**



**रामहरि शर्मा 'शराह'**
निधनः ३ असार २०८२

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।**

**शब्द-संयोजन परिवार**



❖ डा. बमबहादुर थापा 'जिताली'

# सोझो सपना : बाङ्गो बिपना

(छन्द : असारे/झ्याउरे)

आचारजस्तो विचार हुन्छ, विद्या र वंशको
विचारजस्तो शिवको हुन्छ, हुँदैन कंशको
सिर्जेर सङ्लो सरिता सफा, मर्स्याङ्दीसरिको
बाङ्गो र टिङ्गो सङ्गीत सिङ्गो सुन्दछु चरीको।

कल्पनानदी कल्कल गरी उर्लेर आउँछ
मनको चरी उडेझैँ गरी कुर्लेर गाउँछ
कसरी रोकौँभैँ हुन्छ मेरो कल्पना उर्लेको
जता म जान्छु पाउँछु मैरै बिपना कुर्लेको।


शिवको पुञ्ज देखूँ म भन्छु अनौठो देख्तछु
सत्यमा शिव लेखूँ म भन्छु सिलौटो लेख्तछु
चनौटो कतै, घनौटो कतै, बलौटो भेट्दछु
कुरीतिप्रति झटारो हानी तिर्सना मेट्दछु।

देखिन्छ कतै उज्यालो थोरै अँध्यारो धेरै छ
देखेको कुरा समेटी पूरा लेख्ने काम मेरै छ
अँध्यारोपछि उज्यालो हुने दोसाँध पर्खिन्छु
उज्यालो खोज्दा नभेटेपछि म फेरि झर्किन्छु।

बाँसुरी रन्को सुनेर फन्को मार्ने छ रहर
अलकापुरी चढेर धुरी हेर्दै छु सहर
व्यङ्ग्यमा बाङ्गो तरङ्ग उठ्छ दनक दिउँजस्तो
थपेर नौलो प्रसङ्ग जुट्छ पहरा पिउँजस्तो।

खरायो खेल्ने, जरायो चर्ने जङ्गल देखिन
मुरलीजस्तो मङ्गल ध्वनि सुरिलो भेटिन
बजाई बाजा, ऋतुका राजा, नाचेको भेटिन
सजाउँ भने सपना कुनै सुकिलो देखिन।

*नागार्जुन न.पा.-१, रानीवन, काठमाडौं*



❖ ध्रुवकृष्ण ताम्राकार

१

भो नसुनाऊ पीडाका गीतहरू
मानिसले अँगालेका रीतहरू
जताततै स्वार्थका पात देख्दा
रसिएर झर्छन् दुःखका शीतहरू ।

२

आँसु नझरे पनि मुटु त जलेकै छ
मायामा मलाई निष्ठुरीले छलेकै छ
ठिकै छ सहेरै बसेको छु म आजसम्म
तिमी नभए पनि जिन्दगी त चलेकै छ ।

३

एकोहोरो रटानले आफ्नो अहम् भरिदैन
कुरा काटेर मात्र तर्कको इनार भरिदैन
देउताको पाठ नसिकाऊ असुरको राज्यमा
सादर नै किन जहाँ आदरको कदर गरिँदैन ।

४

जिन्दगी पनि सतहजस्तै सरेर जान्छ
सायद इच्छा पनि सुस्त सुस्त मरेर जान्छ
को कहाँ थिए अनि को आफ्ना नै थिए
सँगै हिँड्ने छाया नि अँध्यारोमा हरेर जान्छ ।

५

फलाम हुँ म औजार बनेर रमिएको छु
सुनको टुक्रा हुँ गहना बनेर सजिएको छु
अहम्‌को ताजमा गरमको कुनै तुक छैन
ममा म छैन बस् नरम बनेर बसेको छु ।

६

खुलेरै यहाँ मनमा तर्कले सार गर बरु म सहन्छु
मैदान या रणभूमिमा सामुन्ने वार गर बरु म सहन्छु
मन पर्दैन मलाई पिँठ्युपछाडि छुरा चलाउनेहरू
मन्जुर छ है मेरो कमजोर हार गर बरु म सहन्छु ।

७

हरेक बिहान नित्य अँध्यारो सारेर नै आउँछ
हरेक सुनको चमक आखिर खारेर नै आउँछ
मुस्किल पनि सङ्घर्षका पर्याय हुन् भुल्नुहुन्न
हरेक सुख सन्तुष्टि हो उज्यालो बालेर नै आउँछ ।

८

डुब्नै लागेको घाम हुँ म एक टक साँझलाई हेरिरहेँ
निमेषभरमै अँध्यारो मडारिन्छ बस् कोल्टे फेरिरहेँ
सायद जिन्दगी जिउने बहानामा मुटु छामेरै होला
आगोको लप्का छातीमा सेकेर पनि यो मन बेरिरहेँ ।

९

आकाशमा उड्ने चरो आकाशमै भुरभुराउँछ
हिलोमा फुल्ने कमल सुगन्धमै कति मगमगाउँछ
हामी जहाँ जे छौँ सन्तुष्टि र तृप्तिमा हिँड्नुपर्छ
जहाँ धैर्य छ, आशा छ निराशा त्यसै डगमगाउँछ ।

१०

सायद उनी आँखामा सधैँ रहेर होला सपना कति चलेथ्यो
चौतारीमा बसेर उनकै प्रतीक्षामा साँझ कति कटेथ्यो
निदौरो कति भोक प्यास हराए यसरी नै जुनी बित्ने हो कि
भन्देऊ बटुवा कहीँ भेटे सम्झनामा यो ज्यान कति जलेथ्यो ।

*पनौती, बनेपा*

❑ कविता

# 'म'का सपनाहरू



❖ सुनील पुरी

सृष्टिक्रम चलिरहन्छ
कविताका हरफहरू
क्रमशः क्रमशः
परिवर्तनको युगसँगै
परिवर्तन हुन्छन्
जीवात्मा भएका जीवहरू
युगका वागमा !
'म'का आकृतिहरू
जीवन खोजिरहन्छन्
जीवत्वप्राप्तिका लागि
जबसम्म
म रहन्छ 'म'भित्र
म बाँचिरहन्छु
म हाँसिरहन्छु
म नाचिरहन्छु
मेरो अस्तित्वको आँगनमा
मेरो कविताको भावमा
म निष्प्राण, निर्जीव
अर्थात् 'म'को सारथि
'म'मा लतारिन्छु
खोक्रो आदर्शका यी
आकृतिहरू
आदर्शका युद्ध गर्छन्
अस्तित्वका कुरा गर्छन्
यो भूगोलमा
युगौंदेखिका सपना बोकेर !

*जाउलाखेल, ललितपुर ।*

❑ गजल



❖ विनोद के. सी.

तिमी अर्कैकी हौ प्रिय खबर पाएँ मैले
जानी जानी गऱ्यौ केके खबर पाएँ मैले ।
दोष दिँदै समयको बदलिएकी तिमी हौ
सबैभन्दा पहिले खबर पाएँ मैले ।
मेरो बारे नानाथरि हल्ला गऱ्यो कसले
त्यसैले मौन छौ भन्ने खबर पाएँ मैले ।
माया प्रेम बाँडीचुँडी खाने समान हैन
तिमीले त बाँड्यौ अरे खबर पाएँ मैले ।

*हालः दोहा कतार*

# राष्ट्रवाद, सुप्रिमो र पराकम्प

❖ वासुदेव अधिकारी

राष्ट्रवाद प्रत्येक राष्ट्रका लागि निकै चासो र महत्त्वको विषय हो । यसको अर्थ र कर्ममा गहनता छ । राष्ट्र निर्माणको चरणमा यो जति महत्त्वपूर्ण छ, राष्ट्रको उन्नयन र विकासको चरणमा पनि यो त्यत्ति नै महत्त्वपूर्ण छ । राष्ट्र इतिहास, भूगोल, संस्कृति, मूल्य आदिको समुच्च अस्तित्व हो । राष्ट्र जनताको एकीकृत अस्तित्व हो, जनताको एकीकृत मनोभूगोल हो । यसको भौतिकभन्दा अभौतिक रेखाङ्कन गाढा हुन्छ । यो मानव सभ्यताको विशिष्ट उपज हो । राष्ट्र सभ्यताको प्राप्ति हो, जनताको शक्तिको स्रोत हो । जनता निःसृत शक्तिको सही उपयोगले विश्वका धेरै मुलुक उम्दा राष्ट्र बनेका छन् । ती मुलुकमा आशा र सम्भावनाको खेती लहराएको छ ।

हिजो राष्ट्रहरू बन्थे, भत्किन्थे । अहिले त्यो गति निकै शिथिल छ । बन्नुपर्ने राष्ट्र बनिसके, भत्किनुपर्ने पनि धेरै भत्किसके तथापि राष्ट्रको सीमा र सङ्ख्या थपघट हुनसक्छ । राष्ट्र भावनात्मक सम्पदा भएकाले त्यो नहुनुको पीडा प्यालेस्टाइनीलगायतका जनताले भोगेका छन् । बनिसकेका, अस्तित्वमा आइसकेका राष्ट्र कायम रहनसके विश्वमा यो निहुँमा द्वन्द्व कम हुन्छ । सीमाका सन्दर्भमा द्वन्द्व नहुने वा कम हुने मुलुकका जनता खासमा भाग्यमानी जनता हुन् । त्यसो त राष्ट्रमा सीमाका सन्दर्भमा मात्र द्वन्द्व हुँदैन । आन्तरिक व्यवस्थापन, उन्नयन र विकासमा राष्ट्र अघि बढ्न सकेनसकेको, राष्ट्रलाई त्यसरी अघि बढाउन सकेको वा नसकेको सन्दर्भमा निर्वाचन वा अन्य समयमा समीक्षा हुन्छ । समीक्षामा चर्का कुरा बिक्छ । चर्कै कुरामा ताली लाग्छ । तालीमा सम्भावनाको चहक र आगलागीको झुरा चकमक दुबै हुन्छ ।

सबैजसो क्षेत्रमा वैकल्पिक योजनाको उद्घोष नयाँ युगको सुरुवात हो । नयाँ युग निर्माणको सपना आम मानवीय चाहना हो । त्यस चाहनाले नयाँ नायक खोज्छ । राजनीतिक सन्दर्भमा नयाँ नायक समाजले, राष्ट्रले खोज्ने हो तर विडम्बना, नयाँ नायक सबै ठाउँमा जनताले खोज्न पाउँदैनन् । कतिपय वेला जनताको बिचबाट अरू रणनीतिक शक्तिले नायक खोजिदिन्छन् । त्यो कुरा जनताले चालै पाउँदैनन् । खुला र कनेक्टेड विश्वमा यो प्रथा मौलाउँदो छ । कहिलेकाहीँ जनताले छानेका नायक रणनीतिक शक्तिको एम्बुसमा पर्छ वा झोलीको देउता बनिदिन्छ । त्यो कुरा पनि हामी हत्पति चाल पाउँदैनौँ । जब चाल पाउँछौँ त्यति वेला मुलुक ती शक्तिको रछान भइसक्छ । विश्वका धेरै ठाउँमा 'सुप्रिमो' उदयको यस्तै यस्तै कथा सुन्न पाइन्छ । 'सुप्रिमो' सपना बेचेर शक्ति आर्जन गर्ने सबल नाटक मञ्चन हो । यसको जगमा राष्ट्र निर्माणको सपना र योजना हुन्छ ।

यहाँ प्रसङ्ग राष्ट्रवादको छ । राष्ट्रवाद राष्ट्र बनाउने अवधारणा हो, जिम्मेबार र चिन्तनशील खेल हो । यसको महत्ता शब्दमा व्यक्त हुनसक्दैन । देशभक्ति यसको

उच्च रूप हो । राष्ट्रवाद राष्ट्र बनाउने खेल भए पनि अचेल यो खेल भ्रेलपूर्ण तबरले खेल्न थालिएको छ । भ्रेलयुक्त खेलमा चतुर खेलाडीले इमान्दारलाई पछि पार्छ । अहिलेको व्यावसायिक युगमा चतुर खेलाडीलाई द्रव्यले वशीभूत पार्छन् । सद्रव्य चतुरे अघि लागेपछि अरूको केही लाग्दैन । जनतालाई राष्ट्र बनाउने खेल मन पर्छ, मन पर्नु स्वाभाविक पनि छ तर खेलमा अपवादमा बाहेक इमान्दार व्यक्तिले विजय हासिल गर्न कठिन हुँदै गएको छ । यो निराशा होइन धेरै अंशमा यथार्थ हो । कम विकसित मुलुक भ्रेलयुक्त खेलको केन्द्र बन्दै छन् । त्यसो त आलोपालो विकसित मुलुकमा पनि यस्ता भ्रेल वा स्टन्टले मान्यता पाउन थालेको देखिन्छ । फलतः शक्ति र सनक, आवेग र महत्वाकाङ्क्षाबाट ग्रसित राजनीतिले राष्ट्रवादको सफा अनुहारलाई छोप्दै छोप्दै लगेको छ । यही तुँवालोबाट ठाउँ ठाउँमा आँधीहुरी बोकेका 'सुप्रिमोहरू' उदाउँछन् । रमाइलो यो छ, सुप्रिमोहरू उदाएपछि अस्ताउन जान्दैनन् ।

सुप्रिमोहरू राजनीतिक दलमा छन्, धेरैजसो मुलुकका शासन सत्तामा छन् । ती मुख्यतः शक्तिशाली राष्ट्रका कुर्सीमा बिराजमान छन् । शक्तिराष्ट्रको अग्लो कुर्सीमा बिराजमान सुप्रिमोहरू शान्त, सहिष्णु, उदार र समभ्रदार हुनसके विश्व शान्त हुन्थ्यो, मानवीय द्वन्द्व कम हुन्थ्यो तर विडम्वना ! अहिले ठुला राजनीतिक कुर्सीमा मानवीय संवेदना शून्यप्रायः छ । ती कुर्सी संवेदनाहीन मात्र छैनन् धर्तीको बढ्दो तापमानमा थप तातो खन्याउने धुनमा लिप्त पनि छन् । तिनलाई कसैले औँलो ठड्याउँदा दुख्छ तर अरू देशका नागरिकको रक्तप्रवाहमा पटक्कै दुख्दैन । अरू अरू सबसुप्रिमोलाई उक्साउनु, सन्काउनु र आफ्नो दास बनाउनु तिनको मूल धर्म हो । हतियार बिक्री, अरूको सम्पत्तिमा दखल तथा हैकमको विस्तारमा तिनीहरू गद्गद् हुन्छन् । बमबारुद आदिको आबाज र धुवाँले तिनलाई छुँदै छुँदैन ! लाग्छ, 'उनीहरू आफ्ना हतियारले, आफ्ना दासले कति प्राण लिन सफल भए' भनी गन्दै बस्छन् । लाशको बिस्कुन तिनको सफलताको चुरो हो ।

सुप्रिमो अरूको योग्यता र प्रगति देख्न सक्दैन । ऊ आफैँलाई श्रेष्ठ ठान्छ, आफैँलाई सर्वेसर्वा मान्छ । आफ्नो मुलुकको पहिलो नजरमा ऊ राष्ट्रवादी देखिए पनि ग्लोबल सन्दर्भमा उसले प्रभुत्ववादी चरित्र प्रदर्शन गर्छ । ऊ सर्वत्र आफ्ना हनुमान हुर्काउन चाहन्छ । हनुमान पाल्न सकेपछि लङ्का जलाउन आफू जानुपर्दैन । मिथभैँ वर्तमानमा पनि सुनको सहर बनाउने पात्रभन्दा त्यही सहर खरानी बनाउने पात्र देवताको रूपमा पुजिइहाल्छ । वाह मिथ, वाह वर्तमान ! मलाई यस्ता कथा सुन्दा, कृत्य देख्दा घिन लागेर आउँछ । यसो भनिरहँदा, यस्तो देखिरहँदा संसारका असल नेता र नीतिप्रति भने सम्मानभाव जाग्छ । नेताभन्दा पनि आआफ्नो विषयक्षेत्रमा लागिपर्ने व्यक्तिले नै अहिलेको विश्वमा निराशाको अन्धकार चिरेका हुन् । स्वप्नशील र कर्मशील ती व्यक्तिप्रति नमन नै नमन ।

सुप्रिमोको गर्जनको पहिलो ध्वनि राष्ट्रवाद हो । तिनमा पद वा सत्तामा बस्ने र सिँगौरी खेल्ने लत बसेको हुन्छ । खासमा नेता राष्ट्रवादी हुन विनापूर्वाग्रह आम जनता चिन्तनको केन्द्रमा हुनुपर्ने हो । त्यस्तो हुँदैन । सुप्रिमोको शासनको परिमितिमा जनताभन्दा अरू केन्द्रमा, नीतिभन्दा खुराफात न्युक्लियसमा हुन्छन् । कमै सुप्रिमोले विचौलिया र शक्तिपीठलाई इग्नोर गर्ने गर्छन् ।

अहिले एक सुप्रिमोले चलाएको करआतङ्क यसको ज्वलन्त प्रमाण हो । राष्ट्रवादको नाममा हाल सञ्चालित करआतङ्कले सुप्रिमोको मुलुकमा वस्तु तथा सेवा निर्यात गर्ने मुलुक मात्र प्रताडित छैनन् उसकै जनता झन् बढी पीडित भएका छन् । करले सरकारको ढुकुटी भरिए पनि त्यो ढुकुटी जनताले महँगोमा सामान किनेको रकमबाट भरिएको छ । जनता चुस्नु र ढुकुटी भर्नुलाई खाँटी राष्ट्रवाद भनी अर्थ्याउन सकिएला त ? अरूले सो काम गरेको भए त्यो जनद्रोह हुन्थ्यो, त्यस शासकलाई निरङ्कुश भनिन्थ्यो । सुपर सुप्रिमोले गरेपछि त्यो बहादुरी भयो ! अहिले आर्थिक मन्दी निम्त्याउने गरी विश्वको त्यस मुलुकको भण्डारमा जनता चुसेको रकम चुलिएको छ । त्यहाँका जनता अकल्पनीय महँगीको चपेटामा छन् । विश्व अर्थव्यवस्था सनकसिर्जित प्रकोप सहन विवश छ । गजब छ लूटको संसार, गजब छ बित्यास निम्त्याउने राष्ट्रवाद !

विश्वमा थरिथरिका सुप्रिमो छन्, तिनका थरिथरिका चरित्र छन् । पृथक् पृथक् सुप्रिमो, पृथक् पृथक् अवतार ! यसो हेर्दा प्रारम्भमा सुप्रिमो प्रकाशतुल्य लाग्छ । जब ऊ कुर्सीमा विराजमान हुन्छ ऊ आगोमा परिणत हुँदै जान्छ । सुप्रिमोहरू आफ्नो स्वार्थअनुकूल व्यक्तिका लागि खुँदो व्यक्तित्व हुन्, आलोचकका लागि खरानीप्रदायक । हुन त तिनले व्यक्तित्व निर्माणको चरणमा जोखिम मोलेर सही र देख्खल निर्णय पनि गरेकै हुन्छन् । समयक्रममा तिनले त्यही इतिहास भजाउँछन् र अरूको स्पेस कब्जा गर्दै जान्छन् । तिनमा क्रमशः दम्भ भरिन्छ । सत्तामोहबाट तिनी प्रदूषित हुँदै जान्छन् । सुप्रिमोलाई खुलापनमा सकस हुन्छ, वैचारिक विमर्शमा पटक्कै चाख हुँदैन । उसमा आफू सामान्य नागरिक हुनुपर्ला भन्ने भयले बास गरिरहन्छ ।

नयाँ नायकको खोजी समुदायको अधिकार हो । नायक खलनायकमा परिणत हुन, तिनीहरू जेलेन्स्की भएर उदाउनु, पुटिन भएर देखा पर्नु, ट्रम्प बनेर गर्जिनु, नेतान्याहु भएर मृत्युको खेती गर्नु मानवताको चरम उपहास हो । तिनले गरेको विकास र विनाश जोख्दा, उमारेको आशा र निराशा केलाउँदा शाान्ति र समृद्धि चाहनेको हृदय दुख्छ ।

सुप्रिमोको कार्यको असर सामान्यतया व्यापक हुन्छ । एकपटक आएको भुइँचालो पराकम्पको रूपमा फेरि फेरि आइरहेजस्तै तिनको कर्मको असर फैलिँदै फिजिँदै जान्छ । तिनले राम्रो काम गरे न हो पराकम्पको असर सकारात्मक हुने ! अन्यथा असर नकारात्मक हुन्छ । राष्ट्रिय, क्षेत्रीय वा वैश्विक सुप्रिमोले मानवता पढ्नुपर्दैन ? तिनले सहिष्णुता जान्नुपर्दैन ? अरूप्रतिको सम्मानभाव विकास गर्नुपर्दैन ? नागरिक सिध्याएर गरिने युद्ध, भाडाको मानिस तथा गिफ्टेड हतियार लिएर गरिने युद्धको उपलब्धि आँकलन गर्नुपर्दैन ? त्यो गर्दैनन्, गरेका छैनन् ! आफ्नो वा अरूका जनता मारेर प्राप्त हुने उपलब्धि, भरिने ढुकुटी कसरी फलदायी मात्र हुनसक्छ ?

सुप्रिमो-कार्यका नकारात्मक असर पराकम्पको रूपमा फैलिने सन्दर्भमा बहुरूपी, बहुरङ्गी सुप्रिमोहरूलाई पर परबाट मात्र होइन आफ्नै भूगोलबाट पनि चेतावनी दिनु, प्रतिवाद गर्नु आवश्यक छ । तिनको दम्भको सिङ नफुकाली मानवतामाथि खेलिने सिँगौरी कम हुनसक्दैन । त्यसको लागि हाम्रा विचार, सिर्जना र शब्द सूक्ष्म हतियार बन्न सक्छन् ।

# बजारमा कृति




कृति : व्यङ्ग्यविनोदी कथाहरु


सङ्कलक/सम्पादक: माणिकरत्न शाक्य

विधा : हास्यव्यङ्ग्य कथासङ्ग्रह

प्रकाशक : भुँडीपुराण प्रकाशन

प्रकाशन वर्ष : २०८१

मूल्य : रु.४५०।-




कृति : प्रणाम सगरमाथा

लेखक : भवानी खतिवडा

विधा : नियात्रासङ्ग्रह

प्रकाशक : पेज टर्नर प्रा.लि., काठमाडौँ

प्रकाशन वर्ष : २०८१

मूल्य : रु.५९०।-




कृति : अखबार

लेखक : गङ्गा कर्माचार्य पौडेल

विधा : लघुकथासङ्ग्रह

प्रकाशक : नमस्ते आधुनिक लघुकथा मन्च, चितवन।

प्रकाशन वर्ष : २०८१

मूल्य : रु.२५०।-




कृति : साहित्य संवीक्षण

लेखक : डा.फणीन्द्रराज निरौला

विधा : समालोचनासङ्ग्रह

प्रकाशक : युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठान, काठमाडौँ

प्रकाशन वर्ष : २०८१

मूल्य : रु.५००।-

# साहित्य सन्ध्याको ४६५ औं मासिक कविगोष्ठी सम्पन्न




२०८२ साउन ३ गते शनिबार अपराह्न १ बजे आर.आर.क्याम्पस, प्रदर्शनीमार्गमा साहित्य सन्ध्याको नियमित मासिक ४६५ औँ शृङ्खलामा 'बालसाहित्यमा प्रविधिको प्रयोग र त्यसको प्रभाव' विषयमा परिचर्चा गरियो र विशेष कविगोष्ठी गरी सम्पन्न गरियो । सन्ध्याका अध्यक्ष राम विनयको अध्यक्षता र सचिव जयन्ती स्पन्दनको सञ्चालनमा सम्पन्न भएको उक्त समारोहमा विशिष्ट अतिथिका रूपमा प्रा.डा.ध्रुवकुमार घिमिरे र कार्तिकेय घिमिरे उपस्थित हुनुहुन्थ्यो भने अतिथिहरूमा युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठानका अध्यक्ष डा.फणीन्द्रराज निरौला, राष्ट्रिय जनसाहित्यिक सङ्घ नेपालकी अध्यक्ष नर्मदेश्वरी सत्याल डा.राजेन्द्रप्रसाद अधिकारी, देवीप्रसाद घिमिरे, डा.गोविन्दप्रसाद आचार्य, चिन्तामणि सिवाकोटी, खेमराज निरौला, गङ्गा कर्माचार्य पौडेल, प्रलेस ललितपुरका सचिव मिसन अधिकारी, बैरागी जेठागायतको उपस्थिति रहेको थियो ।

कार्तिकेय घिमिरेले र प्रा.डा. ध्रुवकुमार घिमिरेले 'बालसाहित्यमा प्रविधिको प्रयोग र त्यसको प्रभाव' विषयमा चर्चा गर्नुभएको थियो ।

समारोहमा ओमप्रसाद कोइराला, प्रवीण जोशी, गोपाल नेपाल, बैरागी जेठा, डा.मनोज जोशी, शनि नेपाल, खेमराज निरौला, कुमार नेपाल, तिलप्रसाद न्यौपाने, महेशराज खरेल, बलराम विष्ट, कृतिका श्रेष्ठ, डा.राजेन्द्रप्रसाद अधिकारी, पोष चापागाईँ, नर्मदेश्वरी सत्याल, नवराज श्रेष्ठ, देबु लुइटेल, डा.फणीन्द्रराज निरौला, दीनेशराज खरेल, कार्तिकेय घिमिरे, गङ्गा कर्माचार्य पौडेल, चिन्तामणि सिवाकोटी, यदुनाथ वसन्तपुरे, डा.गोविन्दप्रसाद आचार्य, प्रशान्त खरेल, गोपालकुमार मैनाली, देवीप्रसाद घिमिरे, अर्जुन अन्योल र जयन्ती स्पन्दनले आआफ्ना कविता, गीत, गजल वाचन गर्नुभएको थियो भने वाचित रचनामाथि समीक्षा प्रा.डा.ध्रुवकुमार घिमिरेले गर्नुभएको थियो ।

सभाध्यक्ष राम विनयले २०३९ पुस २ गते बुधवारदेखि नेपाल ल क्याम्पसबाट साहित्यका माध्यमबाट सामाजिक रूपान्तरण अभियानको अगुवाइ गरिरहेको साहित्य सन्ध्याका बारेमा चर्चा गर्दै उपस्थित सबैलाई हार्दिक धन्यवाद दिएर समारोहको समापन गर्नुभएको थियो ।



# सुशासन नै अराजकता न्यूनीकरणको पहिलो सर्त हो

❖ प्रा. केशव सुवेदी

साहित्य सन्ध्या अविश्रान्त यात्रा गरिरहेको जीवन्त एवम् क्रियाशील साहित्यिक संस्था हो । आजको यो गोष्ठीमा 'वर्तमानमा देखिएको अराजकता र त्यसको समाधान' विषयमा बहस गर्ने कार्यक्रम राखेको छ। अराजकता भनेको शासनव्यवस्था नमिलेको अवस्था, अनुशासनहीनता, छाडापन, सत्ताराजनीतिको अव्यवस्था; सामाजिक, आर्थिक तथा राजनीतिक अवस्थामा नकारात्मक प्रभाव पार्ने गतिविधि आदि भन्ने बुझिन्छ । राजनीतिशास्त्रीका लागि उपयुक्त रहेको आजको विषयमा साहित्य, संस्कृति तथा दर्शनको विद्यार्थी आफू उभिएको र आजको विषयका सन्दर्भमा पूर्वीय मान्यता अर्थात् पूर्वीय ज्ञानपरम्पराको अनुसरण गर्न नसकिएको अवस्था आज हामी भोगिरहेका छौँ। पूर्वीय विद्वानहरू अरिस्टोटल, शुक्राचार्य, मनु, चाणक्य, विदुर, महाभारत आदि ज्ञानपरम्परा हाम्रा अमूल्य निधिका रूपमा रहेका छन्। साथै सामाजिक सञ्जालले सिकाएका केही राम्रा पक्षहरू पनि रहेका छन् । पूर्वीय मात्र होइन पाश्चात्य समाजले पनि अराजकताका बारेमा व्याख्या गरेको पाइन्छ र समाधानका निम्ति पर्याप्त अनुसन्धान भएका छन् । हाम्रो हिमवत्खण्डमा विकसित ज्ञानपरम्परा, पश्चिमा समाजका अवधारणा तथा पश्चिमा समाजले निर्धारण गरेका अराजकता न्यूनीकरणका मान्यता सबैलाई मिलाएर हेर्ने हो भने पनि कुशासन हुँदा दुःख बढ्ने र सुशासन हुँदा सुख बढ्ने भन्ने नै मान्यता रहेको पाइन्छ। शासनको अनुपस्थिति नै अराजकता हो । स्वतन्त्रताका नाममा उत्पन्न अराजकताले समाजलाई सत्यानाश गर्दछ। शासनसत्ता सुशासनको धर्मबाट च्यूत हुँदा अराजकता उत्पन्न हुन्छ। जहाँ न्यायपूर्ण समाज हुन्छ त्यहाँ सुशासन हुन्छ। शासनका आदर्श र मर्यादा नाघेपछि मत्स्यन्याय पैदा हुन्छ । निष्ठामाथि आक्रमण गर्ने, सुशासन हराउने र पूर्वीय ज्ञानपरम्परा भत्किने अवस्था वर्तमानमा देखिइरहेको छ!

फिरङ्गीहरू वा अङ्ग्रेजले शासन गरेपछि इन्डियालाई भारत भनिएको र दर्शन, चिन्तनलाई भारतीय भनी जोड्ने गलत परम्पराको थालनी भएको मात्र होइन नेपाल भनेको भारतको शाखा हो भन्ने गलत भाष्य सिर्जना गरिएको हो तर पूर्वीय ज्ञानपरम्पराको थालनी हाम्रो मुलकबाट भएको तथ्यले पुष्टि गरेका छन् । शासनको अभाव भनेको नैतिकताको समाप्ति

पनि हो। मानव स्वयम् पशुतुल्य अवस्थामा पुग्ने भएकाले दृढ र न्यायपूर्ण समाजको स्थापनाका माध्यमबाट अराजकता समाप्त गर्नसकिन्छ भन्ने नै पूर्वीय तथा पाश्चात्य मान्यता रहेको पाइन्छ। पश्चिमाहरूले पनि कानुनी शासनको अभाव, आर्थिक सङ्कट, राजनीतिक मतभेद, साम्प्रदायिकता, भ्रष्टाचार, अविश्वास र सूचनाको दुरुपयोगले अराजकताको सिर्जना हुने भएकाले त्यसलाई न्यूनीकरण गर्न शक्तिशाली र जबाफदेही सरकार स्थापना गर्ने, गरिबी, अभाव र विभेद हटाउने, राज्यसत्ताले चनाखो भएर कार्यसम्पादन गर्नुपर्नेमा नै जोड दिएका छन्।

समकालीन नेपालमा अराजकताका कारणहरूमा २०४६ सालमा आन्दोलनका माध्यमबाट प्रजातन्त्रको स्थापना भएपछि दलहरूको अस्वस्थ र अस्वभाविक प्रतिस्पर्धाले, २०५२ पछि विद्रोहले, २०६२/६३ पछि पनि त्यसका उपलब्धिको रक्षा गर्दै सुशासन दिनुका अलावा अस्वस्थ प्रतिस्पर्धा हुनु, घोषणापत्रका कुरा कागजमै मात्र सीमित हुनु, अपरिमित प्रतिबद्धता जाहेर गरिनु, समाजलाई देखाइएका सपना पूरा नहुनु, अवैध अवैध धन्दाबाट नवधनाड्यवाद मौलाउनु र नवधनाड्यावादले नै राजनीतिमा सोझो एवम् खतरनाक हस्तक्षेप गर्नु, दलाल वर्गको प्रभाव सबैतिर पुग्नु, अधिकारसम्पन्न कानुनको निर्माण गरिएका भए पनि तिनको प्रयोगभन्दा बढी दुरुपयोग हुनु, कर्तव्यप्रति सदैव उदासीन हुनुले पनि अराजकता भित्र्याएको पाइन्छ । अवसरको खोजीमा लिप्त पढेलेखेका कथित सहरिया स्वार्थी वर्ग नै अराजकतामा समर्पित भएर लागेका देखिन्छन् ! राजनीतिक मूल्यका प्रति घृणा, कुण्ठा पोख्ने अनि त्यस्तैका समाचारलाई प्राथमिकता दिने, उछाल्ने राज्यको चौथो अङ्ग सञ्चार माध्यम पनि अराजकता निम्त्याउने वर्गमा परेको देखिन्छ। जनसाधारणको पनि चेतनाको स्तर बढेको नपाइएको र कथित बौद्धिक भनिएकाले पनि गलत सूचनाका आधारमा धारणा बनाउने गरेको पाइएको, आफैँलाई सर्वज्ञ ठान्ने र मैमत्त प्रवृत्ति देखाउने, विश्लेषणको सामर्थ्यको अभावमा 'रे'मा विश्वास गर्ने, राजनीतिज्ञका बिचमा चिन्तनको अभाव, मुलुक निर्माणमा साझा चिन्तन तथा प्रयत्नको अभाव, नेता होइन नीति ठुलो भन्ने आदर्शलाई बिर्सेर गुट ठुलो, परिवारवाद ठुलो मान्ने, कथनी र करणीमा तालमेल नै नहुने आदि आदि कति हो कति कुराले अराजकता पैदा भएको देखिन्छ। यी यावत अराजकताको न्यूनीकरणका लागि सुशासन पहिलो सर्त हो, नागरिकको सचेतना, कुप्रचारको नियमन, हरेकले पालना गर्नुपर्ने कर्तव्यका प्रति सचेत पार्ने र दण्डनीतिमा कडाइ गर्ने कार्यको इमानदार प्रयत्न गरिनु नितान्त आवश्यक छ। आजको यो बहसमा समसामयिक विषय छनोट गरिएको र आफ्ना धारणा राख्ने अवसरले आफूलाई गौरवान्वित अनुभुति भएको छ।

*रमेश पोखरेल (प्रा.केशव सुवेदीले साहित्य सन्ध्याको ४६२ औँ शृङ्खलामा व्यक्त गर्नुभएको मनतव्यमा आधारित)*